# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२०

पू

र्णा

ङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

५ वर्ष ४ अङ्क

[इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—

गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक–

धनवज्र वज्राचार्य

(संशोधन–मण्डलद्वारा)

सहयोगीहरू—

रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची

पृष्ठ

१. लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय —धनवज्र वज्राचार्य २७३–२८३

२. प्रताप मल्ल र पृथ्वीनारायण शाह —गौतमवज्र वज्राचार्य २८३–२९३

३. वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत —शङ्करमान राजवंशी २९४–३०१

४. वीर भक्ति थापा —महेशराज पन्त ३०१–३०५

५. अप्रकाशित ६ वटा ऐतिहासिक पत्रहरू —दिनेशराज पन्त ३०६–३२८

६. ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना —देवीप्रसाद भण्डारी ३२९–३३६

७. प्रतिसंस्कृत सर्वानन्दकरण —नयराज पन्त ३३७–३४१

८. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप —रामजी तेवारी ३४१–३४५

# लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय

—धनवज्र वज्राचार्य

अंशुवर्मा र उनीपछिका लिच्छविकालका शासक तथा प्रजाका अभिलेखमा परेका एकथरी संवत्का अङ्कको निर्णय पहिले गरिसकिएको छ । अब मानदेवको चाँगुको अभिलेख र त्यसभन्दा पछिका अरू अभिलेखमा देखिएका अर्कोथरी संवत्का अङ्कको निर्णय यहाँ दिदैछु ।

चाँगुको मानदेवको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क छ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृ.) । त्योभन्दा बायाँतिरको अङ्क असी हो (पूर्णिमा ४ पूर्णाङ्कको १० पृ.) । त्योभन्दा बायाँतिरको अङ्कको निर्णय गर्नुपरेको छ ।

प्राचीन पद्धतिको अङ्क लेखाइमा 'अ' ले १०० लाई बुझाउँथ्यो; 'अ' मा एक मात्रा जोडेपछि २०० लाई बुझाउँथ्यो । 'अ' मा ४ को अङ्क जोडी ४०० लेखिन्थ्यो । यसै गरी 'अ' मा ५ को अङ्क जोडी ५००, ६ को अङ्क जोडी ६०० लेखिन्थ्यो । (पूर्णिमा ४ पूर्णाङ्कका ९–१० पृ.) । अङ्क लेख्ने यस शैलीको विचार गर्दा 'आ' मा अर्को एक मात्रा जोडिएको उपर्युक्त अङ्क ३०० हो भन्ने थाहा पाइन्छ । यस कारण यहाँको संवत्को अङ्क ३८६ हो । मानदेवका र उनका पालाका अरू अभिलेखका संवत्को विचार गरी हेर्दा पनि यसको टुङ्गो लाग्छ । ३८६ देखि शुरू गरी ३९९ सम्मका र अनि लगत्तै ४०२,४१३,४१९,४२५,४२७का मानदेवका पालाका अभिलेख पाइन्छन् । यसबाट पनि चाँगुको अभिलेखको शतस्थानी अङ्क ३०० हो भन्ने सिद्ध हुन्छ ।

लाजिमपाटको मानदेवको पालाको नरवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क आठ हो । ('पूर्णिमा' ७ पूर्णाङ्कको २ पृ.) त्यसभन्दा बायाँतिरको अङ्क असी हो । त्यसभन्दा बायाँतिरको अङ्क 'अ' मा दुइ मात्रा जोडिएको हुनाले 'तीन सय' हो । यस कारण यहाँको संवत्को अङ्क ३८८ हो ।

लाजिमपाट र तिलगङ्गाको मानदेवको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृ.) त्योभन्दा बायाँतिरको अङ्क असी हो । त्योभन्दा बायाँतिरको अङ्क 'तीन सय' हो । यस कारण यहाँको संवत्को अङ्क ३८९ हो ।

लाजिमपाटको मानदेवकी रानी क्षेमसुन्दरीको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको अङ्क नब्बे हो । (पूर्णिमा ४ पूर्णाङ्कको १० पृ.) । त्योभन्दा बायाँतिरको अङ्क 'तीनसय' हो । यस कारण यहाँको संवत्को अङ्क ३९० हो ।

विशालनगर टुँडालदेवीको मन्दिरको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृ.) त्योभन्दा बायाँतिरको अङ्क नब्बे हो । त्योभन्दा बायाँतिरको अङ्क 'तीनसय' हो । यस कारण यहाँको संवत्को अङ्क ३९७ हो ।

देउपाटनको मानदेवको पालाको रत्नसङ्घको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क नब्बे हो । त्योभन्दा बायाँतिरको अङ्क 'तीन सय' हो । यस कारण यहाँको संवत्को अङ्क ३९९ हो ।

पशुपति पञ्चदेवलको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क दश हो । (पूर्णिमा ७ पूर्णाङ्कको ३ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'अप्क' हो । 'प्क' ले चारलाई बुझाउँथ्यो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृ.) सयलाई बुझाउने 'अ' मा ४ लाई बुझाउने अङ्क जोडिएको हुनाले 'अप्क' = ४०० हो । यस कारण यहाँको संवत्को अङ्क ४१० हो ।

पशुपतिको मानदेवको पालाको जयलम्भको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क तीन हो। (पूर्णिमा ७ पूर्णाङ्कको २ पृ.) । त्योभन्दा बायाँतिरको अङ्क दश हो। त्योभन्दा बायाँतिरको अङ्क 'अप्क'=चार सय हो । यस कारण यहाँको संबत्को अङ्क ४१३ हो ।

लाजिमपाटको मानदेवकी रानी गुणवतीको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४१९ हो ।

पलाञ्चोकको मानदेवको पालाको विजयस्वामिनीको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृ.) त्योभन्दा बायाँतिरको अङ्क बीस हो । (पूर्णिमा ७ पूर्णाङ्कको ४. पृ) । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४२५ हो ।

चाँगुको मानदेवको पालाको निरपेक्षको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । त्योभन्दा बायाँतिरको अङ्क बीस हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४२७ हो ।

सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । त्योभन्दा बायाँतिरको अङ्क बीस हो । त्योभन्दा बायाँ-तिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क पनि ४२७ हो ।

थानकोट आदिनारायणको मन्दिरको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क आठ हो । त्योभन्दा बायाँतिरको अङ्क बीस हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४२८ हो ।

पाटन बाहालुखाको वसन्तदेवको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । त्योभन्दा बायाँतिरको अङ्क तीस हो । (पूर्णिमा ४ पूर्णाङ्कको १४ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४३५ हो ।

जैसीदेवलको वसन्तदेवको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । त्योभन्दा बायाँतिरको अङ्क तीस हो । त्यो-भन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क पनि ४३५ हो ।

किसिपिडीको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क चालीस हो । (पूर्णिमा ४ पूर्णाङ्कको १४ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४४९ हो ।

पाटन खपिंछेंको वसन्तदेवको पालाको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क दुइ हो । (पूर्णिमा ७ पूर्णाङ्कको १ पृ.) त्योभन्दा बायाँतिरको अङ्क पचास हो । (पूर्णिमा ४ पूर्णाङ्कको १४ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४५२ हो ।

पशुपति आर्यघाटमा रहेको सूर्यमण्डल कहिने शिलाको अभिलेखमा[1]—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क दुइ हो । त्योभन्दा बायाँतिरको अङ्क पचास हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क पनि ४५२ हो ।

---

१. श्रीरेनिइरो नोलीले यो अभिलेख ८७ संख्याको रूपमा तल लगेर छपाउनुभएको छ । यसको परिचयमा 'संवत् नभएको अभिलेख' भनी उहाँले लेख्नुभएको छ । तर यस अभिलेखमा संवत्को अङ्क स्पष्ट देखिन्छ । मूल अभिलेखबाट यसको पाठ पढ्दा नोलीले पढ्नुभएकोभन्दा बढी पढ्न सकिएको छ । यसबाट तात्कालिक इतिहासमा अलिकता प्रकाश पारेको छ । यस कारण हामीले पढेको पाठ यहाँ दिइएको छ—

**१. ऊँ संवत् ४५२ ... ... सव्र्वदण्डनायकपादानुध्यातो (ध्यातेन) ब्राह्मणपुण्यगोभिना स्वपुण्याप्यायनाय पानीयशिला स्थापिता-धान्यपिण्डक मा—**

एक पङ्क्तिको यो सानो अभिलेखमा राजाको उल्लेख परेको छैन । तर यो अभिलेख कुँदाउनेले आफूलाई 'सर्व्वदण्डनायकपादानुध्यात=सर्वदण्डनायकका पाउको अनुग्रह पाएको' भनी लेखेका छन् । यहाँ उल्लिखित सर्वदण्डनायक रविगुप्त हुन् । संवत् [illegible] देखि [illegible] सम्मका

चौकीटारको वसन्तदेवको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क चार हो । त्योभन्दा बायाँतिरको अङ्क पचास हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४५४ हो ।

बलम्बु पासिख्यको वसन्तदेवको अभिलेखमा—

सवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क चार हो । त्योभन्दा बायाँतिरको अङ्क पचास हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको पनि संवत्को अङ्क ४५४ हो ।

पशुपति भस्मेश्वरको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । त्योभन्दा बायाँतिरको अङ्क पचास हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४५५ हो ।

---

अभिलेखमा सर्वदण्डनायक रविगुप्त शक्तिशाली सहायक शासकका रूपमा देखापर्छन् । (पूर्णिमा ११ पूर्णाङ्कको १० पृ.) यस ताका गद्दीमा लिच्छवि राजा वसन्तदेव थिए । तर शासनको बागडोर वसन्तदेवका हजुरिया यी रविगुप्तको हातमा थियो । यसै हुँदा यस अभिलेखमा 'भट्टारकपादानुध्यात' नभनीकन 'सर्वदण्डनायकपादानुध्यात' भनी लेखिएको देखिन्छ । यसरी तात्कालिक अवस्थाको अलिकता झलक यस अभिलेखबाट पाइन्छ ।

साँखु दुगाहिटीको वामनदेवको पालाको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको अङ्क साठी हो । (पूर्णिमा ४ पूर्णाङ्कको १५ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४६० हो ।

पशुपति वत्सलादेखि पश्चिमपट्टिको आभीरीको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क दुइ हो । त्यो-भन्दा बायाँतिरको अङ्क साठी हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४६२ हो ।

मृगस्थली जाने बाटोको रामदेव र क्रमलीलको पालाको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । (पूर्णिमा १४ पूर्णाङ्कको १०५ पृ.) । त्योभन्दा बायाँतिरको अङ्क साठी हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४६७ हो ।

हाँडिगाउँको मानदेवकी छोरीका छोरा भारविको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क दुइ हो । त्योभन्दा बायाँतिरको अङ्क सत्तरी हो । (पूर्णिमा १९ पूर्णाङ्कको १८४–८५ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४७२ हो ।

फर्पिङ कोटालटोलको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क सत्तरी हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क ४७९ हो ।

काठमाडौं ब्रह्मटोलको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क सत्तरी हो । त्योभन्दा बायाँतिरको अङ्क 'चार सय' हो । यस कारण यहाँको संवत्को अङ्क पनि ४७९ हो ।

चौकीटारको गणदेव र भौमगुप्तको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क दुइ हो । त्योभन्दा बायाँतिरको अङ्क असी हो। त्योभन्दा बायाँतिरको अङ्क चार सय हो । यस कारण यहाँको संवत्को अङ्क ४८२ हो ।

देउपाटन त्यागलटोलको गणदेव र भौमगुप्तको पालाको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । त्योभन्दा बायाँतिरको अङ्क असी हो । त्योभन्दा बायाँतिरको अङ्क चार सय हो । यस कारण यहाँको संवत्को अङ्क ४८७ हो ।

चपलीगाउँको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क असी हो । त्योभन्दा बायाँतिरको अङ्क चारसय हो । यस कारण यहाँको संवत्को अङ्क ४८९ हो ।

पाटन शङ्खमूल सिकुबहीको अभिलेखमा—

सवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । त्योभन्दा बायाँतिरको अङ्क नब्बे हो । त्योभन्दा बायाँतिरको अङ्क चार सय हो । यस कारण यहाँको संवत्को अङ्क ४९५ हो ।

बूढानीलकण्ठनिरको शिवदेव र भौमगुप्तको पालाको अभिलेखमा—


सवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क दुइ हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो। त्योभन्दा बायाँतिरको अङ्कको निर्णय गर्नुपरेकोछ । झ्वाट्ट हेर्दा यो अङ्क 'अ' लाई दुइ मात्रा दिइएको ३०० लाई बुझाउने अङ्क हो कि जस्तो देखिन्छ ।

यसै हुँदा श्रीसेसिल बेन्डालले भक्तपुर गोलमाढीटोलको शिवदेव अंशुवर्माको अभिलेख छपाउँदा त्यहाँको यस्तै अङ्कलाई ३०० पढेका थिए[1] । तर यो अङ्कलाई तीन सय पढ्यौं भने ऐतिहासिक क्रम बिग्रन जान्छ । फर्पिङको माथि उल्लिखित संवत् ४७९ को अभिलेखमा र त्यसपछिका चौकीटारको संवत् ४८२ को अभिलेखमा, देउपाटनको संवत् ४८७ को अभिलेखमा, चपलीगाउँको संवत् ४८९ को अभिलेखमा सर्व्वदण्डनायक महाप्रतिहार भौमगुप्तको उल्लेख परेको छ । बूढानीलकण्ठनिरको माथिको अभिलेखमा पनि भौमगुप्तको पूर्ववत् उल्लेख आएको छ । यसबाट उपर्युक्त अभिलेखको संवत् ५१२ हो, ३१२ होइन भन्ने स्पष्ट छ । मानदेवका ताकाका अभिलेखमा ५०० लेख्दा सयलाई बुझाउने 'अ' मा ५ लाई कहने अङ्क जोडिएको स्पष्ट देखिन्छ । (पूर्णिमा ४ पूर्णाङ्क ९ पृष्ठ हेर्नुहोस्) । तर पछि त्यसो नगरी अ र ५ लाई कहने अङ्कको संयुक्ताङ्क रूपको उपर्युक्त किसिमको ५०० को अङ्क प्रचलित भएको देखिन्छ ।

५०० लाई कहने यस्तो अङ्कको प्रचलन भारतका अभिलेखमा पनि पाइन्छ । नासिकको गुफाको एउटा अभिलेखमा 'पञ्च शतानि' भनी अक्षरमा लेखी अङ्कमा पनि 'पाँच सय' लेख्दा यस्तै किसिमको अङ्क लेखिएको छ । (एपिग्राफिया इन्डिका ८ भागको ८८ पृष्ठ हेर्नुहोस् ।) यताबाट पनि उपर्युक्त अङ्क पाँच सय हो भन्ने कुराको पुष्टि हुन्छ ।

पाटन च्यासलटोलको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५१५ हो ।

पाटन भीमसेनस्थानको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क छ हो । (पूर्णिमा १४ पूर्णाङ्कको १२४ पृ.) । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५१६ हो ।

भक्तपुर गोलमाढीटोलको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क ६ हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५१६ हो ।

---


१. 'ए जर्नी अफ् लिटरेरी. यॉन्ड् आर्किओलोजिकल् रीसर्च् इन् नेपाल यॉन्ड् नर्दर्न इन्डिया' को ७२ पृ.

धर्मस्थलीको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५१७ हो ।

बूढानीलकण्ठको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क पनि ५१७ हो ।

सतुङ्गलको···र अंशुवर्माको अभिलेखमा—

संवत् 


यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५१९ हो ।

टोखाको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । त्योभन्दा बायाँतिरको अङ्क दश हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क पनि ५१९ हो ।

धरमपुरको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क बीस हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५२० हो ।

खोपासीको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क बीस हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क पनि ५२० हो ।

धापासीको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको अङ्क छ हो । त्योभन्दा बायाँतिरको अङ्क बीस हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५२६ हो ।

लेलेको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क छ हो । त्योभन्दा बायाँतिरको अङ्क बीस हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क पनि ५२६ हो ।

कान्तिपुर ज्याबहालको अभिलेखमा—

संवत् 

यहाँ दायाँतिरको पछिल्लो अङ्क पाँच हो । त्योभन्दा बायाँतिरको अङ्क तीस हो । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो । यस कारण यहाँको संवत्को अङ्क ५३५ हो ।

★

# प्रतापमल्ल र पृथ्वीनारायण शाह

—गौतमवज्र वज्राचार्य

प्रतापमल्ल कान्तिपुरका एक प्रसिद्ध मल्ल राजा हुन् । वि. सं. १६९८ देखि वि. सं. १७३१ सम्म उनले राज्य गरे[1] । अनेकन् विषयको शिक्षा पाएको छु भनी उनी प्रख्यापन गर्दथे,

१ इतिहास–संशोधनको प्रमाणप्रमेयका ६१–६२ पृष्ठ र ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको २८ पृष्ठ हेर्नुहोस् ।

संस्कृतमा कविता बनाउँथे । नाचगानमा उनको सोख थियो । रङ्गशालामा नर्तकको रूपमा उनी आफै उत्रन्थे । मुगल बादशाहको जस्तो पोशाक उनी लाउँथे[1] ।

पृथ्वीनारायण शाह गोरखाली राजवंशका प्रसिद्ध राजा हुन् । वि. सं. १७९९ देखि वि. सं. १८३१ सम्म उनले राज्य चलाए[2] । उनी साधारण पढेगुनेका थिए । नाचगान उनको प्रियवस्तु थिएन । च्याँगा पाँगा लाई उनले राज्य बढाएका थिए[3] ।

यसरी प्रतापमल्ल र पृथ्वीनारायणको देश, काल, शिक्षा र रुचिमा कत्ति पनि समानता देखिंदैन । नेपालको इतिहासमा दुवै व्यक्तिको प्रसिद्धि छ, दुवै राजा विजिगीषु थिए, आफआफ्नो राज्यकालमा दुवैले भोटमा आफ्नो देशको व्यापार बढाएका थिए[4] । यिनै एक दुइ कुरामा मात्र प्रतापमल्ल र पृथ्वीनारायणको समानता देखा पर्दछन् ।

पाटन र भक्तपुरका राजालाई परास्त गरी ती दुइटै राज्य आफ्नो देशमा मिलाउने प्रतापमल्लको ठूलो इच्छा थियो । ती दुइ छिमेकी राज्यमा उनले धेरै पटक आक्रमण गरे तापनि उनको सो इच्छा सफल हुन सकेन[5] । परन्तु पृथ्वीनारायण शाहले काठमाडौं पाटन

---

१. उनको तस्वीर र सालिकबाट यो बुझिन्छ । पूर्णिमा ४ पूर्णाङ्कमा उनको तस्वीर छापिएको छ । मुगलबादशाहको तस्वीरको लागि जयचन्द्र विद्यालङ्कारको 'भारतीय इतिहासका उन्मीलन' को ५०४ पृष्ठ हेर्नुहोस् ।

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ६५४, ९२४–२५ पृष्ठ हेर्नुहोस् ।

३. यो कुरा उनको उपदेशको यस वाक्यबाट बुझिन्छ—

"हामीले च्यागापांगा लाई तिन सहर नेपाल र नौलाष् किरायत र हिन्दुपतिको राज आर्ज्य-थ्येउ."

...४. ...कूतिखासाकिरमिति सहसा भोटभूपस्य देशाज्जग्राह...

[प्रतापमल्लको वि. सं. १७०५ को कृष्णमन्दिरको अभिलेखबाट]

(प्रतापमल्लले भोटका राजाको राज्यमा पर्ने कूती, केरुङ, खासा जित्नुभयो ।)

"राजा प्रतापमल्लले भीममल्लकन वकील गरी उत्तरापन्थ राज्य गर्नाको मनसुवा गरी पठाउँदा...भीममल्ल मन्त्री पनि मुलुक सर गर्दै भोट जाई...राजाको बहुतै सोझो गरी शहरमा महाजनहरू राखी कोठीहरू वनियाँ कहलाई भोटान्तरमा माहजन पठाई आफु पनि ल्हासामा जाई व्यापार गराई सुनचाँदीका धारा गरी नेपाल ल्याया."

(भाषावंशावलीबाट)

पृथ्वीनारायण शाहले भोटमा आफ्नो व्यापार बढाएको कुरा उनका पत्रहरूबाट ज्ञात हुन्छ । "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" का ९६६–७३,१०४२–४७ पृष्ठ हेर्नुहोस् ।

५. "इतिहास–संशोधनको प्रमाणप्रमेय"का ६३–६४, पृष्ठ इतिहास–संशोधन ५१ संख्या, पूर्णिमा २ पूर्णाङ्कका ११,१२ पृष्ठ, ६ पूर्णाङ्कका ३२–३५ पृष्ठ हेर्नुहोस् ।

भक्तपुरका यी तीन मल्लराज्य र मकवानपुर चौदण्डी विजयपुर यी तीन सेन राज्यमा आफ्नो आधिपत्य जमाए[१]। यसरी उनले नेपालराज्यको एकीकरण गर्ने कामको जग बसालेर गए। उनको अन्त्यपछि गोरखालीहरूले उनको नीतिको अनुसरण गरी उनले थालेर गएको कामलाई पूरा गरे। पृथ्वीनारायणको योजना सफल भयो। यसरी नेपालको इतिहासमा प्रतापमल्ल एक असफल व्यक्ति र पृथ्वीनारायण शाह एक सफल व्यक्तिको रूपमा देखा पर्छन्। प्रतापमल्ल किन असफल भए, पृथ्वीनारायण शाह किन सफल भए, पृथ्वीनारायणको विचार तथा कार्यपद्धतिमा के विशेषता थियो भन्ने कुरा नेपालको इतिहासमा रुचि लिने हामी सबैले बुझ्नु आवश्यक छ।

पृथ्वीनारायणको विजय केवल सैनिक विजय थिएन। नेपाल उपत्यकामा आक्रमण गर्नुभन्दा अगाडि उनले अनेक उपायद्वारा त्यहाँका निकै बासिन्दाहरूलाई आफ्नो पक्षमा मिलाउने काम गरेका थिए[२]। परन्तु बलियो मनःस्थिति भएका व्यक्तिलाई आफ्नो पक्षमा मिलाउनु संभव हुँदैन। विचारधारा आदर्श आदि यिनै कुराबाट मानिसको मनःस्थिति बन्दछ। परम्परा वा परिपाटीको अङ्ग त्यसमा बढी महत्त्व हुन्छ। यस कारण पृथ्वीनारायणले सोझै प्रतापमल्लको हातबाट कान्तिपुर राज्य लिएका होइनन् तापनि मल्लवंशको पतन किन भयो र शाहहरूको उत्थान किन भयो भन्ने विषयमा विचार गर्न यी दुई राजाको विचार तथा कामकार्रवाइको तुलना गरेर हेर्नु आवश्यक छ भन्ने संझी यो लेख प्रस्तुत गरेको छु।

प्रतापमल्लको विवाह कुचविहारका राजा वीरनारायणका दुइ छोरी रूपमती र अनन्तप्रियासँग भएको थियो। उनले कुचविहारका राजकुमारीसँग भएको यस विवाहसम्बन्धबाट आफूलाई गौरवान्वित संझेका थिए। यो कुरा उनका अभिलेखहरूबाट थाहा हुन्छ। उनका अनेक अभिलेखमा आफ्नो वंशावली मात्र होइन कि रानीहरूको वंशावलीको पनि वर्णन लेखिएको पाइन्छ। आफ्ना रानीहरू र ससुरालीको प्रशंसा त्यसमा गरिएको हुन्छ। जस्तै—

> "आस्ते काप्यमरावतीव विलसद्दन्तीन्द्रदिव्यांगना–
> युक्ता स्वर्णमयी विहारनगरी सा राजधानी परा।
> श्रीमत्श्रीकमताधिकामरुपतेरिन्द्रेण तुल्यस्य च
> प्रत्यर्थिव्रजनिर्जितस्य नरयुन्नारायणस्यापि च॥।
> लक्ष्मीनारायणस्तस्माद्वीरनारायणस्ततः।
> पुत्री रूपमती तस्य प्राणनारायणः सुतः॥
> सेयं रूपमती सती गुणवती स्वर्गद्युतिः सन्मति-
> र्म्मार्यत्कुंजरगामिनी प्रणयिणी साक्षात् परा रुक्मिणी।

---

१. "श्री ५ पृथ्वीनारायण शाह" को उपदेश' का ८७७–८०,८८०–८२, ८८७–९३,८४३–५२,९१४–१९ पृष्ठ हेर्नुहोस्।

२. "श्री ५ पृथ्वीनारायण शाह" को उपदेशका ९३४–५३,९९०–१००१,१०१९–२३, १०५७–६० पृष्ठ हेर्नुहोस्।

आसीत्सर्व्वगुणस्थितेर्न्नरपतेः श्रीमत्प्रतापस्य सा
पत्नी प्राणसमा यथा जलनिधेः पुत्री जगत्पायिनः ।।"

[प्रतापमल्लको वि. सं. १७०५ को कृष्णमन्दिरको अभिलेखबाट । यो अभिलेख पं. भगवानलाल इन्द्रजीद्वारा 'इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल' मा र शङ्करमान राजवंशी,ज्ञानमणि नेपाल द्वारा संस्कृत-सन्देश १।३ मा छापिएको छ ।]

(असल असल हात्ती र अप्सरा जस्ता सुन्दरीहरूले झकिझकाउ भएको स्वर्ग जस्तो संपन्न विहारको कुनै शहर छ । त्यो ठूलो शहर शत्रुहरूलाई जितेका इन्द्र जस्ता कमतपुरका[1]··· (?) राजा नरनारायणको राजधानी हो । नरनारायणका छोरा लक्ष्मीनारायण, लक्ष्मीनारायणका छोरा वीरनारायण, वीरनारायणकी छोरी रूपमती, छोरा प्राणनारायण हुनुभयो । पतिव्रता, गुण भएकी, रास्री, बुद्धिमती, मदमत्त हात्तीको जस्तो हिंडाइ भएकी, रुक्मिणी जस्ती, मायालु ती रूपमती विष्णुको लक्ष्मी जस्तै सर्वगुणसंपन्न राजा प्रतापमल्लकी प्राणप्यारी रानी हुनुभयो । ]

"श्रीजलपीशचरणस्मरणशमितशमनभय सकलकलाविलासमयकमताधराधिप समस्तप्रक्रियाविराजमान वानरध्वज श्रीमत्विहारमहानगरनायक नरपति महाराजाधिराज श्रीश्रीनरनारायण थ्वयान पुत्र महाराजाधिराज श्रीलक्ष्मीनारायण थ्वयान पुत्र महाराजाधिराज श्रीश्रीवीरनारायण थ्वयान पुत्र महाराजाधिराज श्रीश्रीप्राणनारायण थ्वयान केहे राजकुमारी श्रीश्रीरूपमतीदेवी थ्वयान केहे राजकुमारी श्रीश्रीअनन्तप्रियादेवी थ्वह्म महारानि महाराजाधिराज भूपकेशरी श्रीकवीन्द्रजयप्रतापमल्लदेवस पत्नी...

या पत्नी श्रीप्रतापक्षितिपतितिलकस्यानुरूपा सुरूपा,
येषा वङ्गाधिपस्य प्रबलरिपुहरस्याद्वितीया सुकन्या ।
सैषानन्तप्रियाख्या त्रिभुवनविदिता रूपपुण्याभिजात्यै
प्रासादस्य प्रतिष्ठां सुरनरसुभगां दिव्यलग्ने विदध्यात् ।।"

(प्रतापमल्लको वि. सं. १७१३ को स्वयम्भू अनन्तपुरको अभिलेखबाट । अभिलेख-संग्रह तेस्रो भागका १७–१८ पृ. मा यो प्रकाशित भएको छ ।)

[श्रीजलपीश(?)को सेवाले कालको डर हटेका, सारा कलाकौशलले झकिझकाउ भएको कमतपुरका राजा सबै राजलक्षणले सुहाएका, झण्डामा हनूमान् भएका, विहार महानगरका अगुवा, महाराजाधिराज श्रीश्रीनरनायण हुनुभयो । उहाँका छोरा महाराजाधिराज श्रीश्रीलक्ष्मीनारायण,

---

१. 'उपर्युक्त श्लोकमा भनियेको कमतपुरको ध्वंसावशेष कुचविहारमा अद्यावधि छ । यही कमतपुरको राज्य पछी विहार राज्यका नामले प्रसिद्ध भएको हो । उत्तर भारतको विहार सँग नामको समानता पृथक् गर्न यसलाई कोच वा कुचविहार भनेको हो किन भने यो विहारमा कोचहरूको राज्य स्थापित भयेको थियो ।

(सूर्यविक्रम ज्ञवालीको 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'को १५५ पृष्ठबाट)

लक्ष्मीनारायणका छोरा महाराजाधिराज श्रीश्रीवीरनारायण, वीरनारायणका छोरा महाराजाधिराज प्राणनारायण उहाँकी बहिनी राजकुमारी श्रीश्रीरूपमतीदेवी, उहाँकी पनि बहिनी राजकुमारी श्रीश्रीअनन्तप्रियादेवी हुनुभयो । यी दुइ राजकुमारी राजाहरूमा श्रेष्ठ महाराजाधिराज कवीन्द्र जयप्रतापमल्लदेवका महारानी हुनुहुन्छ ।

बलिया शत्रुहरूलाई हराउने वङ्गालका राजाकी सुपुत्री, बेजोडकी, रूपवती, संसारभर नाउँ चलेकी राजाहरूमा श्रेष्ठ प्रतापमल्लकी महारानी ती अनन्तप्रियाले रूप पुण्य कुलको बढिबढाउको लागि असल लग्नमा देवताको राम्रो मन्दिर स्थापना गर्नुभयो ।]

यहाँ प्रतापमल्लले कुचविहारका राजकुमारीसँगको आफ्नो विवाह् सम्बन्धलाई सगर्व उल्लेख गरेका छन् । यताबाट उनी ससुरालीको वैभवदेखि निकै प्रभावित थिए भन्ने देखिन्छ ।

पृथ्वीनारायण शाहको विवाह मकवानपुरका राजा हेमकर्णकी छोरी इन्द्रकुमारीसँग भएको थियो । मकवानपुरको राज्यमा हात्ती पाइने जङ्गल र उब्जाउ प्रदेश पर्ने हुनाले गोरखाभन्दा मकवानपुर धेरै धनी थियो । यस कारण मकवानी राजाले आफ्नो वैभव देखाई पृथ्वीनारायणलाई प्रभावित पार्न खोजे । पृथ्वीनारायणको मनस्थितिदेखि कत्ति नमिल्ने कुरो यो थियो । फलस्वरूप डोला लिन मकवानपुर गएका पृथ्वीनारायण शाह ससुरालीसँग झगडा गरी दुलही साथमा नलिई रित्तो हात फर्के[1] ।

यताबाट पृथ्वीनारायण शाह संपन्न व्यक्तिहरूको वैभवदेखि तिरोभूत नभएका र तिरोभूत पार्न खोज्दा उनमा झन् उल्टो प्रतिक्रिया परेको बुझिन्छ । शिलालेखमा आफ्नो ससुरालीको वंशावली लेखाएर आफूलाई गौरवान्वित संझने प्रतापमल्लको मनःस्थितिदेखि एकदम प्रतिकूल विचार पृथ्वीनारायणको मनमा खेल्थ्यो भन्ने कुरा माथिको कुराले बताउँछ । यसैले वसन्तपुरका दुइ अभिलेखमा पृथ्वीनारायणका रानीको सामान्य वर्णन छ । उनका अरू कुनै पनि लेखमा उनका रानीहरूको वर्णन पाइएको छैन ।

प्रतापमल्लको पालामा अनिकाल परेको थियो । तात्कालिक एक चित्रपटमा यस विषयमा यस्तो वर्णन लेखिएको पाइन्छ – बर्साद बितिसक्दा पनि पानी परेन र जनतामा ठूलो हाहाकार फैलियो । शान्तिपुरभित्र नागको रगतले लेखिराखेको पुस्तक छ । त्यो ल्याउन सके पानी पर्छ

---

१. यस घटनाको चर्चा पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा यसरी गरेका छन्——

"मेरो बिबाहा मकुवानपुरमा भयाको थियो. डोला सुम्पेको थियन र डोला पनि लैयाउ. नेपाल पनि देषि आउ भनि मकुवानपुर गञु र पुग्यपछि दिकबन्दसेनलाई यवटा कुराको करेउलि लियेर भने यकदन्ता हाति र नवलाषि हिराको हार दिन्छौ भने डोला पनि लैजाला दिन्न भन्या काढि तारवारसित पनि लैजाला भनि हाक पारि"

भाषावंशावलीमा पनि यस घटनाको वर्णन लेखिएको छ । "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" का ६६४–६७ पृष्ठ हेर्नुहोस् ।

भन्ने कुरा चल्यो । यस कारण प्रतापमल्लले वज्राचार्यहरूलाई सो ल्याउने आज्ञा दिए । परन्तु उनीहरूले शान्तिपुरभित्रसम्म पसी त्यो ल्याउने आँट गर्न सकेनन् । त्यसपछि प्रतापमल्ल स्वयं शान्तिपुरमा गए । शान्तिपुरबाहिर वज्राचार्यहरू मुखभरी झिङ्गा भन्काई टोल्हाएर बसिरहेका थिए । तिमीहरूले ल्याउन सकेनौ अब म गएर ल्याउँछु भनी प्रतापमल्ल स्वयं शान्तिपुरभित्र पसे । त्यहाँभित्र रहेका सारा भूतप्रेतहरूलाई तन्त्रको बलले संतुष्ट पारी यताउति खोजी सो पुस्तक उनले बाहिर ल्याए । त्यसपछि पानी पऱ्यो । राजा प्रतापमल्लको यस अद्भुत कामले सारा दुनियाँ छक्क परे ।"

यस्तै कुरा प्रतापमल्लले शान्तिपुरको एक शिलालेखमा पनि लेखाएका छन्[१] । यस प्रख्यापनको मुख्य अभिप्राय के थियो भन्ने कुरा स्पष्ट छ । प्रतापमल्ल ठूलठूला तान्त्रिक वज्राचार्यहरूभन्दा पनि तन्त्रमन्त्रको विशेष ज्ञाता थिए भन्ने कुरो यसमा देखाइएको छ । यस्तो कुरामा पृथ्वीनारायण शाहको कस्तो विचार थियो भन्ने कुरामा अब यहाँ विचार गरिन्छ ।

सल्ल्यानकोट (पश्चिम १ नम्वर) की देवीको दर्शन गर्न भनी पृथ्वीनारायण शाह गएका थिए । उनलाई त्यस देवस्थानको रीतिस्थिति थाहा नहुनाले मन्दिरभित्रै गई देवीको दर्शन गर्नु हुन्छ कि भनी उनले त्यहाँका मानिसहरूसँग सोधे । परन्तु त्यहाँ मन्दिरभित्रसम्म गई पूजा गर्न दिने नियम थिएन । यस कारण पुजाहारी र टहलुवा मात्रै भित्र गई दर्शन गर्नु हुन्छ, जो हुकूम भनी उनीहरूले भने । उनीहरूले यस्तो भन्दा मन्दिरभित्रै गई पूजा गर्ने विचार पृथ्वीनारायणले गरेनन् । ढोकामा त हुन्छ कि भनी सोध्दा हुन्छ भनेकाले ढोकासम्म मात्र गई उनले देवीको दर्शन गरे । मन्दिरभित्रै गई पूजा गर्ने प्रयास उनले गरेनन् । उनले यदि यस्तो प्रयास गरेको भए राजालाई अवश्यै कसैले रोक्दैनथ्यो होला । परन्तु पृथ्वीनारायणले त्यसो गर्नु उचित संझेनन्, बाहिर बसी भक्तिपूर्वक पाठपूजा गरी त्यत्तिमै चित्त बुझाए । यस विषयमा उनको उपदेशमा यस्तो लेखिएको छ—

"सल्ल्यानकोटकि देबी साछ्यात् छन् भनि भन्दछन्. म पनि सायेत गरि जान्छुं भनि बिदा गराया र सायेत गरि म पनि गजुं र बारीमा थर्पु पऱ्यो र सल्ल्यानिको थरघर बराहा उमराउहरूसित सुध्याञा. माईको दर्शन गर्नुहुन्छ कि भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाई मात्रै भित्र दर्शन गर्नुहुन्छ जो हुकु म भन्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साज बिहचान ढोकासम्म जाई पाठ पुजा जप् दर्सन् गर्थ्यां र यक दिनका रातमा सोपना भयो र दुई हातमा दुइ षड्ग लियाकी सात आठ वर्षकी कन्न्या कुसुमे पछिउराको चुगूटि पारि म्छेउ आइन् र मैले सोध्यावां तिमि कस्कि छोरि हौ भनि मैले भन्दा पुजाहारि रानाकि छोरी हुं भनिन् र उ दुवै षड्ग मेरा हातमा दिन र आरसि प्रमानको लाल टल्वल् गर्थ्यो. षोकीलाबाट झिकी मेरा मुषसम्ममा ल्याई यो पनि निल् भनिन् र तम्रो मनकान्छ्या

---

१. पूर्णिमा ४ पूर्णाङ्कमा प्रकाशित 'प्रतापमल्लको शान्तिपुर प्रवेश' नामक निबन्धमा उपर्युक्त विषयमा विशेष चर्चा गरिएको छ ।

पुऱ्याईदियाको छ. म पनि केही माग्छुं. थपिजाउ भनि जसै दुई पाईला गैथिन्. उसै बेलामा मं पनि बिमुज्यौ र भानु जैसि कुलानन्द जैसि पुजाहारि रानालाई डाक्या र सुध्याञा. जैसिले पनि पुजाहारिले पनि ति माई हुन् दर्सन पाउनुभयछ. भने र उसै बेलामा धुप दिप धजा नैबेदे नित्य पुजालाई सात राग्गा सातै बोका थपि बोर्लांघाटको आम्दानी र घाटँछेउको टार माईलाई संकल्प गरिदिञा."

यताबाट पृथ्वीनारायणको सल्यानकोटकी देवी उपर ठूलो भक्ति थियो तापनि यस्तो कुरामा आफ्नो बुद्धिको वैशिष्टय अथवा शक्तिको प्रदर्शन गर्न उनी चाहँदैनथे भन्ने बुझिन्छ । उनले यहाँ पत्याइनसक्दो कुरा पनि बोलेका छैनन् । किनकि सपनामा मानिसले जे पनि देख्न सक्दछ ।

प्रतापमल्ल तन्त्रमन्त्रमा मात्र होइन, शस्त्र तथा शास्त्र यी दुवै विषयमा संसारमा मेरो जोडा लाग्ने व्यक्ति पाईंदैन भनी गर्व गर्दथे, संस्कृतमा कविता रच्दथे तथा आफ्नो प्रशस्तिमा शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग कवीन्द्र इत्यादि लेख्दथे[1] । मीमांसा न्याय योग वेदान्त वैशेषिक व्याकरण काव्य कोष अलङ्कार आदि सबै शास्त्र र बौद्ध ग्रन्थको मैले राम्रो अभ्यास गरेको छु भनी फूर्तिसाथ भन्दथे[2] विभिन्न लिपि चिनेको छु भनी प्रख्यापन गर्दथे[3] ।

काव्यरचना र संगीतमा उनको केहीनकेही मात्रामा गति पनि थियो । यस विषयमा मैले पूर्णिमा ४ पूर्णाङ्कको ३१–३३ पृष्ठमा लेखिसकेको छु । प्रतापमल्लभन्दा अघिका र उनीभन्दा पछिका नेपालउपत्यकाका अरू मल्ल राजाहरू पनि अनेकन् विषयमा कुशल छु भन्ने कुराको प्रख्यापन गर्दथे[4] यही उनीहरूको आदर्श थियो ।

प्रतापमल्लको नृत्यकलामा पनि कम सोख थिएन । रङ्गशालामा उनी स्वयं नर्तकको रूपमा उत्रन्थे । यो कुरा कवीन्द्रपुरको उनको अभिलेखले बताउँछ । त्यहाँ यस्तो लेखिएको छ—

"महाराजाधिराज भूपकेसरी श्रीश्रीकवीन्द्रजयप्रतापमल्लदेव प्रभुठाकुर थम श्रीश्रीश्रीनरसिंह अवतार जुयाव प्याखन ह्लसे विज्याङाव प्याखन धुङान लि प्याखन च्छाय तया थास श्रीश्रीश्री-नरसिंहपरमेश्वर प्वाखन च्छायस दु बियाव नाना शव्द दयकं चिन्न दयकु निमित्तिन तोलतयके निमित्तिन महाराजाधिराज भूपकेसरी श्रीश्रीकवीन्द्रजयप्रतापमल्लदेवभुठाकुरस थओ नामन कवीन्द्र-पुरस श्रीश्रीश्रीनरसिंह परमेश्वर सालिक स्थापना याङ विज्याङ".

(कवीन्द्रपुरको यो अभिलेख संस्कृतसन्देश १ वर्ष ४ अङ्कमा योगी शङ्करनाथ फलेग्रहीद्वारा छापिएको छ ।)

---

१ इतिहास–संशोधनको प्रमाणप्रेमयका ५०–५३ पृष्ठ हेर्नुहोस् ।

२. 'गल्लीमा फ्याकिएका कसिंगर' को ६२–६३ पृष्ठ हेर्नुहोस् ।

३. पूर्णिमा ४ पूर्णाङ्कको ३३ पृष्ठ हेर्नुहोस् ।

४. 'गल्लीमा फ्याकिएका कसिंगर' का ६२–६३ पृष्ठ हेर्नुहोस् ।

[राजाहरूमा श्रेष्ठ महाराजाधिराज श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेव प्रभु ठाकुरले आफैं श्रीश्रीश्रीनरसिंहको रूप लिएर अभिनय गर्नुभयो । नाच सिद्धिएपछि नाचको प्रतिष्ठा गरिराखेको ठाउँमा श्री ३ नरसिंह परमेश्वरले नाचको प्रतिष्ठामा प्रवेश गर्नुभयो र नाना प्रकारका शब्द निकाली संकेत गर्नुभयो । त्यस शब्दलाई बन्द गर्नाको लागि राजाहरूमा श्रेष्ठ महाराजाधिराज कवीन्द्र श्रीश्रीजयप्रतापमल्लदेव प्रभु ठाकुरले आफ्नै नाउँले कवीन्द्रपुर बनाई श्री ३ नरसिंह परमेश्वरको मूर्ति स्थापना गर्नुभयो ।]

पृथ्वीनारायण शाहले नाचगानबाट हुने हानि देखेका थिए । त्यस कारण उनी त्यसदेखि टाढा रहन्थे । यस विषयमा उनको यस्तो विचार थियो—

"मलाई यवटा कुराको संध्यह लागिरहेछ. कुन् कुरो भन्या मुग्लाना नजीकै रहेछ. तेस् जग्गामा छोकडा पत्रीया रहचाछन्. चित्रकार भन्याको कोठामा ढोलक् सितार राग तान्मा भुल्नन्. राग तान्मा बडो ठूलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ. देसको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास् पनि कसैले नगर्नु. तिन जातलाई पहाड आम्फदरफ् पनि कसैले नषोल्नु. अथवा फागुलाई यक् दुई गरी झिकि चाडै विदा गराईदिनु र देसको भेद पनि पाउदैनन्. आफ्ना स्वषसयलेलाई ता सास्त्रवमोजिम्को तिनै सहर नेपालको नेवारहरूको नाच झिकाई हेर्‍या पनि हुन्छ. ईनमा ता दियाको पनि आफ्नै देसमा रहन्छ. यस्व भया आफ्नु देश गमन रहन्छ ।"

(पृथ्वीनारायणको उपदेशबाट)

पृथ्वीनारायणले यहाँ रागको अभ्यास पनि कसैले नगर्नू भनी स्पष्ट शब्दमा भनेका छन् । मनोविनोदको लागि वर्षको एक पटक फागुमा एक दुइ दिन विदेशी कलाकारहरूलाई बोलाउनू, तर तिनीहरूलाई धेरै दिन नराख्नू चाँडै विदा गराएर पठाउनू भनी उनले उपदेश दिएका छन् । नाचगानले दुनियाँ विलासी हुने मात्र होइन कि देशको पैसा बाहिर जाने र भेद खुल्ने डर उनलाई थियो । यस कारण विदेशी नाच झिकाउनुसट्टा नेवारको नाच हेर्नु बेस भनी उनले भनेका हुन् ।

संगीतमा मेरो जोडा लाग्ने कोही छैन भनी गर्व गर्ने प्रतापमल्लको विचारसँग पृथ्वीनारायणको यो विचार एकदम प्रतिकूल छ । नाचगानमा रमाएर बस्ने मल्लहरूको व्यसन देखेर नै पृथ्वीनारायणको मनमा त्यस पारीपाटीले राष्ट्रलाई हानि गर्छ भन्ने कुरा पर्न गएको देखिन्छ । गोरखालीहरूले नुवाकोट कब्जा गर्दा कान्तिपुरदरवारमा नाचगान चलिरहेको थियो[1] रसरङ्गमा नभुलेर सतर्क भई मल्लहरूले हामीसँग मुकाविला गरेका भए उनीहरूको राज्यमा गई हामीले अधिकार जमाउनु गाह्रो हुने थियो भन्ने विचार पृथ्वीनारायणको मनमा खेल्नु स्वाभाविक छ ।

१. पूर्णिमा १९ पूर्णाङ्कको १९५ पृष्ठ हेर्नुहोस् ।

प्रतापमल्लले जति विषयमा आफूलाई पारङ्गत छु भनी घोषणा गरेका छन्, ती सबै विषयमा एक व्यक्तिले दखल गर्नु संभव कुरा छैन । यस कारण प्रतापमल्लको त्यस कथनबाट उनी ती सबै विषयमा अधिकार जमाउन पाए त हुने हो भन्ने विचारले त्यसको लागि कहिले कुनै विषयमा, कहिले कुनै विषयमा लाग्थे भन्ने मात्र बुझिन्छ ।

पृथ्वीनारायणका सबैजसा अभिलेख तथा चिठ्ठीपत्रहरूमा राजनीतिसँग सम्बन्ध राख्ने कुरा परेका छन् । राजनीतिभन्दा पृथक् विषयमा उनले आफ्नो दिमाग लगाएको कतै देखिएको छैन ।

मानिसको शक्ति सीमित हुनाले प्रतापमल्लले हरेक विषयमा आफ्नो दिमाग लगाए, उनी असफल भए, पृथ्वीनारायणले राजनीतिमा मात्रै आफ्नो बुद्धि खर्च गरे, उनी सफल भए भन्ने कुरा स्पष्ट छ ।

प्रतापमल्लका अनेक रानीहरूतर्फबाट धेरै छोराहरू थिए । वि. सं. १७३१ मा प्रतापमल्लको मृत्यु हुँदा उनका तीन छोरा नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल, महीपतेन्द्र मल्ल जीवित थिए । त्यस वेला जीवित छोराहरूमा जेठा नृपेन्द्रमल्ल छँदाछँदै आफ्नी प्रेयसी तर्फबाट जन्मेका कान्छा छोरा महीपतेन्द्रमल्ललाई[1] मपछि कान्तिपुरको गद्दीमा राख्नू भन्ने व्यवस्था उनले बांधेर गएका थिए । परन्तु उनको मृत्युपछि उनको इच्छा कार्यरूपमा परिणत भएन । पाटनका राजा श्रीनिवास मल्लले दाजु छँदै भाइलाई राजा बनाउनु न्यायसंगत कुरा होइन भनी वि. सं. १७३१ को प्रारम्भमा नृपेन्द्र मल्ललाई गद्दीमा राखी चिकुटि भन्ने आफ्नो अनुकूल व्यक्तिलाई चौतारापदमा नियुक्त गरिदिए । राजदरबारमा दाउपेच शुरु भयो । कान्तिपुरको राजवंश कैय्यन् वर्षसम्म चौताराहरूको जालमा पऱ्यो । राजा भएको ६ वर्षपछि १८ वर्षको उमेरमा वि. स. १७३७ ज्येष्ठमा नृपेन्द्र मल्लको मृत्यु भयो । त्यसपछि प्रतापमल्लका अर्का छोरा पार्थिवेन्द्र मल्ल गद्दीमा राखिए । भरखरको चढ्दो उमेरमै पार्थिवेन्द्रमल्ल पनि वि. सं. १७४४ आषाढमा विष खुवाएर मारिए । प्रधानमन्त्री चिकुटीले विषप्रयोग गरेको हो भन्ने हल्ला मच्चियो र उनी देउपाटनदेखि घिसारी ल्याई मारिए । लक्ष्मीनारायण नामक व्यक्ति प्रधानमन्त्री बने । प्रतापमल्लका कान्छा छोरा महीपतेन्द्रले पनि निकै यातना भोग्नुपऱ्यो । विपक्षीहरूले उनलाई उठाएर गोलमाल गर्ने संभावना भएकोले वि. सं. १७४२ मा उनी थुनिएका थिए । बन्धनबाट फुत्केर उनी पाटनमा भागे । चौतारा लक्ष्मीनारायणलाई यो खतराको कुरा थियो । पछि पार्थिवेन्द्र मारिएको २ महीनापछि नै देउपाटनमा पशुपतिका पुजारि राघवानन्दको घरमा लुकिरहेका महीपतेन्द्र मल्ललाई भेट्टाई लक्ष्मीनारायणका मानिसहरूले उनको टाउको काटेर लगे । केही वर्षपछि वि. सं. १७४७ भाद्रमा चौतारा लक्ष्मीनारायणलाई पनि खसहरूले बाटामा भेट्टाई मारिदिए[२] । यसरी प्रतापमल्लको मृत्युपछि कान्तिपुर राज्यमा भयानक रक्तपातको प्रारम्भ भयो । प्रतापमल्लको अदूरदर्शिता नै यसमा पहिलो कारण थियो । जेठा छोरा छँदै कान्छा

---

१. ऐतिहासिपत्रसंग्रह दोस्रो भागको २८ पृष्ठ हेर्नुहोस् ।

२. ऐतिहासिक पत्रसंग्रह दोस्रो भागका २८–३३ पृष्ठ हेर्नुहोस् ।

छोरालाई राजा बनाउने योजनाबाट यस गडबडीको शुरुआत भएको थियो । राज्यलाई प्रतापमल्लले व्यक्तिगत संपत्तिको रूपमा देखेका थिए । यसैले राजाको जेठो छोरा राजा हुने नियमलाई नाघी आफ्नो प्यारो कान्छा छोरालाई राज्य दिंदा हुने उपद्रवको कल्पना सम्म पनि उनको मनमा उठ्न सकेन भन्ने स्पष्ट देखिन्छ । अब यहाँ पृथ्वीनारायण शाह राज्यलाई आफ्नो व्यक्तिगत सम्पत्तिको रूपमा वा दायको रूपमा हेर्दथे वा हेर्दैनथे भन्ने विषयमा विचार गरिन्छ ।

पृथ्वीनारायण शाहका तीन आमातिरबाट गरी जम्मा चार भाइ थिए । पृथ्वीनारायण शाहका यी चारै भाइ भने जस्तै लडाका भई निस्के । पृथ्वीनारायण शाहले उठाएको विजय-यात्रामा अरू भारादारहरूले जस्तै उनीहरूले पनि दिल दिएर लडेका थिए । पृथ्वीनारायण शाहका साहिला भाइ दलमर्दन शाहले बाह्रै वर्षको उमेरमा वि. सं. १८०१ को नुवाकोटको लडाइँमा जेठी तरवार हानी शत्रुलाई जिती पृथ्वीनारायण शाहको मनमा असर पारेका थिए । कीर्तिपुरको दोस्रो युद्धमा कान्छा भाइ शूरप्रताप शाहले आँखा गुमाएका थिए । यसै गरी अरू भाइहरूले पनि अनेक लडाइँमा दलमुखीको रूपमा सैन्यसञ्चालन गरेका थिए । यसरी पृथ्वीनारायण शाहले उठाएको विजययात्रामा प्रारम्भदेखि नै उनका भाइहरूले विशेष रूपले काम गरेर आएका थिए ।

कान्तिपुर ललितपुर विजयपछि पृथ्वीनारायणका भाइहरूले भिन्नाभिन्नै कुनै प्रदेशको राजा भएर बस्ने इच्छा प्रकट गरे । पृथ्वीनारायणको विजययात्रामा उनका भाइहरूले ज्यान दिएर काम गरेको हुनाले कुनै एक शहरको राजा हुन पाउँ भनी दाज्यूसँग प्रार्थना गर्दा एक दृष्टिकोणले कुनै असंगत कुरो थिएन । दाजुभाइले राज्य बाँडेर लिएका घटना इतिहासमा नपाइने पनि होइनन्[1] । परन्तु पृथ्वीनारायणले यसरी भाइहरूलाई राज्य बाँडिदिदा परिणाम के निस्कन्छ भन्ने कुरा राम्रोसँग मनमा गुनेका थिए । पच्चीस वर्षसम्मको ठूलो प्रयत्नले कति क्षय र व्ययले एक पार्दै ल्याएको राज्यलाई अंशवण्डा गरे जस्तै बाँडिदिनु कुनै पनि भविष्य देख्ने शासकले गर्ने कुरो होइन भनी उनले बुझेका थिए । यसरी फेरि राज्य टुक्राए मल्ल र सेन राजाहरूको ठाउँमा शाहहरू राजा हुन्थे र फेरि त्यही पुरानो परस्परको झैझगडा शुरु हुन्थ्यो । उता भारतमा शक्ति बढाउँदै ल्याइरहेका अङ्ग्रेजहरूलाई नेपाल पस्न झनै सजिलो हुन्थ्यो । यसैले पृथ्वीनारायणले राज्य बाँडेर लिने भाइहरूको इच्छालाई सर्वथा अस्वीकार गरिदिए । उनको यस दूरदर्शितापूर्ण विचार उनका भाइहरूले स्वार्थवश बुझ्न सकेनन् । यसैले उनीहरू दाजुदेखि अप्रसन्न भई यताउति लागे ।

यस घटनाबाट पृथ्वीनारायण शाह राज्यलाई दायको रूपमा संझदैनथे भन्ने कुरा राम्रो बुझिन्छ ।

---

१. उदाहरणको लागि यक्षमल्लको मृत्युपछि उनका छोराहरूले कलह गरी राज्य टुक्र्याएको घटनालाई देखाउन सकिन्छ । (इतिहास–संशोधनको प्रमाणप्रमेयका १३३–४४ पृ. हेर्नुहोस् ।)

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९१९–२०, १०७८–८५ पृष्ठ हेर्नुहोस् ।

आफ्नो स्वाभाविक प्रतिभा र अनुभवको आधारमा पृथ्वीनारायण शाह काम गर्दथे। उनको कार्यपद्धतिको आधार शिक्षा थिएन । यस कारण उनले आफ्ना उत्तराधिकारीहरूलाई राजकाज-लाई उपयुक्त शिक्षा दिलाउन सकेका थिएनन् । पढेगुनेका व्यक्तिहरू भने राजनीतिको शिक्षातिर ध्यान दिँदैनथे, पारलौकिक कुरा र शृङ्गारका कुरामै उनीहरूको बुद्धि रङ्गिएको थियो । यस कारण पृथ्वीनारायणले आफ्नो उत्तराधिकारीलाई शिक्षित बनाउन खोज्दा पारलौकिक र शृङ्गारका कुरामैं राजकुमार प्रतापसिंहको विशेष ध्यान गयो र उनी राजशास्त्रभन्दा तन्त्रशास्त्रका ज्ञाता भई निस्के[१] । पृथ्वीनारायणको मनमा यो कुरो खट्केको थियो । आफूले कति परिश्रमले आर्जेको राज्य आफ्नो अन्त्यपछि उत्तराधिकारीहरूले थाम्न नसकेर भताभुङ्ग होला भन्ने डर उनलाई थियो । परन्तु उनका भारदारहरू धेर वर्षको उनसँगको सहवास र कामको अनुभवले गर्दा योग्य थिए । यस कारण उनले आफ्ना सन्तानलाई आफ्ना भारदारहरूद्वारा योग्य बनाउने विचार गरे । यो कुरा उनको उपदेशको यस अंशबाट बुझिन्छ—

"बुढा मरैं भाषा सरैं भनी भन्छन्. तिमिहरू सबै छेउ सुनाइगयाको भया. तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन् ।"

पृथ्वीनारायणको उपदेशको उठानमैं रहेको यस वाक्यबाट उत्तराधिकारीलाई योग्य बनाउने उद्देश्यले नै उनले आफ्नो जीवनको आखिरी अवस्थामा भारदारहरूलाई उपदेश दिएर गएका हुन् भन्ने बुझिन्छ । यताबाट अन्तिम अवस्थामा उनलाई सबभन्दा बढी चिन्ता आफ्नो उत्तराधिकारीको सम्बन्धमा थियो भन्ने देखिन्छ । युवराज प्रतापसिंहलाई योग्य उत्तराधिकारीको रूपमा पाएर सन्तोषपूर्वक सास फेर्ने अवकाश पृथ्वीनारायण शाहले पाएका थिएनन् । भविष्यमा हुने परिणामको ख्याल राखी उनले आफ्नो उत्तराधिकारी छान्ने कुरामा धैर्यपूर्वक काम गरेका थिए । यदि उनले यस कुरामा होशियारी नगरेको भए प्रतापमल्लको मृत्युपछि उनका सन्तानले दुःख पाए जस्तै पृथ्वीनारायणका छोराहरूले पनि दुःख पाउँथे, राज्यमा अशान्ति मच्चिन्थ्यो भन्ने कुरा स्पष्ट छ।

यति कुराबाट प्रतापमल्ल र पृथ्वीनारायशाहका रुचि, मनस्थिति, आदर्श तथा विचारशक्ति यी सबै कुरामा प्रशस्त अन्तर थियो भन्ने कुरा राम्रो बुझिन्छ । यी दुइ राजामा देखिएको यो अन्तर केवल दुइ व्यक्तिमा सीमित थिएन । वास्तवमा विजित र विजयी यी दुइ पक्षमा प्रायः देखापर्ने अन्तर यी थिए । यस कारण प्रतापमल्ल र पृथ्वीनारायण शाहको यस तुलनात्मक अध्ययनबाट मल्लवंशको पतन किन भयो भन्ने विषयमा मात्र होइन कि पृथ्वीनारायण प्रति हामी किन श्रद्धा राख्दछौ, किन उनको महिमा गाउँछौ भन्ने कुराको जवाफ पनि पाउन सक्छौं ।

—०—

१. 'गल्लीमा फ्याँकिएका कसिंगर' का ६०–६४ पृ. हेर्नुहोस् ।

# वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत

——शङ्करमान राजवंशी

वि. सं. १८५७ को वैशाखदेखि आषाढ २८ गतेसम्मको सरकारिया आम्दानीखर्चसम्बन्धी केही विवरण भएको एक ताउ कागतको उतार पूर्णिमा १९ अङ्कमा मैले छपाएको थिएँ। अहिले त्यसैको बाँकी आषाढ २९ गतेदेखि आश्विन २३ गतेसम्मको सरकारिया आम्दानीखर्च-सम्बन्धी केही विवरण भएको अर्को एक ताउ कागतको उतार यहाँ दिदैछु । यो कागत पनि संशोधनमण्डलको संग्रहमा छ ।

*सं १८५७ साल*

चिठ्ठा आमदनि षर्च नुलछेका कौसिको. मार्फत गजिंद्र लछिमन

*श्राबनबदि ४ रो ५ के*[1]

आमदनि

षर्च

श्रीमाहिला माहारानिका[2] ज्युनारके हस्ते पांडौं पुतवार च्या माना ११।

*श्राब बदि ६ रो ७ के*[3]

आमदनि

विजैपुरबाट दसरथ षत्रिले[4] चह्लाइपठायाको रघुनाथपुरि हस्ते आयाको

माझा हातिका दात २

सानु गौरिगाइको सिग् २

---

१. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको संग्रहमा रहेको वि. सं. १८५७ को पात्रोसंग रुजु गरी यहाँ परेका तिथिमिति जाँचिएका छन् । यहाँ श्रावणवदि ४ रोज ५ आषाढ २९ गते पर्छ ।

२. माहिला महारानी = सुवर्णप्रभादेवी ।

३. श्रावणवदि ६ रोज ७ आषाढ ३१ गते पर्छ ।

४. यी दशरथ खत्री विजयपुरका शासकका रूपमा नियुक्त भएका थिए ।

(ऐतिहासिकपत्रसंग्रह १ भाग ८० पृष्ठ)

षर्च

कलकत्ताका बडासाहेब मारनिकटिन[1] साहेबके चिठि लेषनाके

टिकेवाल सुनौला कागतबंद — १

तासको षलिता — १

वत्तुको डोरि — १

कासिका बडासाहेब बनरहेट साहेबके चिठिके

सुनौला टिकेदार कागत बंद — १

कोचिनको षलिता — १

रेसमको डोरि — १

लासाका अंबा[2]कन चिठि वेह्लि पठाउनाके

हस्ते भाजुमुनि षाता — १

## श्राबनबदि १० रो ४ के[3]

आमदनि···

षर्च··· ···

श्रीकांछिमैयासाहेबका इलाजके[4] हस्ते नारां बंसलोचन[5] मासा — ३

श्रीमाहिला माहारानिका इलाजके हस्ते कासिनाथ पाध्या[6]

लुवांचिनि तोला — ४।२

## श्राबनशुदि ३ रो ४ के[7]

आमदनि

षर्च

पालपालिहरूकन षुवाउनाके हस्ते देबसिं षवास

वलाचिनि[8] डल्ला — ३

---

१. मारनिकटिन=यी वेलेज्ली हुन् । मैसूरविजयपछि मार्क्विस वेलेज्ली भन्ने नामले यिनी प्रसिद्ध भए ।

(ऐतिहासिकपत्रसंग्रह १ भा. ९६ पृ.)

२. अंबा=चीनका राजदूत ।

३. श्रावणवदि १० रोज ४ श्रावण ४ गते पर्छ ।

४. इलाज=औषधि ।

५. वंशलोचन=बाँसको भित्र पानी जमी पत्थर जस्तो भएको पदार्थ ।

६. काशीनाथको उल्लेख पूर्णिमा १६ अङ्कको ३९५ पृष्ठमा पनि छ ।

७. श्रावणशुदि ३ का दिन रोज ५ श्रावण १२ गते पर्छ, रोज ४ पर्दैन ।

८. वलाचिनी=असल चिनीलाई डल्लो पारेको । यहाँ पालपाली भनेको पृथ्वीपालसेनलाई भनेको हो ।

## श्राबनशुदि ४ रो ५ के[1]

आमदनि

षर्च

लासाका अंबाकन चिठि बेह्नि पठाउनाके हस्ते भाजुमनि षाता[2] १

## श्राबनशुदि ७ रो २ के[3]

आमदनि

षर्च

श्रीमहाराजाका[4] जामाके हस्ते अमरसिं राना सानु बुटा भयाको
कालो किमषाव थान १

## श्राबनशुदि ८ रोज ३ के[5]

आमदनि

इछा पटवाबाट आयाको षलिताको डोरि

बत्तुको डोरि १५

रेसमको डोरि ११

षर्च

## श्राबनशुदि १० रो ५ के[6]

आमदनि

षर्च

श्रीमाहीला महारानिका किमषावको फरिग्रामा निउको[7] गासनाके
हस्ते सुर्जकला धाइ कलेजि रंगको कोचिन षगाम[8] ३।।।

श्री सानुमैयासाहेबका जामाके हस्ते ऐजन असमानिरंग
कोचिन षगाम ३।

---

१. श्रावणशुदि ४ का दिन रोज ६ श्रावण १३ गते पर्छ, रोज ५ पर्दैन ।

२. षाता = खाता (एक किसिमको वही लेख्ने लामो कागत) ।

३. श्रावणशुदि ७ रोज २ श्रावण १६ गते पर्छ ।

४. श्रीमहाराजा = गोर्वाणयुद्धविक्रम ।

५. श्रावणशुदि ८ रोज ३ श्रावण १७ गते पर्छ ।

६. श्रावणशुदि १० रोज ५ श्रावण १९ गते पर्छ ।

७. निउको = फरियामा मुजा बाध्ने ठाउँमा १ वित्ता जति थपिने कपडा ।

८. षगाम = लमाइ र चौडाइ बराबर भएको कपडाको टुक्रालाई खगाम भन्दछन् । कुमदेखि माझिऔलाको टुप्पासम्मको नापको एकाइलाई पनि खगाम भन्दछन् । यहाँ नापको एकाइलाई लिएको बुझिन्छ ।

### श्रावनशुदि १५ रो २१के

आमदनि

षर्च

दाषिल तोसाषाना. हस्ते स्यामलाल पाध्या षजांचि

कलकत्ताबाट दिनानाथ पाध्याले[२] पठायामध्ये लाल

बर्ची सालको[३] रजाइ[४] १

माझा बुटाको सेतो साल जोडा १

### भाद्रबदि ४ रोज ६ के[५]

आमदनि

षर्च

श्रीमाहिलामहारानिका ज्युनारके हस्ते पांडौ पुतुवार ल्या थकटि २

चौतारा सेरबहादुरका इलाजके हस्ते भाजुबिर किलागर तोला १।।

### भाद्रबदि ११ रो ६ के[६]

आमदनि

षर्च

श्रीमहाराजा श्रीमाहिला महारानिका जंत्र बनाउनाके

मार्फत बषतावर[७] हस्ते महासुर पंचरंगि षाता हात ३

### भाद्रशुदि १ रो ५ के[८]

आमदनि

षर्च

श्रीमहाराजा श्रीमाहिला महारानिका जंत्र लेषनाके मार्फत

वषतावरसि हस्ते महासुर लेषन्या सुन मासा २

---

१. श्रावणशुदि १५ रोज २ श्रावण २३ गते पर्छ । यहाँ पूर्णिमा टुटेकोले पूर्णिमा र चतुर्दशी एकै दिन परेको छ ।

२. यी दीनानाथको परिचय पूर्णिमा १९ अङ्कको २०१ पृष्ठमा हेर्नुहोस् ।

३. साल=पातलो खालको दोसल्ला जस्तो कपडा ।

४. रजाइ=ओढ्ने दोलाइँविशेष ।

५. भाद्रवदि ४ रोज ६ श्रावण २७ गते पर्छ ।

६. भाद्रवदि ११ का दिन रोज ७ भाद्र ३ गते पर्छ । रोज ६ पर्दैन ।

७. यीवखतवारको परिचय पूर्णिमा २ अङ्कका ७०–७३ पृष्ठमा हेर्नुहोस् ।

८. भाद्रशुदि १ रोज ५ भाद्र ८ गते पर्छ ।

### भाद्रशुदि ३ रो ७ के[१]

आमदनि

षर्च

दाषिल तोसाषाना हस्ते स्यामलाल पाध्या षजांचि लाल माझा बुटाका किमषाब जोडा १

### भाद्रशुदि ४ रो १ के[२]

आमदनि

बिर्जैसि बाज्युमार्फत मानापाथिका छापको आमदनिमध्ये रूपैया ३०७ मोलियाको सानु बुटाको किमषाब जोडा १

षर्च

### भाद्रशुदि ५ रो २ के[३]

आमदनि

षर्च

श्रीमहाराजालाइ इलाज टकऱ्याउनाके हस्ते घनस्याम सानु चिनिया कटौरा १

### आश्विनबदि ८ रो ५ के[४]

आमदनि

षर्च

लासाका अंबाका चिठि बेह्रि पठाउनाके हस्ते भाजुमन षाता २

सर्कारबाट १

सर्बजित पाडे[५]बाट १

### आश्विनबदि ११ रो १ के[६]

आमदनि

षर्च

सर्कारका ज्युनारके हस्ते गर्जमनि च्या रागको माझा वुतेल १

---

१. भाद्रशुदि ३ रोज ७ भाद्र १० गते पर्छ ।
२. भाद्रशुदि ४ रोज १ भाद्र ११ गते पर्छ ।
३. भाद्रशुदि ५ रोज २ भाद्र १२ गते पर्छ ।
४. आश्विनवदि ८ रोज ५ भाद्र २९ गते पर्छ ।
५. यी सर्वजित् पाँडेको परिचय पूर्णिमा १९ पूर्णाङ्कको २०३ पृष्ठमा हेर्नुहोस् ।
६. आश्विनवदि ११ रोज १ आश्विन १ गते पर्छ ।

## आश्विनशुदि १ रो ६ के[1]

आमदनि

षर्च

सर्बजित पाडेहरू केरु गै अंबासित भेट गर्न जादा सौगात लैजानाके हस्ते

चामु भडारि मछिंद्र

| | | | |
|---|---|---|---|
| अमोठ[2] धार्नि | २ | केसर तोला | १५ |

## आश्विनशुदि ४ रो २ के[3]

आमदनि

षर्च

दसैंवरका देवताको चदुवाहरू सियाउनाके हस्ते भिम

टकसारि कोचिन थान झाडवाल | २

| | | | |
|---|---|---|---|
| सबुज[4] षगाम ९।।। | को थान | १ | |
| तासि षगाम १० | को थान | १ | |

श्रीमहाराजाका दसैंको पोसाकके जिंमा कपर्दार हस्ते रनमोहन

| | |
|---|---|
| पगरि थान | २ |
| मलमल चिरा[5] थान | १ |
| सरबंद[6] थान | १ |
| दाषिल तोसाषाना हस्ते चुकुटि हलुवाबेद संदुक | १ |

## आश्विनशुदि ६ रो ४ के[7]

आमदनि

षर्च

श्रीसाहेबनिका बिछ्याउनाके गुह्येश्वरि पठाउनाके हस्ते फरासको सिताराम लिहु[8] १

---

१. आश्विनशुदि १ रोज ६ आश्विन ६ गते पर्छ ।

२. अमोठ=पाकेको आँप निचोरेर सुकाएको पाप्रो आँपको माडा ।

३. आश्विनशुदि ४ रोज २ आश्विन ९ गते पर्छ ।

४. सबुज=हरियो रंगको । यहाँ पनि खगाम भनेर नापको एकाइलाई लिइएको छ ।

५. चिरा=च्यातेर टुक्र्याइएको ।

६. सरबंद=फेटा ।

७. आश्विनशुदि ६ रोज ४ आश्विन ११ गते पर्छ ।

८. लिहु=सतरञ्जा जस्तो कपडा ।

### आश्विनशुदि ८ रो ६ के[1]

आमदनि

कलकत्ताबाट दिनानाथ पाध्याले पठायाको चिन सौगात पठाउनाकन ३३ हजार

| | |
|---|---|
| तनुषा भयामध्ये सुलतानि बनात[2] ताषा | ७ |
| सबुज ताषा | ३ |
| सबेद ताषा | २ |
| जर्द[3] ताषा | १ |
| कलेजि रंग ताषा | १ |

षर्च

### आश्विनशुदि १० रो १ के[4]

आमदनि

गढका उकिल धरनिधर[5] षडौरि[6] आउदा चह्राउन ल्यायाकी

| | |
|---|---|
| बद्रिनाथको प्रसाद चदेलि पगरि | १ |
| बिस हात्या चदेलि थान | २ |
| अबिरि रंग साल जोडा | १ |
| सफेद रंग साल जोडा | १ |
| सिंगेसमको दिस्तामा[7] कच्चा जडाउ भयाको सिंगेसमैको तह्नाल मोह्नाल भयाको षंजर[8] | १ |
| तोडावाल बंदुक | २ |
| फिन्याको निकंमा कमान[9] | ३ |

---

१. आश्विनशुदि ८ रोज ६ आश्विन १३ गते पर्छ ।

२. बनात = बाक्लो ऊनी कपडा ।

३. जर्द = सुर्ती रंग ।

४. आश्विनशुदि १० रोज १ आश्विन १५ गते पर्छ ।

५. धरणीधरको परिचय पूर्णिमा १३ अङ्कका ३४–३५, १७ अंकका ४९–५० पृष्ठमा हेर्नुहोस् ।

६. षडौरी = गढवालका ब्राह्मण जातिको थरविशेष (पूर्णिमा ४ अङ्कको ६६ पृष्ठ) ।

७. दिस्ता = बीँड ।

८. षंजर = दुवैतिर धार भएको तीन कुने परेको हतियार ।

९. कमान = धनु ।

| | |
|---|---|
| बनाति बत्तुवाल तरकस्[1] तिर[२] समेत | २ |
| कोथिकंठि[३] चादिको कबुजा[४] फलाम्या भयाको | |
| नागबेलि तरबार | १ |
| गढका निरमल पुरिले चह्लाइ पठायाको हातिदातको | |
| दिस्ता मियान[५] चादिको माछा १ भयाको छुरि | १ |

षर्च

| | |
|---|---|
| सर्कारका इलाजके हस्ते भिम टकसारि सालिम् मिश्रि तोला | ५ |

*कार्तिकबदि ४ रो २ के[६]*

आमदनि

| | |
|---|---|
| सुरविर रानाले पिउठानाबाट ल्याइ चह्लायाको हातिदात सानु | २ |

षर्च

| | |
|---|---|
| सर्कारका ज्युनारके हस्ते पांडव पुतुवार च्या अंदाजा माना | २ |

—★—

(क्रमागत)

# वीर भक्ति थापा

—महेशराज पन्त

हाम्रा सर्दार भक्ति थापाले आफ्नो जन्मभूमि लंजुङमा[७] पौवा बनाउने विचार गरी श्री ५ महाराजाधिराजका हजूरमा बिन्ती चढाएका थिए । वि. सं. १८६६ असोज २३ गतेको दिन उनले

१. तरकस् = ठोक्रो ।
२. तिर = बाण ।
३. कोथिकंठि = तरवारको म्यान वा खुकुरीको दापका टुप्पामा जडिने धातुका बुट्टादार वा सादा वस्तु ।
४. कबुजा = तरवार समात्ने ठाउँ ।
५. मियान = तरवार राख्ने दाप ।
६. कार्तिकवदि ४ रोज २ आश्विन २३ गते पर्छ ।
७. भक्ति थापाले लंजुङअन्तर्गतको देउराली भन्ने ठाउँमा पौवा बनाएका थिए भन्ने कुरा तल दिइएको वि. सं. १८६८ भदौ १४ गतेको पत्रबाट बुझिन्छ ।

पौवा बनाउनाको लागि श्री ५ महाराजाधिराजबाट जग्गा बक्शीश पाएको पत्र यस प्रकारको छ[1] —

**संवत् १८६६ साल आश्विनवदि १३ रोज ६[२]**

**आगे सर्दार भक्ति थापाके तैंले पौवा बनाउन आटिछस्. देउरालिभञ्ज्याङपूर्व चीसापानीदक्षिण चिबिन्यापानीपश्चिम पुरानुठाडीउत्तर नेटो येति चार किल्लाभित्र मुरि १ पाथी १० बीज जान्या बाझो जग्गा पौवा बनाउन बक्स्यौं. आफ्ना षातीरज्मा[३]सित पौवा बनाई बघैंचा चलाई हाम्रो जय मनाई धर्म चला. मिति सदर.**

(जैसीकोठामा रहेको अप्रकाशित यस पत्रको नकल गूठी अड्डाको गु. ल. सा. ब. नं. ३७७ मा छ । त्यहींबाट पिताज्यू श्रीपंनयराज पन्तले सारी लिनुभएको प्रतिबाट यो पत्र यहाँ दिइएको हो ।)

यसपछि शतरुद्रा साँध मानी रणजित् सिंहसँग सन्धि गरेको खबर लिई भक्ति थापा काठमाडौं गए । ४।५ वर्ष अघिदेखि प्रशस्त धनजन खति गराइ चलाइरहेको यो उद्योग यसै व्यर्थ गएको देखेर काठमाडौंमा रणजित् सिंहसँग भएको यस सन्धिलाई पहिले त मान्यता दिइएन; तर पछि परिस्थितिको राम्रो बोध भएकोले अहिलेलाई काँगडामा आँखा नलाउनु नै नेपालसर्कारले श्रेयस्कर सम्झ्यो[४] ।

---

१. सो पौवा बनाइसकेपछि त्यसको संरक्षणको लागि श्री ५ महाराजाधिराजबाट गूठी राखिएको थियो भन्ने कुरा वि. सं. १८६८ भदौ १४ गतेको पत्रबाट थाहा पाइन्छ । सो पत्र तल आउँदैछ ।

२. वि. सं. १८६६ आश्विनकृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| असोज | २३ | शुक्र | द्वादशी | २१ | ४९ |

(पात्रोबाट)

द्वादशीको घडी २१।४९ उप्रान्त त्रयोदशीमा यो पत्र लेखिएको देखिन्छ ।

३. षातीरज्मा = विश्वास ।

४. **सर्दार भक्ति थापा नेपाल आई रणजित्सिंहसँगको धाको बन्दोबस्त भयाको विस्तार बिन्ती गर्दा आफूले लियाको मुलुक छोडी धा गन्यापछि गोर्खाको तर्बारि गयो भनी मञ्जूर नभै रणजित्सिंहको धर्मपत्र फिराइदिया ।**

**तस्तै बीचमा फेरि मालकाडामा मदतलाई काजी दलभञ्जन पाँडे काजी अमृतसिंह थापा सर्दार शमशेर राना सर्दार अंगद सर्दार घोकलध सिंह खत्री सुबेदार बिरु बोहरा कंपूका फयेर त्रिपुरादल तारादल ली हाम्र पुग्दा धाको बन्दोबस्त भैगयापछि तिमीहरू फिर भनी लालमोहर जाँदा काजी बलभञ्जन पाँडे अमृतसिंह थापा सुबेदार बिरु बोहरा कंपूका फयेर तारादल कम्पनी नेपाल फर्क्या । सर्दार शमशेर राना सर्दार अङ्गद सर्दार धोकलसिंह खत्री त्रिपुरादल गढमा जम्याका कम्पनी सुघाठोरका लश्करमा सामेल भया ।**

(भाषावंशावलीबाट)

हाम्रा भक्ति थापा जहानबच्चा साथ लिई वि. सं. १८६७ असार १० गतेको दिन गढवाल आइपुगे । गढवाल आएको अठाह्र दिनको दिन असार २७ गते भक्ति थापाका छोरा सर्वजित् थापाको मृत्यु भयो । छोरोको ४५ दिनको लगत्तै भदौ ८ गतेको दिन छोराकी आमालाई पनि कालले भक्ति थापासँग खोसेर लग्यो । यसरी ७ हप्ता पनि नपुग्दै छोरा र स्वास्नी गुमाउनुपरेकोले भक्ति थापा अत्यन्त विह्वल भएका थिए । यसैले छोरा मरेको २ महीनासम्म उनले नेपाल-सर्कारसँग जरूरी चिठीपत्रसमेत गर्न सकेनन् । अन्त्यमा उनले वि. सं. १८६७ भदौ २७ गतेको दिन नेपालसर्कारछेउ आफू गढवाल आइपुगेको तथा आफ्ना छोरा तथा स्वास्नीको देहान्त भएको खबर लेखी काठमाडौं पठाए ।

यसको साथसाथै भक्ति थापाले आफ्नो पत्रमा ढाक्रे सिपाहीहरूलाई के गर्ने भनी सोधी पठाएका थिए ।

भक्ति थापाले लेखेको यो पत्र महीना दिनमा वि. सं. १८६७ असोज २७ गतेको दिन काठमाडौं आइपुग्यो ।

पत्र हात परेको पर्सिपल्ट असोज २९ गतेको दिन भक्ति थापालाई जवाफ लेखियो । भक्ति थापाका छोरा र स्वास्नीको देहान्तमा समवेदना प्रकट गर्दै बाँकी रहेका छोरा र पत्नीमा सन्तोष लिई बस्ने र छोराहरूलाई तालीम गरी आफ्नो बिँडो थाम्न सक्ने बनाउने सल्लाह दिई श्री ५ महाराजाधिराजको नाउँबाट सो पत्र लेखिएको थियो ।

यसको साथसाथै उनको कार्यक्षेत्रको विषयमा पनि सो पत्रमा स्पष्ट गरिएको थियो । गढवालको ३ कप्तानी खान्गीमा इन्द्रवीर बस्न्यात चन्द्रवीर कवर र शमशेर रानालाई नियुक्त गरी सर्दार भक्ति थापालाई चाहिं कुमाउ र श्रीमोरका ५ कम्पनीको तैनाथ र ५ हजारको खान्गी दिइएको थियो । काजी अमरसिंह थापालाई सर्दार भक्ति थापाको विषयको उपर्युक्त निर्देश दिई काठमाडौंबाट पहिलेबाटै लेखी गएको थियो । पुत्रवियोग र पत्नीवियोगले व्याकुल भएका भक्ति थापाले तत्काल कार्यभार सम्हाल्न सम्भव नभएमा सो पत्र हात पर्नेबित्तिकै काठमाडौं आउने निर्देश उनलाई दिइएको थियो ।

तलको पत्रले माथि लेखिएका कुरालाई प्रमाणित गर्छ—

**(श्री ५ गीर्वाणको प्रशस्ति)**

**स्वस्ति श्रीराजभारासमर्थ श्रीसर्दार भक्ति थापाके आशीषपूर्वकपत्रमिदं.**

**जाहां कुशल ताहां कुसल चाहिय. आगे ईहांको समाचार भलो छ.**

**भदवका दिन २७ जांदा लेष्याको अर्जि आश्विण शुदि १४[1] का दिन आईपुग्यो. अर्थ जाहर भयो. उप्रान्त असारका दिन १० जांदा गढमा आईपुग्यां. दिन २७ जांदा छोरो सर्बजीत् थापा षस्यो. भदवका दिन ८ जांदा उस्की आमा षसी....[2] ले एस्तो पार्दा अर्जि लेषनाको पनी ढील्**

१. असोज २७ गते । २. दैव ।

भयो. सबै कुराको बिसह्यार पर्‍यो भंन्या बिस्तार र ढाक्र्या भयाका सिपाहि झिज्याउं छन् भंन्या कुरासमेत् जो टहल्मा लाया जान्छ हाजिर्छु भनी लेष्याको बिस्तार जाहर भयो.

स्वास्नी र छोरा षस्याका अर्थ उत्पति प्रलयको मालिक्...[1] छ. सन्सारको चलन् जन्मनु मर्नु लाग्यैको छ. उस्का ईछाले उं न्लाई लैग्यो तपनी घरमा कबिला[2] अरु छोरा छं देछन्. तेस्कुराको फिकर गरि केही पुग्दैन. रहन्यालाई सधाई सिकाई तेरा बिडामा बसि हाम्रो टहल् पुन्याउं न सक्न्या गरि तयार गराउंन्या काम गर्नु.

षांनादाना र ढाक्र्या बुझांउनाका अर्थकन गढमा १ त दुं न झिकियो. दोश्रो जांच गरि कप्तानी षांन्गी बांधी रुपैया भरि दिनु भंन्या सवाल पट्टा ली काजी बाहादूर भडारि सुबा दसरथ् षत्रीलाइ बिदा गर्‍याको थियो र ईनसित रित मिली रुपैया ली षांन्या पाठमा तेरो चित्त रमावैन भंन्नानिमित्त गढको ३ कप्तानीमा ईन्द्रवीर बस्न्यात १ चंद्रवीर कवर १ सम्सेर राना १ भया. कुमाउं र श्रीमोरमा गरि ५ कंपनी तैनाथ र ५ हजार षांन्गी पुन्याई सर्दार भक्ति थापालाई बुझाव-काजमा राष. दर्शन् भेट पठाईदेउ र साल पगरि सवाल पट्टा बक्सी पठाउला भनी बुढाकाजीलाई लेषी पठायाको छ.

आजसंम्म पनि काजैले तं लाई बढायाको छ. आजप्रांन्त पनी काजले बढाई बकसन्यैंछौं. गोलबोलसमेत मुहुं डाको काजमा बस्. हाल् ताहांबाट उठि जांनाको तेरो गछ्य र फुर्सत्ले पुग्न्याछैन भन्या मोहर पुग्निबितिकं हुकुम्को सायत् गरि हांम्रा हजूर आ.

ईति सम्वत् १८६७ साल मिति कार्तिक वदि १ रोज ७[3] मुकाम कांतिपूर शुभम्.

(हिंमवत्संस्कृति ३ अङ्कका १६–१७ पृष्ठमा छापिएको यस चिठीको सकल भक्ति थापाका सन्तान डा. आनन्दबहादुर थापासँग छ । उहाँको सौजन्यले सकलबाट भिडाई शुद्ध पाठ यहाँ दिइएको छ ।)

वि. सं. १८६७ मा चन्द्रवीर कवरले गढवालका ३ कप्तानी खान्गीमध्येमा १ कप्तानी पाएको कुरा भरखरै माथि उल्लेख गरिएको हो । चन्द्रवीर कवरको खायल कालीप्रसाद पल्टनको सो कप्तानी खान्गीमा वि. सं. १८६८ भदौ १० गतेको दिन हाम्रा भक्ति थापा नियुक्त गरिएको कुरा तलको पत्रबाट बुझिन्छ—

(श्री ५ गीर्वाणको प्रशस्ति)

आगे प्रताप थापाको नाति अंम्बंरसिं थापा पद पुंवार वतन लमजुंङ्ग भक्ति थापाके चन्द्रविर कुवरको षायल गढको कालीप्रसाद पलटनका कपतानी मानको पगरी बक्स्यौं. तस्को षानगि षेत

---

१. ईश्वर । २. कबिला=स्वास्नी ।

३ वि. सं. १८६७ कार्तिककृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| असोज | २९ | शनि | परेबा | ३७ | १८ |

(पात्रोबाट)

षुवाको ज्मा रुपैया पाँच हजार ५००१ यक षानु औ गडका कंम्पनि ५ र आफ्नु षानगी जील्लै गढवालमा जाचकिले जग्गा छुट्याईदियाबमोजीम लिनु. आफ्ना षानगी आफूले षानु. कंम्पनी ५ को रैंबन्दीबमोजीमका षानगि कंम्पनिलाई दिनु. आफ्ना षातिरज्मासंग आफ्ना पल्टनको जबान हाजीर रुजु राषी लडाजीभिडाजी हालहुकुममा रुजु रहि हाम्रा निमकको सोझो चीताई जागीर जानी भोग्य गर.

ईति सम्वत १८६८ साल मिति भाद्रवसुदि ६ रोज ७[१] सुभ्म्

मार्फत् बालनरसिं कुंवर

(हिमवत्संस्कृति ३ अङ्कको १७ पृष्ठमा छापिएको यस पत्रको सकल भक्ति थापाका सन्तान डा. आनन्दबहादुर थापासँग छ । उहाँको सौजन्यले सकलसँग भिडाई यहाँ शुद्ध पाठ दिइएको छ ।)

भक्ति थापाले देउरालीमा पौवा बनाएको कुरा भरखरै माथि लेखिएको छ । त्यो पौवाको संरक्षणको लागि श्री ५ महाराजाधिराजबाट त्यतैतिरको ४० मुरी (१० रोपनी) खेत वि. सं. १८६८ भदौ १४ गते गूठी राखिदिएको कुरा तलको पत्रबाट बुझिन्छ—

आगे कपतान भक्ति थापाके लमजुङमध्येका देउराली[२]का पौवा बनायाको तेस पौवाको गुठ रूपाकोट[२]का अम्बलमध्ये रामदत्त पण्डितका भातमुलपट्टि ६० मध्ये मुरि ३० खडकागाउको खाडल्यापट्टिको चिडिबोटयाका पुछारको मुरि ।१० ज्मा मुरी ४० पौवाको गुठ राखिबक्स्यौं. आफ्ना खातिरज्मासित पौवा चलाई गुठ जानि भोग्य गर.

इति सम्वत् १८६८ साल मिति भादौशुदि ९ रोज ४[३] शुभ्म.

(जैसीकोठामा रहेको अप्रकाशित यस पत्रको नकल गूठीअड्डाको गु.ल. सा. ब. नं. ३७७ मा छ । त्यहींबाट पिताज्यू श्रीपं. नयराज पन्तले सारी लिनुभएको प्रतिबाट यो पत्र यहाँ दिइएको हो ।)

(क्रमशः)

---

१. वि. सं. १८६८ भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भदौ | १० | शनि | पञ्चमी | २५ | १४ |

(पात्रोबाट)

पञ्चमीको घडी २५।१४ उप्रान्त षष्ठीमा यो पत्र लेखिएको देखिन्छ ।

१. मादीनदीपारि पश्चिमपट्टि देउराली छ । २. देउरालीसँगै रूपाकोट छ ।

३. वि. सं. १८६८ भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भदौ | १४ | बुध | नवमी | २५ | २४ |

(पात्रोबाट)

# अप्रकाशित ६ वटा ऐतिहासिक पत्रहरू

–दिनेशराज पन्त

पूर्णिमा १७ अङ्कमा मैले कौसी तोशाखानामा पाइएका २५ वटा पत्र छाप्दा श्री ५ प्रतापसिंह र श्री ५ रणबहादुरले राजकुमार बहादुर शाहलाई लेखेका १६ वटा पत्र प्रकाश गरेको थिएँ । ती पत्रहरूबाट बहादुर शाह बिदेसिएपछि उनको राजदरबारसँगको सम्बन्ध तथा अरू तात्कालिक निकै कुरा विशद तथा प्रामाणिक रूपमा बुझ्न मदत पाइएथ्यो । खोजी गर्दै जाँदा पाइएका त्यस विषयका अरू ६ पत्र अहिले यहाँ दिँदैछु ।

### *श्री ५ प्रतापसिंह शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३३ मा लेखेको पत्र*

### (१ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणीनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूर्सम्सेर्जङदेवानां सदा समरविजयिनाम्.**

**लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रभिदं. इहां कुसल. ताहां कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत तं पालपा गइस्. पालपाबाट पनि मधेस जान्छस् भंदा सुन्दछौं. परंतु मधेस् जांदा त बाप्दादाको[1] नाउ सम्झि आफ्नु पौच्[2] हेरि प[3] जान्या ठाउं हो. बुझि विचार गरी गया सभै कुरो बन्दछ. उप्रांत तैंले श्रीबबाज्युका बर्षमहा संकल्ष गरी गूठ राष्न छोडि गयाका रुपैयाको माटो छुटचाइ राष्याछौं. भरे भोलि गुठियारको ठिक् गरि जिम्मा गरीदिछौं. बांकि इहांका हकिगत्का[4] अर्थकन बाभन्नानिलाइ पटना पठाइंउं. कति काजकन भन्या हाम्रा तरियानिको[5] सांधसिवाध[6] सच्याउनु थियो. इजाराको[7] काज पनि बनि आया गर्नन् भन्नानिमित्य पठाइउं. मंसिर्का दिन २६ जांदाको साएत् गरि हिंड्या.**

---

१. बाप्दादाको = बाबुबाजेको । २. पौच् = सामर्थ्य । ३. प = पो । ४. हकिगत् = हालखबर । ५. तरियानिको = तराईको । ६. सांधसिवाध = साँधसीमाना । ७. इजारा = ठेक्का ।

बाभन्नानिका साथ गंगास्नान गर्न भनि धर्मागत् पंडित[1] अरु २।४ भला मानिस् पनि गया. बांकि धोकर्ल्सि[2] पनि भागेर मधेसतिर जांछ भनि अघि हामिले चाल पायाको थियो. पछि वल्लाकिरांतमा १।२ किरांतिले कुल्[3] गर्‍या र मंजि भया साफ् गर्न[4] जांछु भनि बिंति गर्‍यो र काज गरी आवला त पनि बढियै होला. भागि जाला त पनि एक बेर बुझि थाकि आउला भनि पठायांभ्यु. सिधुलिको बाटो मधेसतिर लागेछ. उप्रांत नारान् पुरोहित रामभद्र पंडितहरु[5] पनि ग्रहनस्नान गर्न कासी गया. रनगंज[6] पनि बिदा त कासी जांछु भनि बिंति गर्न आएथ्यो. परंतु यो पनि उदास छ भनि अघि हामिले बुझ्यैको थियो. ग्रहनस्नान गरि आउला त पनि बढियै

---

१. यी धर्माङ्गद पण्डित पृथ्वीनारायण शाहका पालाका प्रसिद्ध पण्डित हुन् (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १०७७–७८, ११७५–७८ पृष्ठ हेर्नुहोस्) ।

२. यी धौकलसिंह बस्नेत शिवरामसिंह बस्नेतका कान्छा छोरा हुन्—

सञ्जातः शिवरामवीर इति यः श्रीपालिवंशोत्तम–
स्तस्याऽमी तनयाः प्रणीतविनयाः शौर्य्यार्य्यवीर्य्याश्रयाः ।
ज्येष्ठो नाहरसिंह एव तदनु प्रोद्यद्यशाः केहरी–
सिंहो मन्त्र्यभिमानसिंहसुमतिर्यस्याऽनुजो धौकलः ॥१॥

(मानमन्दिरको अभिमानसिंह बस्नेतको वि. सं. १८३३ को अभिलेखबाट । यो अभिलेख संस्कृत सन्देश १ वर्ष ५ अङ्कमा योगी नरहरिनाथद्वारा प्रकाशित भएको छ ।)

[श्रीपालिवंशमा श्रेष्ठ भएका शिवरामसिंह जन्मनुभयो । उहाँका विनय, शुऱ्याइँ, आर्यस्वभाव तथा पराक्रम भएका यी छोरा जन्मनुभयो । ज्येठा नाहरसिंह, माहिला ठूलो कीर्ति भएका केहरीसिंह, साहिँला बुद्धिमान् मन्त्री अभिमानसिंह, कान्छा धौकलसिंह हुनुभयो । ]

३. कुल् = विद्रोह । ४. साफ् गर्न = विद्रोह दबाउन ।

५. यी रामभद्रले वि. सं. १८३६ मा बनाएको प्रशस्तिरत्नम् योगी नरहरिनाथद्वारा सम्पादित भई प्रकाशित भएको छ ।

६. यी रणगञ्ज पृथ्वीनारायणका कान्छा भाइ शूरप्रतापका छोरा हुन्—

सन्ताडितानेकधरापतिः श्रीशूरप्रतापात्मजयुद्धशाली ।
सङ्गृह्य शक्तिं रणगञ्जनामा हुंनादमुक्त्वा गजमारुरोह ॥२०॥

(जयरत्नाकरनाटक चतुर्थ कल्लोल)

[अनेकौँ राजाहरूलाई जितेका शूरप्रतापका छोरा लडाका रणगञ्ज पनि शक्ति लिएर हुंकार गर्दै हात्तीमा चढे । ]

(जयरत्नाकरनाटक ८०,१८४ पृष्ठबाट)

**होला. आवँन त पनि अलिक् थाकि आवस् भन्नानिमित्ये षर्चबर्च दि बिदा गरीउं. गयो. धनबंतको[1] साढुभाइ[2] जैंसि भन्याको मधेस्या साथै छ. उप्रांत इहांका बिफरका डरले अलि दिन भोटको रस्ता[3] पनि थुनियेथ्यो. बिफर सुस्ति रहनि मात्र भोटको रस्ता पनि चलिरहेछ. परंतु येस् हिउंले अलिक् दिन अट्कला. विज्ञेषु किमधिकं. इति पौष वदि ८ रोज ५[4] मुकाम कांतिपूर शुभं**

यस पत्रमा मिति पौष वदि ८ रोज ५ लेखिएको छ ।

पृथ्वीनारायण शाहको वि. सं. १८३१ माघ १ गते मृत्यु भएपछि प्रतापसिंह राजगद्दीमा बसेका हुन् तथा वि. सं. १८३४ मार्ग ६ गते उनको मृत्यु भएको हो ।[5] यस पत्रमा पृथ्वीनारायण शाहको बर्खी सिद्धिसकेको कुरा परेको छ । यस कारण यो पत्र वि. सं. १८३१, १८३२, १८३४ मा लेखिएको हुन सक्तैन । वि. सं. १८३३ मा मिल्छ कि भनी पात्रो पल्टाई हेर्दा मिल्न आयो । यस कारण यो पत्र वि. सं. १८३३ मा लेखिएको स्पष्ट हुन्छ ।

वि. सं. १८३३ पौष २२ गते प्रतापसिंहले "तँ पालपा गइछस्; अब मधेस जान्छस् भन्ने सुनेको छु; तर मधेस जाँदा विचार गरेर मात्र जानुपर्छ; तैंले बुबाज्यू (पृथ्वीनारायण)को बर्खीमा संकल्प गरेर गूठी राख्न छोडेर गएको रुपैयाँको जग्गा ठीक गरिराखेका छु; अब चाँडै नै गुठियारको जिम्मा लाउने भएको छु; तराईको साँधसिमाना सच्च्याउने कुराको बन्दोबस्तको लागि बाहुननानीलाई मंसीर २६ गतेको दिन पटना पठाएँ; त्यहाँ उनले ठेक्काको काम पनि मिलाउनेछन्; बाहुननानीसँगै धर्माङ्गद पण्डित र अरू मानिस पनि गङ्गास्नान गर्न भनी गए; धौकलसिंह बस्नेत भागेर मधेसतिर जान्छ भनी मैले अघि नै थाहा पाएको थिएँ; त्यसै वेला वल्लोकिरातमा १।२ जना किरातीले विद्रोह गरे; हुकूम पाए म विद्रोह दबाउन जान्छु भनी धौकलसिंहले बिन्ती गरेको हुनाले काम फत्ते गरेर आयो भने पनि बढियै भयो; भाग्यो भने पनि बुझेर थाकेर आउला भनी पठाएँ; धौकलसिंह सिँधुलीको बाटो मधेसतिर लागेछ; नारायण पुरोहित र रामभद्र पण्डितहरू ग्रहणस्नान गर्न भनी काशी गए; रणगञ्ज पनि काशी जान्छु भनी विदा माग्न आएथ्यो; यसको मन पनि ठीक छैन भन्ने कुरा पहिलेदेखि नै मलाई थाहा थियो; ग्रहणस्नान गरेर आए पनि वेसै भयो; नआए पनि बुझेर थाकेर

---

१. यी धनवन्त प्रधान पाटने काजी हुन् । पछि यिनी पृथ्वीनारायण शाहसँग मिल्न आएका थिए । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७९६–९७, ८७२–७४ पृष्ठ हेर्नुहोस्) ।

२. साढुभाइ=सालीको लोग्ने । ३. रस्ता=बाटो ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३३ पौष कृष्ण (पूर्णान्तिमानले)

| गते | | वार | तिथि | घडी |
|---|---|---|---|---|
| पौष | २२ | बृहस्पति | अष्टमी | २० |

**(पात्रोबाट)**

५. पूर्णिमा १७ अङ्कका ३२, ३७, ४३ पृष्ठ हेर्नुहोस् ।

आउला भनी खर्चबर्च दिएर पठाएँ; धनवन्तको सालीको लोग्ने जैसिं भन्ने मधिसे सँगै छ; यहाँ बिफरको प्रकोप भएकोले केही दिन भोटतिरको बाटो बन्द भएको थियो; अहिले त चलिरहेछ; तर हिउँले गर्दा राम्रो चल्न सकेको छैन'' भनी बहादुर शाहलाई पत्र लेखे ।

यस पत्रबाट तात्कालिक केही कुरा प्रकाशमा आएका छन् ।

पृथ्वीनारायण शाहले विजय गरेका मकवानपुर, चौदण्डी, विजयपुर यी ३ सेन राज्यको राज्यक्षेत्रमा पहाडी भागको साथै तराई पनि थियो । पृथ्वीनारायण शाहको पालामा नै ती तराईहरूको विषयमा टुङ्गो लागिसकेको थियो तापनि त्यस विषयमा वारंवार कचिङ्गल उठिरहन्थ्यो । कुनै प्राकृतिक सीमाना नभएकोले पनि बराबर साँधसीमाना सच्च्याइरहनुपर्थ्यो । यसैले यस वेला साँधसीमाना सच्च्याउने कामको लागि बाहुननानी पटनामा खटिएका हुन् । यी बाहुननानीको धेरै पत्रमा उल्लेख आएको छ तापनि यिनको परिचय भने पाउन सकिएको छैन । तल आउने ४ संख्याको पत्रमा यिनलाई छथर भनिएकोले यिनी पाँडे, पन्थ, अर्ज्याल, खनालमध्ये एक हुन् भन्न सकिन्छ ।

पृथ्वीनारायण शाहको अन्तिम समयमा किरातप्रदेश विजय भएको हो[1] । त्यस कारण त्यहाँ लब्धप्रशमनको काम राम्रोसँग पूरा नभएकोले बराबर विद्रोह भइरहन्थ्यो । यसै गरी वि. सं. १८३३ मा पनि वल्लोकिरातका केही किरातीहरूले विद्रोह गरेका र त्यसलाई दबाउन भनेर गएका धौकलसिंह बस्नेतचाहिं मुगलानतिर भागेर गएको उल्लेख यस पत्रमा परेको छ । त्यो विद्रोह पछि कसरी शान्त गरियो, त्यो कुरा भने पत्रबाट खुल्दैन ।

आफ्ना भारादारहरू केही कारणवश असन्तुष्ट भई उनीहरूले अपराध गरे भने उनीहरूलाई सोझै कडा सजाय नगर्नू, कुनै लडाइँमा झोसिदिनू, लडाइँ जिती आए पनि वेसै भयो, लडाइँमै उनको मृत्यु भयो भने पनि वेसै भयो भन्ने नीति पृथ्वीनारायण शाहको थियो[2] ।

यस पत्रमा प्रतापसिंहले पनि यस्तै नीति लिएको देखिन्छ । धौकलसिंह बस्नेत असन्तुष्ट छन् भन्ने कुरो थाहा भएपछि पनि उनलाई किरातप्रदेशतिर खटाएको उपर्युक्त घटनाले यस कुराको पुष्टि गरेको छ ।

---

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९१४–१९, ११५४–६१, ११६६–६९, १०७९–८२, ११८६,११८८ पृष्ठ हेर्नुहोस् ।

२. **पाडे बस्न्यात् पंथ भैयाद मंग्रलाई मारातप् दिदा आलोपालो पालो गरि षान दिनु. ई मेरा नुन्गुन्का स्वज्ञा सेवक हुन्. ईनीहरूको जीव जान्या बिराम गऱ्याको भया पनि आफुले नमार्नु. बरु मारातप दियेर लडाजीमा झोसिदिनु र जिव जोगाई आयो भन्या बढिया भयो. मरिगयो भन्या आफुले मार्नु अर्कैबाट मारिदियाको बढिया हुन्छ. तब राजाले सेवकलाई घरमा नमार्नु.**

(पृथ्वीनारायण शाहको उपदेशबाट)

## *श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३५ मा लेखेको पत्र*

## (२ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङदेवानां सदा समरविजयीनाम्**

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्‌बहादूरसाहदेवेषु सदा समरविजयीषु सलाम्पूर्बकपत्रमिदं. ञाहा कुशल. तांहा कुशल चाहिये. पत्र आयो. अर्थ मालूम भयो. आगे इहाको समाचार भलो छ. उप्रान्त माघको दिन २१ जादा आदित्यवार घरि बाह्र रात बिताइ[१] मर्स्यां दिको ढुकुदिघाट मन्यांघाटबाट हाम्रो फउज तऱ्यो. ढुंगा काडको जुझ[२] पनि भयो. १।२ घायल पनि भया. हामि पनि झोलंगा हाल्न लागिरह्याछौ. विस्तार पछिबाट लेषौला भनि लेषनुभयेछ. पारि तर्नाको सब्य असब्य चांजो हामिले हिजो लेष्याथ्यु. ताहा काज आटिकन पनि फौज पारि तरि गयेछ. अब र जस प्रकार्ले काज बन्न्या सप्रन्या हुन्छ. सो प्रकारले चांजो गर्नुहवस्. श्रीइश्वरीले फत्यै[३] गराउन्याछन्. विशेषु किमधिकं. सम्वत् १८३५ साल फाल्गुण वदि ४ रोज ५[४] मोकाम कान्तिपूर शुभम्.**

प्रतापसिंहको मृत्युको लगत्तै बहादुर शाह काठमाडौं आए । परन्तु देवर बहादुर शाह र भाउजू राजेन्द्रलक्ष्मीमा खटपट हुन लाग्यो । आखिरमा वि. सं. १८३५ भाद्र १९ गते राजेन्द्रलक्ष्मी नजरबन्द भइन् । राजेन्द्रलक्ष्मीका समर्थक सर्वजित् राना काटिए । यसको पर्सिपल्ट भाद्र २१ गते बहादुर शाहले राजाको लालमोहर लिई आफू शासक भएको कुराको घोषणा गर्न लगाए[५] ।

बहादुर शाह बाबु जस्तै विजिगीषु प्रवृत्तिका थिए । यसैले उनले आफू शासक भएको २ महीनापछि नै पश्चिमतिर आक्रमण गर्न फौज खटाए[६] । त्यस वेला पश्चिमतिरको लडाइँमा

---

१. घरि बाह्र रात बिताइ = रातको १०।। बजे । २. जुझ = लडाइँ । ३. फत्यै = विजय ।
४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३५ फाल्गुन कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| माघ | २५ | बृहस्पति | चतुर्थी | ४९ । ५५ |

(पात्रोबाट)

५. पूर्णिमा १७ अङ्कका ४६–४७ पृष्ठ हेर्नुहोस् ।

६. पूर्णिमा ७ अङ्कका ७३–७४ पृष्ठ हेर्नुहोस् ।

स्वयं बहादुर शाह पनि गएका थिए भन्ने कुरा यस पत्रबाट बुझिन्छ ।

बहादुर शाहले "माघ २१ गते राती १०॥ बजे हाम्रो फौजले मन्याङघाट र ढुकुर्दीघाटबाट मर्स्याङ्दी तन्यो; दुङ्गा र बाणको लडाईं भयो; १।२ जना घाइते भए; हामी झोलुङ्गे पुल हाल्न लागिरहेका छौँ; विस्तारपूर्वक पछि लेखौँला" भनी राजदरबारमा लेखे । यसको जबाफमा यहाँबाट वि. सं. १८३५ माघ २५ गते "पारि तर्नेविषयमा हामीले पहिले नै लेखेका थियौँ; त्यहाँ काम क्षाँटेर फौज पारि तरेर गएछ; अब जे गर्नाले काज फत्ते हुन्छ; त्यो काम गर्नुहवस्; ईश्वरीको अनुग्रहले अवश्यै जित हुनेछ" भनी बहादुर शाहलाई लेखी पठाइयो ।

यसरी आफ्नो हातमा शासनाधिकार आउनेबित्तिकै पश्चिमतिर बढ्न स्वयं बहादुर शाह नै गएको उल्लेख परेको यस पत्रबाट बहादुर शाहको मनमा खेलिरहेको योजनाको केही झलक पाइन्छ ।

## *श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३७ मा लेखेको पत्र*

## (३ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ्गदेवानाम् सदा समरविजयिनाम्**

**लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. पत्र २ आयो. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत तहाँको हालहाकीगत्[1] र हाथिको अहवाल[2] लेषि पठावनुभयेछ. विस्तार सुन्युं. अझ पनि तहाको हालहकीगत लेषदै गर्नुहोला. बाकि डांका दि लैग्याको अलौको कुरामा ग्रीम्साहेबले एस्तो एस्तो भन्या. मैले एस्ता तरहसित जबाफ् सबाल गऱ्यां भनि लेषनुभयेछ. बहुतै बनावनुभयछ. बाकि रह्याका हाथि पनि बाभन्नानिहरु महेसिमा गइ ग्रीमसाहेबसित भेट गरी छुटायाछन्. अलिक दिनमा हांथिसारमा आइपुगछन्. बाकि कासि जानाका अर्थकन बाभन्नानिहरु आइपुग्यापछि सल्लाहाले जानु होला. वाहासम्म त बस्यैका छौं भनि लेषनुभयछ. बढिया हो. बाभन्नानिहरु आइपुग्यापछि सल्लाहाले जानुहोला. बाकि राजा...लाइ एस्ता तरहसित षिलत्[3] आयेछ. ब्यालिरामलाई पनि षिलत् भयेछ भनि लेषनुभयेछ. विस्तार सुन्यु. बाकि फौद्याले सेवकको गर्नु गरीराषेछ. उसकन दोष छैन. परन्तु अंगरेजसंग सलुक[4] राषौं भन्या तागिर गर्नैपर्ला भनि लेषनुभयेछ. योग्यै लेषनुभयेछ. अंगरेजका विनामत् तुलसी राउतले कर्चुलियासग दिल मिलाइ हाथि चोरी लेज्यादा अंगरेजका विनासल्लाहाले तन्ले हाथि लैग्या त मैले पनी षामीद[5] वया साधनुपर्छ भनि हाथि ल्याया. जस्तो**

१. हालहाकीगत् = हालखबर । २. अहवाल = विवरण । ३. षिलत् = राजा महाराजद्वारा पुरस्कारका रूपमा दिइने वस्त्र, गहना आदि । ४. सलुक = मेल । ५. षामीद = मालिक ।

गरी उनले लग्या. तस्तै गरी हाम्रा सुब्बाले ल्याया. निसाफ्ले बरोबर भयाको छ. हाथि ल्याउदा कर्चुलियाहरुले हात चलाउदा उ मारीया. अरु मोगलानाको रैतिकन छुयाको पनि छैन. गाउमा धुम्[1] गऱ्याको पनि छैन. तेत्ति हाथिका कुरामा कलकत्ताबाट बढियै देषिंछ. धुम उठऱ्या केहि देषिदैन. दिनानाथले[२] बढियै कुरो लेषछन्. पटनाका बडासाहेबबाट ग्रीमसाहेबका नाउमा हाथि फिराइदे भनि प्रवाना[३] मानर्सीले गराइ पठायछ. बाकि फौद्यालाइ नषोसी भयन भन्या हाम्रो मुषालीफ्[४] मकवानी साहेबकन ग्रीमसाहेबले गोद लि राष्याछन्.[५] तनलाइ सौंपुन्. हामि पनि फौद्याकन षोसौंला. संवत् १८३७ साल माघ शुदि १५ रोज ५[६] मोकाम शुभम्

वि. सं. १८३६ आषाढ १० गते राजेन्द्रलक्ष्मी कैदबाट छुटिन्, बहादुर शाह नजरबन्द भए । यसको केही कालपछि बहादुर शाह बिदेसिए । बिदेसिए तापनि बहादुर शाहको राजदरबारसँग सम्बन्ध रही नै रह्यो [७]।

वि. सं. १८३७ को हिउँदमा बहादुर शाहले बेतियाबाट २ पत्र पठाए । त्यसमा उनले हात्तीसंबन्धी विवरण लेखी पठाएका थिए । अलौमा डाँका लागेको कुरामा ग्रीमसाहेबसँग आफ्नो कुरा भएको विवरण पनि उनले दिएका थिए । "बाँकी रहेका हात्ती पनि बाहुननानी-हरूले महेसीमा गएर ग्रीमसाहेबसँग भेट गरेर छुटाएछन्; उनीहरू केही दिनमा हात्तीसारमा आइपुग्छन्; बाहुननानीहरू आइपुगेपछि सल्लाह गरेर काशी जान्छु; ...राजालाई खिल्लत आयो; ख्यालीरामलाई पनि खिल्लत आयो; फौद्याले सेवकले गर्ने काम गरिरहेकै छ; तर अंग्रेजसँग मेल राख्ने हो भने फौद्यालाई खोस्नैपर्ला" भनी लेखेका थिए । त्यसको उत्तरमा वि. सं. १८३७ माघ ३० गते यहाँबाट "तपाईंले ग्रीमसाहेबसित भेट गर्नुभएको ठीकै भयो; अङ्ग्रेजसँग सल्लाह नगरी तुलसी राउतले कर्चुलियासँग मिलेर हात्ती चोरेर लगे; अङ्ग्रेजसँग सल्लाह नगरीकन उनले हात्ती लगे भने मैले पनि मालिकसँग किन साध्नुपर्छ भने जस्तो गरेर हाम्रा सुब्बाले हात्ती ल्याए; निसाफले बराबर भएको छ; हात्ती ल्याउँदा कर्चुलियाहरूले हात चलाउँदा उ मारियो; हात्ती ल्याउँदा मुगलान (भारत)का अरू दुनियाँलाई छोएको पनि छैन; गाउँमा गडबड गरेको पनि छैन; हात्तीको कुरामा कलकत्ताबाट नराम्रो हुने छाँट छैन भनेर

---

१. धुम् = गडबड ।

२. यी दीनानाथको परिचय पूर्णिमा १९ अङ्कको २०१ पृष्ठमा हेर्नुहोस् ।

३. प्रवाना = आज्ञापत्र । ४. मुषालीफ् = विरोधी । ५. गोद लि राष्याछन् = काखमा लिई राखेका छन् (धर्मपुत्र बनाई राखेका छन् ।)

६. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३७ माघ शुक्ल

| गते | | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| माघ | ३० | बृहस्पति | पूर्णिमा | ५० । ४० |

[यो गणना श्रीदेवीप्रसाद भण्डारीले गरिदिनुभएको हो ।]

७. पूर्णिमा १७ अङ्कको ४७ पृष्ठ हेर्नुहोस् ।

दीनानाथले लेखेका छन्; पटनाका बडासाहेबबाट ग्रीमसाहेबको नाउँमा हात्ती फिराइदेऊ भन्ने पत्र मानसिंहले गराई पठाएछ; फौद्यालाई खोस्नै पर्ने हो भने ग्रीमसाहेबले धर्मपुत्र बनाइराखेका हाम्रा विरोधी मकवानी रांजकुमार हामीलाई सौंपून्; हामी पनि फौद्यालाई खोसौंला" भनी पत्र लेखियो ।

मकवानी राजकुमारलाई ग्रीमसाहेबले धर्मपुत्र बनाएको उल्लेख यहाँ परेको छ ।

दिग्बन्धन सेनका एकजना छोरा भूवर सेन वि. सं. १८३७ मा कैदबाट भागेर बेतिया पुगेको तथा त्यहाँ उनलाई सन्मानपूर्वक राखिएको कुरा हेमिल्टनले लेखेका छन् । सो वर्णन यस प्रकारको छ—

**इन् द मीन् ह्वाइल्, हिज् ब्रद्अर्–इन्–ल्॰ दिग्बन्धन्, हिज् वाइफ्, यॉन्ड् सेभेन् सन्ज् वेर केप्ट् इन् क्लोस् कन्फाइन्मेन्ट्......इन् द यर् १७८० भूबर्, वन् अफ् द सन्ज् अफ् दिग्बन्धन्, इफेक्ट्इड् हिज् इस्के॰प् टु बेतिया, इन् द कम्पनिज् टेर्इटरि, ह्वेर् ही वज् काइन्ड्लि रिसी-भ्ड्, यॉन्ड् टू भिल्इज्इज्, फ्री फ्रम् दि अब्लिगे॰शन् अफ् पेइङ एन्ड् रेभ्इन्यू, वेर् ग्रान्ट्इड् टु हिम् ।**

[फ्रान्सिस हेमिल्टनको "यॉन् अकाउन्ट् ऑफ् द किङ्गडम् ऑफ् नेपान (नेपाल अधिराज्यको वर्णन) को १४५ पृष्ठबाट]

[यही बीचमा उनका (पृथ्वीनारायणका) जेठान दिग्बन्धन उनकी रानी तथा सात जना छोराहरू कडा कैदमा राखिए । दिग्बन्धनका एकजना छोरा भूवर सन् १७८० (वि. सं. १८३७ आ.) मा कम्पनीको सरहद बेतियामा भागेर आए । त्यहाँ उनी दयापूर्वक राखिए । कुनै पनि मालपोत तिर्नुनपर्ने गरीकन उनलाई दुइ गाउँ दिइए ।]

यस पत्रमा "मकवानी साहेबलाई ग्रीमसाहेबले गोद लिई राख्याछन्" भनी यही घटनालाई लक्ष्य गरिएको हो ।

यस पत्रमा अङ्ग्रेजपक्षका र नेपालपक्षका मानिसको हात्तीको विषयमा हानथाप भएको तथा बाहुननानी गएर ग्रीमसाहेबसँग भेटघाट गरी कुरा मिलाएको उल्लेख परेको छ । तर राम्रोसँग कुरा खुल्दैन । यस कारण अरू सामान नपाइन्जेल यस विषयमा बढी कुरा बोल्न सकिँदैन ।

फौद्यानामक व्यक्तिलाई अङ्ग्रेजहरूले खोसाउन जोड गरेका र नेपालसरकारले चाहिँ मकवानी साहेबलाई सुम्पे मात्र फौद्यालाई खोस्ने शर्त राखेको उल्लेख पनि यस पत्रमा परेको छ । फौद्या को हुन्, त्यस वेला उनी के पदमा थिए इत्यादि केही कुरा पनि थाहा नपाइएकोले यस विषयमा बढी बोल्न सकिदैँन । तर एक राज्यले अर्को राज्यसँग शर्तको रूपमा राखिएको यो काण्ड खोजीको विषय बन्न गएको छ ।

यस पत्रमा उल्लिखित पटनाका बडासाहेब, बेतियाका ग्रीमसाहेब, मानसिंह तथा ख्यालीरामको परिचय पनि पाउन सकिएको छैन ।

पू. ६.

यसरी यो पत्र विशेष महत्त्वपूर्ण छ । तर यहाँ उल्लिखित मकवानी साहेबसँग सम्बद्ध कुराबाहेक अरू केही कुरा पनि स्पष्ट रूपमा बुझ्न सकिएको छैन ।

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३८ मा लेखेका ३ पत्र

## (४ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ्गदेवानां सदा समरविजयिनाम्

लि स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत एति दिन् जादा पटना पुग्युं भन्नाको विस्तार घडा ८ गंगाजलसमेत नेवार पुतुवारहरु आइपुग्या. उप्रांत आफु जांदाषेर श्रीममाज्यु बिसंचि हुनुहुन्थ्यो र कुरोकहनि केहि हुन पायेन. षर्चबर्चको चांजो पनि केहि परेन. ताहा ढिल भया पठावनु आटचाको थियो. चौबिसि भै सिंजुंमा आइरहेछ. गंगास्नान गर्न जानुभयाको हो. स्नान भयाको भया माघैभित्र आइपुग्न्या नभयाको भया स्नान् गरि फागुनभित्र आइपुग्न्या गरि आवनुहवस्. गोर्षा भन्याको सबैको छाला हो. छालामा पर्दाको दिन् आवन्यै योग्य हो. उप्रांत दिनानाथलाई पठायाको काज उस्बाट पुगेन. सुमेस्वरको तराइ रौतहट् पचरौंताको काम् मकुवानि साहेबकन ल्याउनु एति तिन् थोक काज चल्चलावैमा[1] होइजान्या भया जति काज हुंछ. तपाइले गरि ल्यावनु. नभया तेति तिन् थोक काजको विस्तार बांभन्नानिलाइ अह्राइ पह्राइ षातिर्जामा[2] दिकन काज लाइ आवनुहवस्. तेति काज गरि बाभन्नानि पनि आउन्. एस् घरका छथर[3] हुन्. ताहा गया त पनि घर उन्को एहि हो. तेति काज गरि आउन्. जाहा साधिकन गर्न्या काज जति हो. विस्तार तपाईं आउंदा सोधपुछ गरि आवनुहोला. जाहाबाट मतो गरि चाहिदो कुराको उत्तरा विस्तार गरि बाभन्नानिछेउ पठाउंला. तसैमाफिक गर्नन्. अरु विस्तार पश्चिमतिरको समाचार नर्सिं जैसि आया बिंति गर्नन्. सो प्रमान. संवत् १८३८ माघ शुदि १२ रोज ७[4] शुभं

---

१. चल्चलावैमा = सजिलैसँग । २. षातिर्जामा = विश्वास । ३. छथर = पाँडे, पन्थ, अर्ज्याल, खँदाल, राना, बोहरा थर भएका गोरखाली राजाका पुस्तौनी भारादार ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३८ माघ शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| माघ | १७ | शनि | द्वादशी | १९ । २१ |

(पात्रोबाट)

## (५ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ्देवानां सदा समरविजयिनाम्

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयीषु सलामपूर्वकपत्रमिदम्. जांहा कुशल. तांहा कुशल चाहिये. पत्र २ आयो. अर्थ मालुम भयो. आगे आहांको समाचार भलो छ. उप्रांत बडासाहेबसंग[1] भेटघाट भयाको विस्तार बडासाहेब कलकत्ता गयाको विस्तार लेषनुभयछ. मालुम भयो. बाकि चौबिसिको षबर गर्मि सुनिइन्छ. श्रीकासीस्नान पछिबाट गन्या पनि होला. आज तांहा तस्तो जति पन्यो त आउछौ भनि लेषनुभयछ. सिंजुं वैरिले लियाको विस्तार लि तपाईलाई चलावन भनि नरसिं जैसिंकन पठाआथ्युं. पुग्या हुन्. उहांदेषि वैरि बढ्याको छैन. हाम्रा पनि सर्वत्रै गौडा बलियो गरि जांहा वैरि बढला. तांहि हानौला भनि बसिरह्याछन्. उत्तिकै छ. बडासाहेबसंग भेटघाट गर्नुभयछ. बढिया गर्नुभयेछ. उप्रांत दोश्रा चिठिमा मलाइ घटिया[2] बेथा लाग्यो. पादरिका हबेलिमा[3] सरिरह्याछौ भनि लेषनुभयछ. त्यो षबर सुनि मन बहुतै ताप भयो. क्या बेथा हो. कस्तो हो. त्यो विस्तार पनि केहि आयेन. तस्निमित्य बल्लभ बयद्य[4] विश्राम षवास् जश्राम षवास्कन पठाउं. तांहा पादरि पनि छन्. वल्लभ पनि आया. जस् प्रकारले हुन्छ. सरिरको उपाइ गरावनुहबोस्. संच नभयाको भया उपाइ गरि बाटोमा नदबाउन्या भै आवनुहबोस्. यो चिठि पुग्निबित्तिकै संच भयाको भया पनि नभयाको भया पनि षबर रात सांज गरि पठाइबिन्या. तांहाबाट निधो नआउन्ज्या हामिलाइ दोदिल्गि[5] छुट्न्याछैन. चांडो षबर आवोस्. चिठि ४ दिनको अघिपछि गरि लेषियाको रह्येछ. जांहा भन्या दुबै चिठि एकै दिन माघका दिन २४ जादा हामिछेउ आइपुग्यो. उप्रांत घटिया पन्याका ग्रहको दान गर्नानिमित्त हात्ति १ हातिसारबाट जान्छ. तोला ५ सुना एताबाट पठाइदियको छ. पुगला. चांडै गरि दान गर्नुहबस्. इति संवत् १८३८ फाल्गुन वदि ६ रोज २[6] मुकाम कान्तिपूर शुभम्

---

१. बडासाहेव = गभर्नर जनरल वारेन हेस्टिङ्ग्स । २. घटिया = खराप ।३. हबेलि = बङ्गला ।
४. यी वल्लभ वैद्यको परिचय पूर्णिमा १८ अङ्कको १२४ पृष्ठमा हेर्नुहोस् ।
५. दोदिल्गि = संशय ।
६. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३८ फाल्गुन कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २५ | आदित्य | पञ्चमी | १। | २० |

षष्ठी टुटेको छ । षष्ठीको अवम घडी ५४।२७ छ । (पात्रोबाट)

मूलपत्रमा रोज २ दिइएको छ । तर सो दिन सोमवार पर्दैन, आदित्यवार पर्छ । पात्रो नहेरी पञ्चमी आदित्यवारको भोलिपल्ट षष्ठी सोमवार भनी भूलले लेखिएको देखिन्छ । यस कारण यो पत्र माघ २६ गते सोमवार लेखिएको देखिन्छ ।

## (६ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महा-राजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्समसेर्जंङदेवानां सदा समरविजयिनाम्

लि स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदम्. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत सिंजुं वैरिले लि अडिइरहेछ भनि जस्राम् षवास् विश्राम षवास् आउदाषेरि लेषि पठायाथ्यु. अजित्गढको मंडली थुम्कामा हाम्रो नया ठाना पर्‍याको थियो. तेसैका नजिक् भच्याक भन्यामा वैरिले आड[१] ठाना बार्न आयो. अजित्गढमा रन्या लामाको जिम्मा गरि रहकला[२] २ पठायाको थियो. भच्याक भन्यामा वैरिले ठाना बार्दैमा हाम्राले रहकला चलाउँदा २०।२५ वैरि मर्‍याछन्. डाडामा ठहर्न नसकि डेरा षोल्सातिर सारि बस्याका थिया. तेस् पट्टितिर वैरिको केहि वाहान(?) लाग्दा ठाना थाम्न्याले ठाना थामि अरु फौजले माघका दिन २४ जादो सिरांचोक्को झिम्प्याक भन्यामा ३ काठ्या ठानु १ ढुंग्या ठानु २ आड बारि तयार गरेछ. हाम्राले उस्पट्टि हान्न जांछन् भन्नु षबर दिनैमा थाहा पाउंदा अजित्गढबाट ४ कंपनि तिलंगा सर्दा श्रीवर्सि थापालाइ षटाइ पठायाको रहेछ. उसै रात बिहांउंदो[३] आदित्यवार[४] बिहान चिप्ल्याटिको आड उछिन्न आयाको वैरिसंग लडाइं परेछ. तन्लाइ घर्काइ[५] सिरांचोक निस्क्याछन्. तहादेषि २ घरि दिन चढ्दा[६] झिम्प्याक् वैरिका ठाना हान्दा घरि ५ सम्म[७] साह्रै जुझ भयेछ. जुझदैका बिचमा काजि बलभद्र साह[८] फौजसमेत पुग्याछन्. वैरिका धन्राज थापासमेत बिस ६[९] ठानैभित्र गिड पर्‍याछन्.[10] वैरि घर्केछ[११] चेपेका छालसम्म लगारि काट्याछन्. चेपे तर्रि पारि जाइकन जना १५ वैरि काटि नगरा २ षोसि ल्यायाछन्. ठानाका र बाहिडा सम्म जम्मा सय ३ वैरिका गिड रह्या. सय ४।५ घाइता भया. पर्बत्या सर्दार् गनेस् मल् दिलाराम कार्कि जैसिं भडारि पनि ठानैभित्र रह्याछन्. को पर्‍यो को भाग्यो निधो भयाको छैन. तति भयापछि सिंजुंतिरको वैरि हान्न भनि अजित्गढ गयाछन्. सिपाहिले षानुपिनु गरि हान्न जाउं भंदाका बिचमा २६ सौ राति सबै ठाना छाडि वैरि भागेछ.

---

१. आड = बडे बडे रूख काटी चारैतिर दोहोरो पङ्क्ति गरी ती रूखका सत्तरीहरू गाडी दोहोरो पङ्क्तिको बीचमा बडे बडे ढुङ्गाहरू हाली मजबूत पर्खाल बनाई सो पर्खालभित्र आफ्नो फौजलाई बस्न बनाएको ठाउँ । २. रहकला = एक प्रकारको तोप । ३. बिहाउंदो = जाँदो । ४. आदित्यवार = माघ २५ गते । ५. घर्काई = हटाई । ६. २ घरि दिन चढ्दा = बिहानको ७॥ बजे । ७. घरि ५ सम्म = २ घण्टासम्म ।

८. यी बलभद्र शाहको परिचय पूर्णिमा १९ अङ्कको १९९ पृष्ठमा हेर्नुहोस् ।

९. बिस ६ = १२०। १०. गिड पर्‍याछन् = काटिएछन् । ११. घर्केछ = हटेछ ।

**कालि पुग्याको देस छाडि आउदा र ज्याम्रुक्को लडाइ हारि तनहुं छांडि आउदा गोर्षाको घर फाटचाको देषि हिकाइकन[1] नगनि हाम्र एस् पाला आयाको थियो. श्रीईश्वरीका कृपाले कत्तल गरि[2] मुहुडचाइकन चौबिसि टन्यो. श्रीदेवदेवतालाइ भेट चह्लाइ बढाइ गर्‍युं. तेस् लडाइमा हाम्रा माफिकैं[3] मानिस् ५७ षस्या. २०।२५ घाइता भया. संवत् १८३८ फागुनवदि १० रोज ५[4] शुभम्**

पृथ्वीनारायण शाहको मृत्यु भएदेखि वि. सं. १८४२ सम्ममा नेपालराज्य त्यत्तिको बढ्न सकेको थिएन । प्रतापसिंह विजिगीषु प्रवृत्तिका नहुनु, प्रतापसिंहको मृत्यु भएपछि शक्ति अँठ्याउन हानथाप हुनु आदि यसका धेरै कारण छन् । कहिले शत्रुले आक्रमण गर्दा अघि बढेर जाँदा कहिले आफैं आक्रमण गर्न जाँदा अलि अलि गरी विजय हुँदै गई ११ वर्षभित्र नेपालराज्य मर्स्याङ्दीदेखि कालीगण्डकीसम्म पुगेको थियो । त्यस वेलाको पश्चिमतिरको लडाइँको केही वर्णन भाषावंशावलीमा पाइन्छ । सो यस प्रकारको छ—

**ताहाँपछि पश्चिमतर्फका मुलुक बढाउन मनसुवा गर्नुभयो । शाके १७०१ (वि. सं. १८३६) मा सर्दार बलि बानियाँ[5] सर्दार रामकृष्ण कँवर[6] २ कंपनी लिई ज्यामरुकमा बस्या ।**

---

१. हिकाइकन = हेपेर । २. कत्तल गरि = काटी । ३. माफिकै = ठीकै ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३८ फाल्गुन कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २९ | बृहस्पति | दशमी | ३२। | ५६ |

(पात्रोबाट)

५. पृथ्वीनारायण शाहको पालामा लड्ने वीरहरूको नामावलिमा यी बलि बानियाँको पनि नाम छ (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९०९ पृष्ठ हेर्नुहोस्) ।

यिनले पूर्वविजयमा पनि काम गरेका थिए (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ११९४ पृष्ठ हेर्नुहोस्) ।

वि. सं. १८३६ मा बलिथुमको लडाइँमा यिनको मृत्यु भयो । (भाषावंशावलीको यौ वर्णन तल आउँदैछ) ।

६. यी रामकृष्ण कुँवरले पृथ्वीनारायण शाहको विजययात्रामा धेरै काम गरेका थिए (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३९४,८३७,८४६,८४९,८५५,९०८,९८६–८९,९९८–१००१, १००३–१४,१०२४–३१,१०३७–३८,१०९९–११००,११५८–६१,११६६–६९ पृष्ठ हेर्नुहोस् ।)

यिनले पशुपतिदेखि गुह्येश्वरीसम्म बाटो बनाएका थिए तथा रामेश्वर महादेवको स्थापना गरेका थिए (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९१२–१४ पृष्ठ हेर्नुहोस्) ।

वलिथुम हान्न चौबीसी आयो भन्दा काजी वंशराज पाँडे[1] २ कंपनी र सर्दार पारथ भँडारी-लाई[2] ज्यामरुक पठाया । सर्दार वलि वानियाँ सर्दार रामकृष्ण कंवर सर्दार पारथ भँडारीसमेत भई हान्न जाँदा वलिथुममा लडाइँ भयो, कटक बिग्रचो । सर्दार वलि वानियाँ पऱ्या । चौतरिया रणसिंह शाही[3] बाहुननानी भाग्या भनी गोर्खा राख्या । अरू भारादार फौज नेपाल फिऱ्या ।

शाके १७०३ (वि. सं. १८३८) साल पौष महीना चित्रानक्षत्र आदित्यवारका दिन[4] पछिल्ला पाला चौबीसीले सिंजुङ लिई भंच्याक मार्दा चौतरिया जीव शाह[5] काजी बलभद्र शाह

---

१. यी वंशराज पाँडेको परिचय श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १०५५–५६ पृष्ठमा हेर्नुहोस् ।

२. यी पारथ भँडारी लम्जुङे हुन् । वि. सं. १८२३ को लाखार्जुङको लडाइँमा पक्रिई यिनी युद्धबन्दीको रूपमा गोर्खा आएका हुन् । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८६१–६२ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८४३ मा बहादुर शाहले पश्चिमविजयको काम उठाउँदा यिनले पनि त्यसमा काम गरेका थिए (पूर्णिमा २ अङ्कका ६५–६६ पृ. ६ अङ्कको ५३ पृ., ८ अङ्कको ४० पृष्ठ हेर्नुहोस् ।)

३. यी रणसिंह शाहीको परिचय पूर्णिमा १७ अङ्कको ३५ पृष्ठमा हेर्नुहोस् ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १७०३ (वि. सं. १८३८) पौष कृष्ण (पूर्णान्तिमानले माघ कृष्ण)

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| पौष | २६ | आदित्य | सप्तमी | २३।१४ | हस्त | ३७।४७ |

यस दिनमा रातमा मात्र चित्रानक्षत्र पर्छ ।

(पात्रोबाट)

५. यी जीव शाह गोरखाली राजा पृथ्वीपति शाहका पनाति हुन् (पूर्णिमा ७ अङ्कको ७७ पृष्ठ हेर्नुहोस् )।

पृथ्वीनारायण शाहको पालामा काम गर्ने वीरहरूको नामावलिमा यिनको पनि नाम छ (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९०८ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८४३ मा बहादुर शाहले पश्चिमविजयको काम उठाउँदा यिनले पनि काम गरेका थिए (पूर्णिमा २ अङ्कको ६५ पृष्ठ हेर्नुहोस् ।)

यिनको आज्ञाले वि. सं. १८३६ मा कवि रामभद्रले प्रशस्तिरत्न बनाएका थिए—

…श्रीमन्महाराजाधिराजश्रीपृथ्वीपतिवर्मा…गोरक्षपर्वते प्रादुर्बभूव ।…तस्य श्रीपृथ्वीपतिवर्मणः… श्रीचन्द्ररूपशाहवर्मा…पुत्रो बभूव। तस्य श्रीचन्द्ररूपसाहवर्मणः…तनयः…श्रीविष्णुसाहवर्मा…प्रादुरभवत् । …तस्य…श्रीविष्णुसाहवर्मणः पुत्रः…जीवसाहवर्मा…साम्प्रतं वरिवर्ति । जीवसाहवर्मणः आज्ञया …प्रशस्तिरत्नरूपं काव्यं…कविः…प्रकाशयति ।

सर्दार अमरसिंह थापा[1] सर्दार प्रतिमन राना[2] सब थरघर उमराव अजिरगढमा बस्या । सेन्याद्यांसीका दर्बारमा साह्रो पन्याका जग्गामा गुहार दिनानिमित्त काजी देवदत्त थापा[3]

शके धरणीखागभूपरिमिते शुचौ मासि भे
समीरणसुरे सिते हरितिथीज्यवाराचिते ।
गिरीशचरणाम्बुभूश्रयणसार्थकालोऽपि यः
प्रशस्तिपरिकल्पनां सुकृतिरामभद्रः कृती ॥

इति···करुणाकरोपाध्यायसुतकविरामभद्रकृतं···प्रशस्तिरत्नाख्यं काव्यं समाप्तिमगमत् ।

(प्रशस्तिरत्नबाट)

[गोरखामा श्रीमहाराजाधिराज श्रीपृथ्वीपति शाहवर्मा हुनुभयो । उहाँ श्रीपृथ्वीपति शाहवर्माका छोरा श्रीचन्द्ररूप शाहवर्मा हुनुभयो । उहाँ श्रीचन्द्ररूप शाहवर्माका छोरा श्रीविष्णु शाहवर्मा हुनुभयो । उहाँ श्रीविष्णु शाहवर्माका छोरा श्रीजीव शाहवर्मा अहिले हुनुहुन्छ । उहाँ श्रीजीवशाह वर्माको आज्ञाले कविले प्रशस्तिरत्नकाव्य बनाउँछन् ।

शाकेसंवत् १७०१ (वि. सं. १८३६) आषाढ शुक्ल एकादशी बृहस्पतिवार स्वाति नक्षत्रको दिन शिवजीको पाउको सेवा गर्नाले कालको सदुपयोग गरेका धर्मात्मा रामभद्र पण्डितले प्रशस्तिरत्न बनाए ।

करुणाकर उपाध्यायका छोरा रामभद्र पण्डितले बनाएको प्रशस्तिरत्ननाउँको काव्य सिद्धियो ।]

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १७०१ (वि. सं. १८३६) आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी | नक्षत्र | घडी |
|---|---|---|---|---|---|---|
| आषाढ | १४ | बृहस्पति | एकादशी | ३५ | स्वाति | १५ |

(पात्रोबाट)

१. यी सर्दार अमरसिंह बूढाकाजी अमरसिंह थापा हुन् ।

२. पृथ्वीनारायण शाहको पालामा काम गर्ने वीरहरूको नामावलिमा यी प्रतिमन रानाको पनि नाम छ । त्यस वेला यिनी नजिकी थिए (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९०८ पृ. हेर्नुहोस्) ।

वि. सं. १८४९ को नेपालचीनयुद्धपछि चीन गएको प्रतिनिधिमण्डलमा यी प्रतिमन राना पनि थिए (ऐतिहासिक–पत्रसङ्ग्रह पहिलो भागका ७४–७६ पृ. हेर्नुहोस्) ।

३. यी देवदत्त थापा मगर हुन्—

वीरार्द्दनो मगरवंशजदेवदत्तः
संरुह्य सत्करिवरं रणमाजगाम ॥४८॥

(जयरत्नाकरनाटक चतुर्थ कल्लोल)

[वीरलाई जित्ने मगरवंशी देवदत्त थापा असल हात्तीमा चढेर लडाईंमा हिंडे ।]

(जयरत्नाकरनाटकका ८३,१८७ पृष्ठबाट)

वि. सं. १८४९ को नेपालचीनयुद्धपछि चीन गएको प्रतिनिधिमण्डलमा यी देवदत्त थापा पनि थिए । (ऐतिहासिक–पत्रसङ्ग्रह पहिलो भागका ७४–७६ पृष्ठ हेर्नुहोस् ।)

यिनका बाबुको नाम हरिहर थापा हो (इतिहास–प्रकाश दोस्रो अङ्क पहिलो भागको १८८ पृ., चित्तरञ्जन नेपालीको "श्री ५ रणबहादुर शाहको १२० पृष्ठ हेर्नुहोस् ।)

यिनका बाजेको नामचाहिँ कहीँ कर्णसिंह थापा, कहीँ पुष्करनाथ थापा लेखिएको छ । (इतिहास–प्रकाश दोस्रो अङ्क पहिलो भागको १८८ पृ., श्री ५ रणबहादुर शाहको १२० पृष्ठ हेर्नुहोस् ।)

१. यी दामोदर पाँडे भीमराज पाँडेका नाति काजी कालु पाँडका छोरा हुन् । (श्री ५ रणबहादुर शाहको १२१ पृष्ठ हेर्नुहोस् ।)

यिनको जन्म वि. सं. १८०८ वैशाखमा भएको हो—

**दामोदर पांडे क्षेत्रीको जन्म संवत् १८०८ को वैशाख**

(दैवज्ञशिरोमणि लक्ष्मीपतिको परम्पराको टिपोट)

पृथ्वीनारायण शाहको पालामा काम गर्ने वीरहरूको नामावलिमा यिनको पनि नाम छ । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९०८ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८४३ मा बहादुर शाहले पश्चिमविजयको काम उठाउँदा यिनले पनि काम गरेका थिए । (पूर्णिमा २ अङ्कका ६५–६६ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८४८ मा नेपालले भोटमा आक्रमण गर्दा दिगर्चाको युद्धमा यिनले विशेष रूपले काम गरेका थिए—

**कालूपाँडेसचिवतनुजं नीचजाने तृतीयं**
**पाँडेदामोदरमहमलं सेवितं वीरसङ्घैः ।**
**नेपालेन्द्रप्रभुरणबहादुरभूपालमौले—**
**राज्ञां धृत्वा हृदि भुजबलैर्यो दिगीर्चा जहार ॥३४॥**
**दिगीर्चादौ हृता येन चीनपात्साहिरक्षिता**
**रुक्मखर्जूरसंयुक्ता भोटस्तेनैव मारितः ॥३५॥**

(जयरत्नाकरनाटक अष्टम कल्लोल)

**[रे कुजात स्त्रीका पोइ ! मन्त्री कालु पाँडेका छोरा, वीरहरूले सेवा गरिएका दामोदर पाँडेलाई म तेस्रा वीर हुन् भनी ठान्दछु । नेपालका राजा रणबहादुर शाहको आज्ञा शिरोपर गरी जसले आफ्ना बाहुबलले दिगर्चालाई कब्जा गरे । जसले पहिले चीनका बादशाहले रक्षा गरिएको सुन चाँदी भएको दिगर्चा कब्जा गरे, तिनैले (दामोदर पाँडेले) भोट देश पनि कब्जा गरे ।]**

**(जयरत्नाकरनाटक १३३,२२७ पृष्ठबाट)**

काजी जगजीत पाँडे,[1] सुबेदार भीम, श्रीनाथकम्पनी बस्या । पछि सर्दार अमरसिंह थापा तीन कम्पनी लिई चिसापानीमा बस्या ।

तस्तै बीचमा केही लश्कर चिप्ल्याटीमा आड बार्न पठाई झिन्याकको बाटो गरी आड बारी सिराञ्चोक हान्न फौज आउँदा सेन्याब्यांसीको हरमीको लश्कर पनि गयो। अजिरगढको लश्कर पनि गयो । सर्दार अमरसिंह थापाले चिप्ल्याटीको लडाइँ जित्वा सिराञ्चोक हान्या । फेरि झिन्याक अड्डामा बस्या । गोरखामहाराजको फौज सबै जम्मा भई घेरा दिई लडाइँ हुँदा भागी चेप्या तर्‍यो । हाम्रो लश्कर पनि गोरखाब्यांसी आया ।

तहाँपछि चेप्या तर्‍याको चौबीसीले कास्की मार्‍या । कस्क्याली राजा सिध्दिनारायण शाह भागी खोला घाट तरी गोरखाब्यांसी आई भारादारहरूसँग भेट गरी सबै नेपाल आया । तहाँपछि कास्कीका राजा शरण आउन्याकन भारी खिल्लत सर्कारबाट बक्स्या ।......

---

वि. सं. १८४९ को नेपाल–चीनयुद्धमा यिनले पनि प्रमुख रूपमा भाग लिएका थिए । (ऐतिहासिक–पत्रसङ्ग्रह पहिलो भागका ५६–७४ पृष्ठ हेर्नुहोस्) ।

रणबहादुर शाह काशीबाट फर्केपछि वि. सं. १८६० चैत्र ३ गते दामोदर पाँडे काटिए। (पूर्णिमा १० अङ्कको ५३ पृष्ठ हेर्नुहोस् ।)

---

१. यी जगजित् पाँडे काजी तुलाराम पाँडेका छोरा हुन् (पूर्णिमा ७ अङ्कको ७९ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८४३ मा बहादुर शाहले पश्चिमविजयको काम उठाउँदा यिनले पनि काम गरेका थिए । (पूर्णिमा २ अङ्कको ६६ पृष्ठ, ८ अङ्कको ४० पृष्ठ हेर्नुहोस् ।)

गढवालमा आक्रमण गर्दा यिनले विशेष रूपमा काम गरेका थिए—

येनाऽधुनैव गढवालपुरन्दरस्य
भालस्थलोल्लसितचारुतमालपत्रम् ।
न्यस्तं मुदा रणबहादुरपादपद्मे
जाने तमेव जगजीतमहं चतुर्थम् ॥३६॥

(जयरत्नाकरनाटक अष्टम कल्लोल)

[जसले भरखरै गढवालका राजाको निधारमा सुहाइरहेको राम्रो तिलकलाई खुशीसाथ रणबहादुरको चरणकमलमा चढाए, चौथा वीर तिनै जगजित् हुन् भनी म जान्दछु । ]

(जयरत्नाकरनाटक १३३,२२७ पृष्ठबाट)

लम्जुङ हात्रानिमित्त श्रीवल्लभ पन्थ[1] अभिमानसिंह बस्न्यात[2] काजी भयापछि १८ दिनमा लम्जुङ छिन्नुपर्छ भनी ढिसा लाग्दा १८ दिनको कबूल गर्न हामी सक्दैनौं भनी पन्थ काजी, बस्न्यात काजीले बिन्ती गर्दा धरणी पन्थ, वंशराज पाँडे काजी भई लम्जुङ हात्रा कास्की थाम्नानिमित्त काजी धरणी पन्थ, काजी वंशराज पाँडे, चौतरिया जीव शाह, काजी देवदत्त थापा, काजी बन्धु राना, सर्दार प्रतिमन राना, सर्दार विलोचन, सर्दार अमरसिंह थापा तनहुँसँग सलुक गरी धुकुरदिघाट तरी डोरडोरमा थरघर उमराव ३ कम्पनी लिई बस्या । ६ कम्पनी लिई सर्दार अमरसिंह थापा खड्कागाउँ गई बस्या । चौतरिया दलमर्दन शाह[3] हरमीमा बस्या । तहाँपछि डोरडोरदेखि ज्यामरुक आई बस्या ।

तहाँपछि सर्दार प्रतिमन राना कालिमराङमा ठाना हाली बस्दा लम्जुङ पर्वत मिली तनहुँले कुन्याको क्यामी मिची ताउका चढ्दा गोरखाका लश्कर हात्र गयो। कटक जिती भक्ति थापा[4] बलिभञ्जन[5] दुवै घा लागी पक्रिया। बलिभञ्जन बल्लबल्ल गाइखुरमा पुग्दा मऱ्या । गोरखाका भारादार मानिकचौकी आई बस्या । सर्दार अमरसिंह थापा पनि कास्की थाम्री बाटुला भया । काजी देवदत्त थापा साधनलाई नेपाल गया । फेरि लम्जुङ जित्नैको हुकूम हुँदा काजी दामोदर पाँडे, काजी देवदत्त थापा, सर्दार पारथ भँडारी आया ।

काजी देवदत्त थापा अघिल्ला लश्करमा सामेल भई सबै भोटयाओडारको बाटो चढ्या । काजी दामोदर पाँडे, सर्दार पारथ भँडारी रागिनासको बाटो चढ्या । सर्दार अमरसिंह थापा,

---

१. पृथ्वीनारायण शाहको पालामा काम गर्ने वीरहरूको नामावलिमा यी श्रीवल्लभ पन्थको पनि नाम छ । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९०८ पृष्ठ हेर्नुहोस् ।)

तनहुँसँगको सन्धिविग्रहमा यिनले विशेष रूपमा काम गरेका थिए। (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १०३१–३४ पृष्ठ हेर्नुहोस् ।)

२. यी अभिमानसिंह बस्नेतको परिचय पूर्णिमा १८ अङ्कको १२३ पृष्ठमा हेनुहोस् ।

३. यी दलमर्दन शाह पृथ्वीनारायण शाहका साहिँला भाइ हुन् । (पूर्णिमा ९ अङ्कको ३२ पृष्ठ हेर्नुहोस् ।)

४. यी भक्ति थापाको परिचय पूर्णिमा १० अङ्कका ३७–४६ पृ., ११ अङ्कका ३३–३६ पृ., १२ अङ्कका ४५–५९ पृ., १३ अङ्कका ३३–४२ पृ., १४ अङ्कका १४९–५६ पृ., १६ अङ्कका ३८७–९४ पृ., १७ अङ्कका ५१–५९ पृ., १८ अङ्कका १३२–४१ पृ., १९ अङ्कका २०७–१५ पृ., २० अङ्कका ३०१–०५ पृ. मा हेर्नुहोस् ।

५. यी बलिभञ्जन पर्वते सर्दार हुन् । पृथ्वीनारायण शाह काशी जाँदा पृथ्वीनारायणसँगै यिनी पनि काशी गएको वर्णन पाइन्छ । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ६८०,६९८ पृष्ठ हेर्नुहोस् ।)

सर्दार प्रतिमन राना पुराना लम्जुङको बाटो चढ्या । कार्तिक महीना मघा नक्षत्रको दिन[1] राजा भाग्या । लम्जुङ सर भयो । लडाइँ भएन ।

काजी धरणी पन्थ तारुकामा साँघु बनाउनालाई बस्या । सर्दार प्रतिमन राना चेप्याको साँघु बनाउन बस्या । अरू भारादार लश्कर नेपाल फर्की आया ।

शाके १७०४ साल (वि. सं. १८३९) ज्येष्ठ महीना आदित्यवारका दिन मर्स्याङदी तऱ्या । यसै सालमा कास्कीमा लड्न काजी सरूप कार्की[2] गयाका हुनाले शाकेसंवत् १७०५ (वि. सं. १८४०) वैशाख शुदि ७ रोजका[3] दिन श्रीमछिन्द्रनाथको रथ ढल्यो । यसै साल वंशराज पाँडेले चौबीसी राजाहरूको मुलुक दखल गर्नाकन सुर गरे । शाके १७०५ (वि. सं १८४०) ज्येष्ठ महीना पुनर्वसु नक्षत्र सोमवारका[4] दिन कास्कीदरबारमा प्रवेश भई अम्बल

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३९ कार्तिक कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|---|
| कार्तिक | १८ | बृहस्पति | दशमी | ४४ । १७ | मघा | २४ । २४ |

(श्रीदेवीप्रसाद भण्डारीले यो गणना गरिदिनुभएको हो ।)

२. यी सरूपसिंह कार्की वि. सं. १८२६ को भक्तपुरको युद्धमा लड्न गएको वर्णन पाइन्छ । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३९४ पृष्ठ हेर्नुहोस् ।)

प्रतापसिंहको पालामा यिनको विशेष प्रभाव बढेको थियो । (पूर्णिमा १७ अङ्कको ३० पृष्ठ हेर्नुहोस् ।)

यिनले वि. सं. १८३३ मा जयमन्दिर नामको घर बनाई अभिलेख राख्न लाएका थिए । (अभिलेख–सङ्ग्रह १२ भागको ७ पृष्ठ हेर्नुहोस् ।)

राजेन्द्रलक्ष्मीको मृत्युपछि बहादुर शाहको हातमा शासनाधिकार आएको लगत्तै यिनी मारिए । (पूर्णिमा ८ अङ्कको ३५ पृष्ठ हेर्नुहोस् ।)

३. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १७०५ (वि. सं. १८४०) वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| वैशाख | २९ | बृहस्पति | सप्तमी | ५५ |

(पात्रोबाट)

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १७०५ (वि. सं. १८४०) ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | नक्षत्र | घडी |
|---|---|---|---|---|---|---|
| ज्येष्ठ | २३ | सोम | द्वितीया | १२ | आर्द्रा | ३७ |

(पात्रोबाट)

यताबाट द्वितीयाको घडी १२ उप्रान्त तृतीयामा, आर्द्राको घडी ३७ उप्रान्त पुनर्वसुमा कास्की-विजय भएको देखिन्छ ।

भयो[1] ।

फेरि शाके १७०७ (वि. सं. १८४२) मा नुवाकोट पाल्पा हान्न दुइ मुख गरी बिदा भया। नुवाकोट हान्न जाँदा काजी बलभद्र शाह चियाउनानिमित्त बस्या । काजी नरु शाह[२] काजी देवदत्त थापा सर्दार प्रतिमन राना सुब्बा जोग मल्ल[३] सबुज कंपनी १ नयाँ पुराना गोरख २

---

१. यहाँ वि. सं. १८४० ज्येष्ठ २३ गते कास्कीदरबारमा प्रवेश भयो भनी लेखिएको छ।

वि. सं. १८४० ज्येष्ठ ६ गते कास्कीका राजा सिद्धिनारायण शाहले नेपालसरकारको आश्रयमा रहने गरी धर्मपत्र चढाएका थिए । सो धर्मपत्र यस प्रकारको छ—

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्सिद्धिनारायणसाहदेवले स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजङ्गदेवकन तावापत्र लेषि चह्राञा. पर्वत मंगरात आधिषोलो जुम्लो बाइसिका लहर पसि गोर्षालाई हान्न पसु. गोर्षाले षायाको लमजुं काचो गराइ उकासनामा पसु. आजउप्रान्त गोर्षा कास्किका बगाल आयाका सपक्ष बढाउन नपसु. गोर्षा कास्किका बगाल नआयाका विपक्ष घटावन नपसु. गोर्षाले उद्योग आँटदाको दिन गोर्षाको आज्ञा मान्न नपसु. गोर्षामाथि भिर पर्दा गुहार गर्नु र रति हालि उकासन नपसु त कास्किलाई स्वस्तिश्रीवेदस्मृतिपुराणोक्त श्रीपशुपति श्रीगुह्येश्वरी श्रीवज्रयोगिनी श्रीचागुंनारायण श्रीतुलजा श्रीपंचलिंगको कुदृष्टि हवस्. पर्वत मंरात आधिषोलो जुम्ला बाइसिका लहर पसि गोर्षालाई हान्न नपसु. गोर्षाले षायाको लमजुङ काचो गराई उकासन नपसु. आजउप्रान्त गोर्षा कास्किको बगाल आयाका सपक्ष बढावन पसु. गोर्षा कास्किका बगाल नआवन्या विपक्ष घटावन पसु. गोर्षाले उद्योग आटदाको दिन गोर्षाका आज्ञा मान्न पसु. गोरषामा भिर पर्दा गुहार गर्नु र रति हालि उकासनामा पसु त कास्किलाइ स्वस्तिश्रीवेदस्मृतिपुराणोक्त श्रीपशुपति श्रीगुह्येश्वरी श्रीवज्रयोगिनी श्रीचागुंनारायण श्रीतुलजा श्रीपंचलिंगको सुदृष्टि हवस. इति सम्वत १८४० साल वैसाष सुदि १५ रोज ६ मुकाम् कांतिपुर शुभम्. एसमा साक्षि कास्किका सब नुनिया. सुभम्.**

(सन्धिपत्र-सङ्ग्रह ११ पृ.)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४० वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| ज्येष्ठ | ६ | शुक्र | पूर्णिमा | ४३ |

(पात्रोबाट)

**२.** यी नरु शाहको परिचय पूर्णिमा १२ अङ्कको ४७ पृष्ठमा हेर्नुहोस् ।

**३. वि.** सं. १८३५ मा योगनारायण मल्ल पूर्वतिरका शासक थिए । (पूर्णिमा १० अङ्कको ४७ पृष्ठ हेर्नुहोस् ।)

श्रीमेहर १ श्रीजङ्ग १ रणभीम १ जम्मा कंपनी ६ थरघर उमरावहरू सबै सामीमा बस्या । कृस्तीका आडमा वैरी थियो । हाम्र जाँदा ठूलो लडाइँ भयो । जिती नुवाकोट सर भयो । फेरि काजी देवदत्त थापा काजी नरु साह नुवाकोटमा बस्या । सर्दार प्रतिमन राना सुब्बा जोग मल्ल सुबेदार भास्कर राना[1] गोरख १ श्रीमेहर १ कंपनी २ थरघर उमराव लिई पऱ्यूँ हाम्र जाँदा नुवाकोटमा ठूलो लडाइँ भयो । वैरी भाग्यो । सल्ल्यारीमा आड गरी बस्या । त्यसै राती डाँक हानी लडाइँ भयो । जिती पऱ्यूँ सर भयो । फेरि पऱ्यूँ सतहुँ पर्वतसँग मिली ठूलो वैरी डह-ऱ्याको लेकमा जम्मा हुँदा काजीहरूबाट झिकाई पऱ्यूँ छाडी नुवाकोटमा सामेल भया । फेरि वैरी इनसरका थुम्कामा ठाना बारी बस्यो । तस्तै बीचमा कृस्तीको स्यार्तान सुबेदार बिर्सिंह थापा रणभीम कंपनी लिई कुर्थ्या । रात्रिमा कास्कीले आफूलाई दिएको तामापत्र भाञ्ज्याले बेरी फाली गएछ । बिहान सुबेदार बिर्सिंह थापाले भारादारहरूसँग पुऱ्याउँदा श्री ५ महाराज सरकारमा लेख्या । वैरी सामेल भई लम्जुङ्का मर्कडाँडामा आउँदा दुवै मुखको लश्कर फेरि सामेल हौं भन्न्या चिठी आउँदा मऱ्याको मुलुक छाडी फिऱ्या । शाके १७०७ साल (वि. सं. १८४२)मा पाल्पा हाम्र जाँदा काजी अभिमानसिंह बस्न्यात सर्दार अमरसिंह थापा सर्दार विलोचन सर्दार पारथ भँडारी नयाँ पुराना श्रीनाथ देवीदत्त बरख कालिदल जम्मा कंपनी ५ तल्लो बाटो गरी जँधार हेली दर्छामा बस्या । तहाँदेखि बिरुकोट पुग्या । बाहुनका अड्डामा वैरी ठूलो देखी सर्दार अमरसिंह थापा सर्दार विलोचन २ कम्पनी लिई पुर्बाखोलाको बाटो गरी तनहुँ हानी वाकुम हाम्र गया । काजी अभिमानसिंह बस्न्यातले पनि दोहोरो पारी हान्दा ठूलो लडाइँ भयो । जित भयो । बरखका जमादार अम्बरसिंह थापाले जेठीतरबार हान्या । वैरी भाग्यो । पाल्पा सर भयो । तस्तै बीचमा कास्की चौबीसी मिल्दा दुवै मुखका लश्कर फेरि सामेल हौं भन्न्या चिठी आउँदा मऱ्याको मुलुक छोडी फिऱ्या । दुवै मुख लम्जुङ्मा सामेल भया ।

नेपालबाट काजी सरूपसिंहले भवानीबक्स कंपनी लिई आया । सबै सामेल भई मर्कडाँडाको सिह्रानमा पर्वतका गणेश मल्ल सर्दार[2] पक्रिया । तहाँपछि काजी बलभद्र शाह नेपाल गया ।

---

वि. सं. १८४३ मा बहादुर शाहले पश्चिमविजयको काम उठाउँदा सुब्बा योगनारायण मल्लले पनि काम गरेका थिए । (पूर्णिमा २ अङ्कका ६५–६६ पृ, जयरत्नाकरनाटकको ८२ पृ. हेर्नुहोस्) ।

यहाँ उल्लिखित सुब्बा जोग मल्ल यिनै देखिन्छन् ।

यी जोग मल्ल केही काल कुमाउँ गढवालतिरका शासक नियुक्त भएका थिए । (ऐतिहासिक–पत्रसङ्ग्रह पहिलो भागको ५७ पृष्ठ, सन्धिपत्र–सङ्ग्रहका २३५–३६ पृष्ठ हेर्नुहोस् ।)

१. वि. सं. १८४३ मा बहादुर शाहले पश्चिमविजयको काम उठाउँदा यी भास्कर रानाले पनि काम गरेका थिए । त्यस वेला यिनी नयाँ गोरखपल्टनका सुबेदार थिए । (पूर्णिमा २ अङ्कको ६६ पृष्ठ हेर्नुहोस् ।)

२. यी पर्वते सर्दार गणेश मल्लको उल्लेख ६ संख्याको पत्रमा पनि आएको छ ।

नुवाकोटबाट फिऱ्याको लश्कर गलेखाममा बस्या । पाल्पाबाट फिऱ्याको लश्कर तनहुँ सुरमा बस्या । काजी सरूपसिंह नेपाल गया । शाके १७०८ (वि. सं. १८४३) मा चौतरिया दलजित् शाह[1] काजी सरूपसिंह काजी धौकलसिंह बस्न्यात दरबारदेखि आई थिउघरमा बस्या । तनहुँ गलेखाममा रह्याको गोर्खाको लश्कर पुराना श्रीनाथ सबुज भवानीबक्स गोरख रामदल दुर्गाबक्स श्रीमेहर श्रीजङ्ग रणभीम कालिदल कम्पनी सामेल भई कास्की हान्या । कास्की सर भयो । टेकनआडका लडाइँ जिती नुवाकोट सतहुँ भिर्कोट रिसिङ थामी राजा लिई काजी अभिमानसिंह बस्न्यात थरघरसमेत नेपाल आया । अरू भारादार भिर्कोटका डुर्मस्यामा सामेल भई बस्या । पजनी गरी जग्गाजग्गामा कुरुवा राख्या । तहाँपछि सबै पोखरामा आई बस्या [2] ।

भाषावंशावलीको यो वर्णन ठीक छ वा छैन भनी जाँच्ने तात्कालिक सामान पाइँदैनन् भने पनि हुन्छ । माथिका ३ पत्रले यस विषयका केही कुरा प्रामाणिक रूपमा हाम्रो अगाडि प्रकट गर्छन् ।

वि. सं. १८३८ को हिउँदमा बहादुर शाहले आफू पटना पुगेको खबरको साथै ८ घडा गङ्गाजल नेवार र पुतुवारहरूको हातमा पठाए । यसको जवाफमा यहाँबाट वि. सं. १८३८ माघ १७ गते "तपाईंले पठाउनुभएका मानिस आइपुगे; तपाईं यहाँबाट जाँदाखेरि मुमाज्यू (राजेन्द्रलक्ष्मी) लाई सन्चो थिएन; यसैले कुरा हुन पाएन; खर्चबर्चको बन्दोबस्त पनि हुन पाएन; हामीले खर्च पठाउन आँटेका थियौँ; चौबीसीहरू सिजुङमा जम्मा भएर आइरहेछन्; तपाईं गङ्गास्नान गर्न जानुभएको हो; गङ्गास्नान भएको भए माघभित्रै आइपुग्नुपऱ्यो; नभएको भए स्नान गरी फाल्गुनभित्र आइपुग्नुपऱ्यो; गोर्खा तपाईं हामी सबैको आफ्नै हो; त्यस कारण यसलाई दिन लागेको वेला सबै जना आउनैपर्छ, दीनानाथलाई गर्न पठाएको काम उनबाट भएन; सुमेश्वर (चितौन)को तराईको काम, रौतहटको पचरौंताको काम, मकवानी साहेबलाई ल्याउने यी ३ काम सजिलैसँग हुने भए जति काम सिद्धिन्छ, त्यति सिद्ध्याएर आउनुहोला; नसिद्धिए ती काम बाहुननानीलाई अह्राएर विश्वास दिलाएर तपाईं आउनुहोला; त्यति काम सिद्ध्याएर बाहुननानी पनि यहाँ आऊन्; उनी यस राज्यका छथर (पाँडे, पन्त, अर्ज्याल, खनाल, राना, बोहरा थर भएका गोरखाली भारादार) हुन्; त्यहाँ गए पनि घर उनको यहीं हो; अरू कुनै विशेष कुरा भए तपाईं सोधपूछ गरेर आउनुहोला, यहाँ सल्लाह गरेर बाहुननानीलाई उत्तर पठाउँला, पश्चिमतिरको समाचार नरसिं र जैसिंले बिन्ति गर्लान्" भनी पत्र लेखियो । (४ संख्या)

त्यसपछि बहादुर शाहले २ पत्र पठाए । पहिलो पत्रमा उनले गवर्नर जनरल (वारेन हेस्टिङ्स) सँग आफ्नो भेट भएको, गवर्नर जनरल कलकत्ता गएको कुरा लेखेका थिए तथा

१. यी दलजित् शाह पृथ्वीनारायण शाहका काहिँला भाइ हुन् (पूर्णिमा ९ अङ्कको ३२ पृष्ठ हेर्नुहोस्) ।

२. यहाँ उल्लिखित घटनाहरूका विस्तृत वर्णन विजयतिलकनामक काव्यमा गरिएको छ । सन्धिपत्र–सङ्ग्रहका ५२८–३५ पृष्ठमा सो छापिएको छ । स्थानाभावले सो यहाँ समावेश गर्न सकिएन ।

चौबीसीहरूले आक्रमण गरेको हल्ला सुनिन्छ; काशीस्नान पछि गर्दै गरौंला; म त्यहाँ आउँछु भनी लेखेका थिए । दोस्रो पत्रमा चाहिँ मलाई ज्यादै सन्चो छैन, त्यस कारण पादरीको बङ्गलामा बसिरहेको छु भनी उनले लेखेका थिए । ती दुइ पत्र उनले ४ दिनको अन्तर पारी लेखेका थिए । तर दुवै पत्र माघ २४ गते यहाँ आइपुगे । ती दुइ पत्रको उत्तरमा यहाँबाट वि. सं. १८३८ माघ २६ गते "शत्रुले सिंजुङ दखल गरेको खबरको साथै तपाईंलाई ल्याउन भनी नरसिं जैसिलाई पठाएका थियौं; उनीहरू पुगे होलान्; सिंजुङदेखि शत्रु बढ्न सकेको छैन; हाम्रो फौज पनि सबै ठाउँका गौंडामा पक्का गरी जहाँ शत्रु बढ्ला त्यहीँ हानौंला भनी बसिरहेछ; बडासाहेब (गवर्नर जनरल = वारेन हेस्टिङ्गस) सँग भेट गरेर ठीक गर्नुभएछ; तपाईंलाई सन्चो छैन भन्ने सुनेर हामीलाई सन्ताप भयो; के रोग भएको हो; त्यो खबर भने आएन; त्यस कारण वल्लभ वैद्य, विश्राम खवास, जसराम खवासलाई पठाएका छौं; पादरी र वल्लभ वैद्यको सल्लाह मिलाई औषधि गर्नुहोला; बाटोमा गाह्रो नहुने भए यहीं पाल्नुहोस्; यो चिठी पुग्नेबित्तिकै सन्चो भएको भए पनि नभएको भए पनि छिटो खबर गर्नुहोला; खबर नआउन्जेल हाम्रो मन ठीक हुँदैन; दुष्ट ग्रहको शान्तिको निमित्त एउटा हात्ती हात्तीसारबाट जान्छ; ५ तोला सुन यताबाट पठाइदिएको छ; चाँडै दान गर्नुहवस्" भनी पत्र लेखियो । (५ संख्या)

यहाँबाट बहादुर शाहलाई १८३८ माघ २९ गते "सिंजुङ शत्रुले दखल गरेको समाचारसाथै तपाईंलाई लिन भनी जसराम खवास र विश्राम खवासलाई पठाएथ्यौं; अजितगढको थुम्कामा हामीले नयाँ ठाना बनाएका थियौं; त्यहीनजीकको भच्याक भन्ने ठाउँमा ठाना बनाउन शत्रु आयो; अजितगढमा रणे लामाको अख्तियारमा २ वटा रहकला (तोप) पठाएका थियौं; शत्रुले भच्याकमा ठाना बनाउन लागेको वेलामा हाम्रो फौजले तोप चलाउँदा २०।२५ शत्रु मरेछन्; डाँडामा अड्न नसकेर खोलसामा बसेका थिए; त्यतातिर शत्रुको केही नलाग्दा ठाना थाम्नेले ठाना थामेर अरू शत्रुको फौजले माघ २४ गते सिराञ्चोकको झिम्र्याकमा ३ वटा काठका ठाना, १ वटा ढुंगाको ठाना, २ वटा आड तयार गरेछ; हाम्रो फौजले आक्रमण गर्न आउँछ भन्ने खबर दिउँसै थाहा पाएर श्रीवरसिंह थापाको नायकत्वमा अजितगढबाट ४ कम्पनी शत्रुसैन्य लड्न आयो; माघ २५ गते आदित्यवार बिहान चिप्ल्याटीको आड जिल्न आएको शत्रुसँग लडाइँ परेछ; तिनलाई हटाएर सिराञ्चोक निस्केछन्; त्यसपछि हाम्रो फौजले बिहान ७ ।। बजे झिम्र्याकमा वैरीको ठानामा आक्रमण गर्दा २ घण्टासम्म लडाइँ भएछ; लडाइं भइरहेकै वेला काजी बलभद्र शाह फौजसमेत पुगेछन्; शत्रुका धनराज थापासमेत १२० जना ठानैभित्र काटिएछन्; शत्रु भागेछ; चेपेसम्म लगारेर काटेछन्; चेपे तरेर पारि गई १५ जना शत्रुलाई काटेर २ वटा नगरा खोसेर ल्याएछन्; ठानाभित्र र बाहिर गरी जम्मा ३ सय शत्रु काटिए, ४।५ सय घाइते भए; पर्वतका सर्दार गणेश मल्ल, दिलाराम कार्की र जैसि भँडारी पनि ठानैभित्र रहेछन्; को पर्‍यो को भाग्यो निधो भएको छैन; त्यसपछि हाम्रो फौज सिंजुङतिर बसेको शत्रुलाई हान्न अजितगढ गएछ; सिपाहीहरू खाई पिई गरी हान्न जाउँला भनेर बसेछन्; त्यही बीचमा छब्बीसौं दिनको राती शत्रु भागेछ; कालीगण्डकीसम्म पुगेको देश र ज्याम्रुकको लडाइँ हारी तनहुँ छाडी आउँदा तथा गोरखामा घरझगडा भएको देखी हेरेर

चौबीसीहरू हमला गर्न आएका थिए ; श्रीईश्वरीको कृपाले हामीले चौबीसीलाई हटायौं; देव-देवतालाई भेट चढाएर बढाइँ गऱ्यौं; यो लडाइँमा हाम्रा ५७ जना परे; २०।२५ जना घाइते भए भनी पत्र लेखियो । (६ संख्या)

छैटौं पत्रमा सिरान्चोकको युद्धमा बलभद्र शाहले लडेको वर्णन परेको छ। यही घटनालाई लिएर वि. सं. १८४१ तिर पं. वाणीविलास पाँडेले यस्तो लेखेका छन्—

**शिराञ्चोके भूपैर्जगति बलभद्रोऽयमिति कैः**
**सकृष्णो न ज्ञातः पटुतरभटैर्द्रावितितरैः ।।१६।।**

(प्रशस्तिरत्नावलि)

[सिरान्चोकको लडाइँमा सिपालु सिपाहीहरूले बेसरी लगारिएका कुनचाहिँ राजाले कृष्ण शाहसित बसेका बलभद्र शाहलाई चिनेनन् ।]

(पूर्णिमा १ अङ्क ४३, ४५ पृष्ठबाट)

बलभद्र शाहले सिरान्चोकमा लडेको विषयमा वि. सं. १८४९ मा राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले यस्तो लेखेका छन्—

**पुरा जानास्येकं सबलबलभद्राभिधमहं**
**भवद्देशे युद्धाङ्गणभटगणाग्रयं न च परम् ।**
**चतुर्विंशत्युर्वीश्वरनिखिलसैन्यं विनिहतं**
**शिह्लांचोकारण्ये जलनिधिसमं येन धनुषा ।।२९।।**

(जयरत्नाकरनाटक अष्टम कल्लोल)

[तेरो देशमा लडाइँको मैदानमा योद्धामा श्रेष्ठ भएका पहिला वीर बलभद्र हुन् भनी मलाई थाहा छ, अर्को मलाई थाहा छैन । जसले धनुले सिह्लान्चोकको जङ्गलमा चौबीसी राजाहरूका समुद्र जस्तो सारा फौजलाई हराए ।]

(जयरत्नाकरनाटक १३२, २२६ पृष्ठबाट)

यताबाट वि. सं. १८३८ मा भएको सिरान्चोकको लडाइँ विशेष उल्लेखनीय थियो भन्ने झिन्छ । ६ संख्याको पत्रबाट त्यस युद्धको विशेष वर्णन पाइएको छ । साथै सिरान्चोकको युद्ध भएताका यताका शासकहरूको मनको अवस्था कस्तो थियो आदि कुरा पनि यस पत्रबाट बुझिन्छ ।

वि. सं. १८३८ को पात्रोमा लक्ष्मीपतिले सिरान्चोकतिरको युद्धको घटना यसरी टिपेका छन्—

**वि. सं. १८३८ कार्तिक शुक्ल**

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| **कार्तिक** | **१६** | **सोम** | **त्रयोदशी** | **६० । ०** | **दिनगतघटी १९।४१ अजित्गढसिलान्यास** |

**वि. सं. १८३८ फाल्गुन कृष्ण (पूर्णान्तमानले)**

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| **माघ** | **२५** | **आदित्य** | **पञ्चमी** | **१ । २०** | **सिह्लांचोक्को लडाग्री घरी ६...देषि...** |
| **माघ** | **२७** | **मङ्गल** | **अष्टमी** | **४३ । ५०** | **सिंजूंदेषि भाग्यो रा. घ. ७** |
| **फाल्गुन** | **१** | **शनि** | **द्वादशी** | **२४ । २४** | **देशभ्रंश रा. घ. १५ कस्क्याल्** |

# ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना

—देवीप्रसाद भण्डारी

ऐतिहासिकशिरोमणिज्यूले रचना गरी प्रकाश गराउनुभएको "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" पहिलो भागका १८२–८८ पृष्ठमा यस्तो लेखिएको छ—

"…नरभूपाल शाहका जीवनचरित्रका लेखक ख. शेरमानसिंहको पनि श्री ५ पृथ्वीनारायण शाहका वाराणसी यात्राको मुख्य कारण अवस्तीसंगको भेट गर्नु देखिन्छ । नरभूपाल शाहका जीवन-चरित्रमा जयमङ्गल पण्डित (पौडचाल) को महत्त्व देखाउनाका निमित्त अवस्तीको कल्पना गरी उनका विषयमा यसो लेखेका छन् । "तिनै जयमङ्गल पण्डितले श्री काशीमा अवस्ति ज्यू सिद्धको सेवा सुश्रुषा ढेरै गऱ्याको पनि रहेछ. ति कस्ता अवस्तिज्यू भन्या शापानुग्रहको सामर्थ्य भयाका रह्याछन् । तनको विस्तार पनि श्रीनायक पृथ्वीनारायण साहका हजूरमा विन्ति गरौंला । मुलुक मार्नाको पनि इरादा छ । एस्तो विचार गरि जयमङ्गल पण्डित डोलाका साथमा आयाछन् ।—। वहां देषिन् जयमंगल पंडितले सिद्ध अवस्ति ज्यूको सव विस्तार विन्ति गर्दा भया । कस्तो भन्या सिद्ध अवस्ति ज्यू भन्याका श्रीकाशीमा रह्याका छन् भन्या जस्तो आशीर्वाद दिया व्यर्थ हुदो रहेन छ भनि विन्ति गर्दामा श्री नायक पृथ्वीनारायण साहलाई श्री गंगास्नान श्रीविश्वेश्वरको दर्शन गर्न जान लाई मनसुबा रहेछ । त्यस्तो सुन्दामा श्री काशी जानालाई झन चित्त दृढ हुदो भयो" (पृ. १११–११३) ।

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनीमा अवस्तीका विषयमा यो लेखिएको छ– "वाहां देषिन् जयमंगल पण्डितले सिद्ध अवस्तिज्यू सित भेट घाट गरि वक्सयाको भनि विंतिगऱ्या र सिद्ध अवस्तीज्यू सितको भेटघाट गरि वक्सनु हुंदो भयो । वाहांदेषिन् सिद्ध अवस्ति ज्यू सित मेरो मन्सुवा छ भनि विस्तारहुंदा सिद्ध अवस्तिज्यू बाट आज्ञा गर्नु हुदो भयो— म संग भेटघाट गर्नु भयो त—पुकारना गरी हजूर्को मनोरथ सिद्ध हुन्या काम केहि म पनि गरि दिउंला भनि सिद्ध अवस्तिले आग्या गर्दा भया । वहां देषिन् षड्गसिद्धिको अनुष्ठानगरि अनुष्ठान पूर्ण भयापछि श्री ५ माहाराज पृथ्वीनारयण शाहका वाहुमा एक तरवार चढाउंदा भया । यो तरवार वाहुलीमा ली भयो वा अगाडीमा लडाई भयो वा संग्रांमा जांदा मुख्य शत्रुको नाशहोला भयेन भन्या पनि हजूर्को शरिरलाई भय हवैन रक्षैहोला । तदर्थ यो तरवार साथैमा कैल्हेपनि (न) छुटाया जाला भनि विंति गऱ्या र वाहां देषिन् श्री ५ महाराज पृथ्वीनारायण शाह वाट त्यो खड्गसिद्धि गऱ्याको तरवार वाहुमा लिनु भयो । वाहांदेषिन् सिद्ध अवस्तिज्यूले केही विंति गर्दा भया हजुरर्को मनोरथ पूर्ण भयाको देष्नालाई पनि गोसांयिथानको मे(ला)लाई म आउंला पनि आग्या गर्दा भया (पृ. ६) ।"

भाषावंशावलीका लेखक ख. बुद्धिमानसिंहले श्री ५ पृथ्वीनारायण शाह वाराणसीमा नजाँदै चारधाम गरिआएका सिद्ध अवस्ती गोसाइँस्नान गरी फर्कंदा, "गोसायी स्थान यात्रीहरू वहुत दुख पाउँदा रहेछन् सदावर्तका निमित्त धैवुं मलाई दिए नेपाल अम्वल हुने जुक्ति गरी दिउंला भन्ने सन्देश श्री ५ पृथ्वीनारायण शाहलाई पठाएको कुरा लेखेर श्री ५ पृथ्वीनारायण शाह वाराणसीमा पुगेपछिको वर्णन यो गरेका छन्: "अघि नुवाकोटमा आयाका सिद्ध षोजन लागनु भयो। तेस्तै वीचमा जयमङ्गल पंडीत भेट भयो र सिद्धका कुरा चलाउनु भयो र तिसिद्ध– मैले जान्याकाछन् म मुलाकात गराउला भनी पंडितले विंति गऱ्या मुलाकात गराया सिद्धले धैवुं विर्ता माग्या माहाराजबाट कर्णिकामा संकल्प गरि धैवुं वीर्ता वक्सनु भयो। सिद्धले पनि यक तरवार 'जुनवीर' वक्सनु भयो। जहाँतक तिम्रा र तिम्रा संतानका हातमा रहला काहिलडाई पऱ्या पनि तीम्रै फत्य होला भनि तरवार वक्सनू भयो। आफुले पायाको धैवूं पनि इनै पंडीतको ब्राह्मणि सिष्य रहिछ र तैले यो धैवुंमा रामचन्द्रका मुर्ति स्थापना गर्नु नित्य नैमित्यक पुजा चलाउनु निलकंठ जान्या आउन्या जात्रुलाई षान वस्नको संह्यार गरि वाकी रह्याको तैले तेरा संतानले भोग गर्नु भनि विर्ता सपुर्द गरि दिया" (पृ. ३०३)।

यो वर्णन पढ्दा अचम्म लागेको थियो। श्री ५ पृथ्वीनारायण शाहले मुकुट पहिरेका समयमा कान्तिपुरठकुराइभित्र धैबुङ्ग पर्दथ्यो। आफ्ना अधीनमा नभएका परचक्री राजाका अधीनमा रहेका धैबुङ्गलाई गङ्गाकिनारका मणिकर्णिकाघाटमा गएर संकल्प गरिदिनु श्री ५ पृथ्वीनारायण शाहको मूर्खता हुन्थ्यो र यस्तो मूर्खता उनबाट हुन सम्भव थिएन। तर, काठमाडौंमा 'धैवुङ्गे गुरुज्यू' कहलाएका अनेक परिवार काठमाडौंका महाबौद्धटोलका घरमा रहेका थिए र संभवतः जयमङ्गलले बनाएको काठमाडौंको वासस्थल पनि यहीं थियो। ती सबै आफूलाई जयमङ्गल पण्डितका वंशधर बताउँथे; तर धैबुङ्गलाई रामचन्द्रको सदावर्तगुठी नमानेर आफ्नो कुशबिर्ता मानेर वहाँको अनाज मोहीबाट काठमाडौंसम्म बोकाएर उपयोग गर्दथे। यस कारणले यो बिर्ता श्री ५ पृथ्वीनारायण शाहले दान गरेरदिएको देखिए तापनि नुवाकोटजिल्लामा दखल पाको भएपछि दिएको अनुमान भएको थियो। रामचन्द्रको मन्दिर पनि देखियो, तर धैबुङ्गका डाँडामा नदेखिएर उत्तरपट्टिका फेदीका त्रिशूली र वेत्रावतीका दोभानमा देखियो। त्यो मूर्ति श्री ५ पृथ्वीनारायण शाहका समयभन्दा केहीपछि बनेको अनुमान गरियो। यो बिर्ता कुन समयमा श्री ५ पृथ्वीनारायण शाहले दान गरी दिएका रहेछन् भनेर जान्नका निम्ति जयमङ्गलपण्डितका वंशधर पण्डित हीरानाथसंग बुझ्दा उनले गरिदिएका लालमोहरको सक्कल वा नक्कल पनि पत्ता लाग्नसकेन। यदि सक्कल लालमोहर भेटियो र त्यसमा अवस्तीको नाम पनि देखियो भने अवस्तीलाई ऐतिहासिक व्यक्ति मान्नसकिन्छ नत्र सकिन्न।

यस्तै अवस्थामा नेपालका अंग्रेजी पढाइने स्कूलहरूमा प्रवेशिका परीक्षाका पाठ्यपुस्तकका निमित्त लेखिएका "नेपाल संस्कृत–संग्रह" मा पण्डित हरिनाथ ढुङ्गेलको "श्री ५ महाराजाधिराजस्य पृथ्वीनारायणस्य खड्गसिद्धिः" (पृ. १६९–१७२) शीर्षक लेख संस्कृतपद्यमा लेखिएर प्रकाशित

भएको देखियो। (प्रकाशकः–ने. भा. प्र.स., सम्वत् २०२०) । यसको सारांश यो छ,– 'नेपालका नुवाकोट नगिचैको धैंबुङ्गग्रामका निवासी अगस्तिगोत्रका चन्द्राकर नामक एक ब्राह्मण भए र यिनलाई यिनका पिताले गुलाबराम भनेर बोलाउने गरेका थिए। यिनी वृद्धावस्थामा काशीवास गर्नगएका बेलामा वहाँ सिद्ध–अगस्तिका नामले प्रसिद्ध भए । विक्रमसम्वत् १८०० मा चारधाम घुमेर नील-कण्ठ (गोसाइँस्थानका ?) का दर्शन गर्न र पुरानो थातका प्रेमले पनि ८४ वर्षका उमेरमा नुवाकोटमा आइपुगे । त्यहाँ सैनिकदल जम्मा भएको देखेर यिनले–'यो कसको सेना हो र कहाँ जाने हो' ? भनी सोधनी गर्दा सेनापति महेश्वरले– 'यो सेना पृथ्वीनारायण शाहको हो र नुवाकोट र नेपालमा आक्रमण गर्न आएको हो, दया गर्नु हवस्' भन्दा सिद्धज्यूले– 'रामचन्द्रका सदावर्तगुठीका निमित्त धैंबुङ्गगाउँ तिम्रा राजाले विर्ता गरिदिन्छन् भने म खड्गसिद्धि गरिदिन्छु र तिम्रा राजाको कार्यसिद्धि निश्चय हुन्छ' भने । यो सुनेर पृथ्वीनारायण शाहले–म अनुष्ठानमा छु केही दिन सिद्धलाई पर्खाऊ भन्ने उत्तर पठाउँदा 'म त्यतिञ्जेल यहाँ बस्नसक्तिन काशी जान्छु' भनेर सिद्ध काशीतिर हिंडे । यो समाचार सुनेर समय बितेछ भनी हतपत्तसँग सैन्यसहितका पृथ्वीनारायण शाह वाराणसीतिर प्रस्थान गरे । जयमङ्गल पण्डितबाट सिद्धको पत्ता लगाई उनलाई भेटेर आफ्नो इच्छा प्रकट गरे । सिद्धले पनि खड्गसिद्धिको अनुष्ठान गरेर त्यो खड्ग श्री ५ पृथ्वीनारायण शाहलाई दिए र 'यो खड्ग तिम्रा र तिम्रा सन्तानका साथमा रहेसम्म शत्रुबाट कुनै भय हुने-छैन र युद्धमा र अरू कार्यमा समेत यस खड्गले काम दिनेछ' भनेर विश्वास दिलाए । पृथ्वीनारायण शाहले पनि मणिकर्णिकामा संकल्प गरेर धैंबुङ्गगाउँ सिद्धलाई विर्ता दिए। निर्लोभी सिद्धले पनि धैंबुङ्गमा रामचन्द्रको मूर्ति स्थापना गरी रामचन्द्रको नित्य नैमित्तिकपूजा, अतिथि-हरूको सेवा र गोसाइँस्थान जाने यात्रीहरूलाई वास र भोजनको व्यवस्था गरेर बचेको तिम्रा सन्तानले खानु' भनेर आफ्नी चेली जयमङ्गलब्राह्मणकी ब्राह्मणीलाई त्यो धैंबुङ्गगाउँ नासो दिए' इत्यादि। यस लेखका हरिनाथ ढुङ्गेल देखिनाले र ढुङ्गेलहरूको अगस्तिगोत्र हुनाले यिनले ख. शेरमानसिंह, श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनीका लेखक र ख. बुद्धिमानसिंहले समेत आफ्नाआफ्ना पुस्तकपुस्तिकामा लेखेका अवस्तीलाई धैंबुङ्गमा जन्म भएका चन्द्राकर नामक ढुङ्गेल बनाई गुलाबराम भन्ने उपनाम कल्पना गरेको स्पष्ट देखिन्छ ।

धेरै वर्षपहिले गोसाइँथान जाँदा धैंबुङ्गका डाँडामा रहेको सत्तलमा एक शिलालेख देखिएको थियो । त्यो शिलालेख सरसरि पढिएको थियो र त्यसमा सत्तल बनाउने एक ब्राह्मणीका नामका साथ उनका अनेक छोराका नाम पढिएका थिए । उस समयमा इतिहासतिर रुचि नहुनाले ती ब्राह्मणीका र अरू छोराहरूको नाम याद रहेको थिएन । तर आफ्ना एक बन्धुको नाम लोकनाथ भएको र यही नाम त्यहाँ देखिएकोले याद थियो । पछि इतिहासको विषयमा खोज गर्दा जयमङ्गलका छोरा व्रजनाथ र व्रजनाथका छोरा नेपालका इतिहासमा प्रसिद्ध भएका रङ्गनाथ हुन् भन्ने ज्ञान भएको थियो । कदाचित् व्रजनाथका भाइ लोकनाथ र यिनीहरूकी आमा त्यो सत्तल बनाउने र श्री ५ पृथ्वीनारायण शाहकी कान्छी महारानी नरेन्द्रलक्ष्मीकी गुरुमा हुन् कि भन्ने लाग्यो र त्यो शिला–लेखको प्रतिलिपि झिकाइयो । त्यो शिलालेख संस्कृत-भाषामा लेखिएको रहेछ र त्यसमा कालनिर्देश गर्दा शाके १७०४ लेखिएको छ । महीनाको नाम

नदिइएको हुनाले[१] इ. सं. १७८२–८३ को देखिनआएकी छ । यस शिलालेखको सारांश यो छः–'अग्निहोत्री विद्वान् श्री जयमङ्गल भए र उनकी गौरी नामकी स्त्रीबाट राजाले पाउ पुजेका पाँच छोरा भए । तिनमा जेठा शास्त्रमा पारङ्गत भएका वृजनाथ शर्मा भए । दोस्रा विद्वान् रामचन्द्रका पाउमा चित्तवृत्ति भएका रघुनाथ शर्मा भए । तेस्रा जगन्नाथ शर्मा चौथा लोकनाथ पाँचौ हरि (नाथ) भए । गौरीले मूल बाटामा पानी राख्ने सत्तल बनाएर नारायणलाई अर्पण गरिन् । शाके १७०४ शुक्लपक्षका पञ्चमीतिथि वृहस्पतिवारका दिन सवै वटुवाका निमित्त उज्याला रामपुरमा यो पानी राख्ने सत्तलको (प्रतिष्ठा गरिन्) र यस कामले श्री नारायण प्रसन्न हउन्' । यसका आरम्भमा 'श्री रामः' लेखिएको माहिला छोरा रघुनाथ रामभक्त भएका देखिनाले यिनैले वेत्रावतीका किनारामा रामचन्द्रको मूर्ति स्थापना गरी मन्दिरसमेत बनाएर धैबुङ्गगाउँको नाम 'रामपुर' राख्ने चेष्टाको देखिन्छ । यो शिलालेख स्थापना गरेको पाँच वर्ष जत्ति पहिले वृजनाथ पण्डित बदनाम भएर मुडिएर निर्वासित भएका थिए तापनि महारानी राजेन्द्रलक्ष्मीका 'गुरुवा' भएका हुनाले वाराणसीमा सम्मान पाइरहेका थिए । यस कारणले यो शिलालेख लेखिएको समयमा गौरीको शक्ति पुरा जमिरहेको हुनाले यिनका नेपालमा रहेका अरू छोराहरू पनि राजमान्य भइरहेका साँच्चै देखिन्छन् । यस समयमा जयमङ्गल पण्डितको देहान्त भइसकेको देखिन्छ र घरका हर्ताकर्ता यिनका माहिला छोरा रामचन्द्रका उपासक रघुनाथ भएका हुनाले यिनैले वेत्रावतीका किनारमा एक सानू मन्दिर बनाएर त्यसमा रामचन्द्रको मूर्तिस्थापना गरी धैबुङ्गगाउँलाई 'रामपुर' भन्ने नयाँ नामकरण गरेको देखिन्छ । यस शिलालेखबाट धैबुङ्गगाउँ गोसाइँथानका यात्रीका निमित्त गुठी राखेको देखिन्न । केवल

---

१. यहाँ ऐ. शि. ज्यूले महीनाको नाम दिइएको छैन भनी लेख्नुभएको छ । तर मूल शिलापत्रमा महीनाको नाम दिइएको छ––

**वेदाभ्रसप्तैकमिते १७०४ सुशाके माघे सिते सर्पतिथौ सुवारे ।**
**वाचस्पतेः सर्वजनैः सुसेव्या सेयं प्रपा रामपुरे दिवीपे ।।५।।**

(प्राचीन नेपाल ३ अङ्कका ३०–३१ पृष्ठमा श्रीशङ्करमान राजवंशीद्वारा प्रकाशित)

[शाके १७०४ (वि. सं. १८३९) माघशुक्ल पञ्चमी बृहस्पतिवारमा रामपुर (धैबुङ) मा सबैलाई काम लाग्ने यो पौवा रह्यो ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ––

शाके १७०४ (वि. सं. १८३९) माघशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २७ | बृहस्पति | पञ्चमी | ३८ । | ६ |

(यो शिलालेख श्री ५ पृथ्वीनारायण शाहको उपदेशको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका ९२–९४ पृष्ठमा छापिएको छ ।)

वटुवालाई पानी खाने सत्तलसम्म बनाइदिएको देखिन्छ । यसमा सिद्धअवस्तीको वा सिद्ध अगस्तिको छायासम्म पनि पाइन्न । यस कारणले श्री ५ पृथ्वीनारायण शाहले सिद्धअवस्तीलाई गुठी राख्नभनेर धैंबुङ्गगाउँ बिर्ता दिएको देखिन्न । यतिमात्र होइन अवस्ती पनि कल्पित व्यक्ति देखिन्छन् । धैंबुङ्गका एक थरि गौरीका वंशधरहरूबाट वेत्रावतीका रामचन्द्रका पूजारीलाई सालिन्दा पन्ध्रबीस मुरी धान दिइँदैछ भन्ने कुरा पनि सुनियो । रघुनाथले आफ्ना अंशभागबाट केही जग्गा रामचन्द्रका पूजाका निमित्त छुट्याइदिएका हुनाले त्यत्ति धान पुजारीले पाउनेगरेको अनुमान हुन्छ ।

यस प्रकार जुन धैंबुङ्गगाउँ बिर्ता दिने शर्तमा सिद्धअवस्ती वा अगस्तिले खड्गसिद्धि भएको जुन वीरतरवार श्री ५ पृथ्वीनारायण शाहलाई दिएको ऐतिहासिक घटना मानिएको थियो त्यसको मूलआधार धैंबुङ्गगाउँ नै सो गुठी बिर्ता नदेखिनाले, एकै व्यक्तिको नामथात र घटनाको क्रम पनि लेखकैपिच्छे फरक हुनाले र घटनाकाल पनि अवास्तविक हुनाले यो सबै प्रपञ्च काल्पनिक हुनामा कुनै सन्देह छैन । अर्को कुरा श्री ५ पृथ्वीनारायण शाहले टेक्नेगरेको कठबाँसको लट्ठीसम्म पनि आजतक नुवाकोटमा सुरक्षित छ भने इतिहासमा प्रसिद्ध गराइएको यो तरवार पनि आजसम्म सुरक्षित देखिनुपर्दथ्यो । मैले आरम्भदेखि नै अवस्तीलाई अनैतिहासिक व्यक्ति मान्नसकेको थिइन । तर वाराणसीका कुनै लुच्चा बैरागीले श्री ५ पृथ्वीनारायण शाहलाई ठग्नाका निमित्त आफूले खड्गसिद्धि गरेको तरवार भनेर देखाई त्यसको महात्म्य समेत सुनाएका हुनाले प्रभावित भई श्री ५ पृथ्वीनारायण शाहले सो तरवार लिएका होलान् भन्ने विचार गरिरहेको थिएँ । तर, त्यो तरवार नै बेपत्ता हुनाले त्यस विचारलाई पनि त्याग गर्नुपरेकोछ ।''

तर—

**"स्वस्ति श्रीमन्नीलकंठाय नमः ॥ ॥ श्रीविक्रमार्कसंवत्सरे ग्रहेन्द्रियवसुभूमि १८५९ मिते श्रीमुखनामसंवत्सरे श्रीसूर्य उत्तरायणे ग्रोष्मर्त्तौ ज्येष्ठमासे शुक्लपक्षे दशम्यां तिथौ भृगुवासरे चित्रानक्षत्रे व्यतीपातयोगे मिथुनराशिगते सवितरि कन्याराशिगते चन्द्रमसि सिंहराशिगते सुरगुरौ दशहरा-महापर्वणि ॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनामिदं ताम्रपत्रम् ॥ ॥ श्रीमन्नीलकंठदर्शनाकांक्षिजनेभ्योऽन्नसत्रप्रवर्त्तनाय गुलालरामावसथिकयाचनाप्रमुदितेन नेपालीयभूपतिवर्गेण संलग्नसंग्रामविजिगीषुणाऽस्मत्प्रपितामहेन श्रीमत्पृथ्वीनारायणदेवेन नेपालराज्यप्राप्तिकामनया धैंबुङ्गनामको ग्रामः सकेदारः संकल्प्या ऽऽवसथिकोपनामकगुलालरामाय संप्रदत्तः. गुलालरामोऽप्यन्नसत्रप्रवर्तनाय योग्यं देवपूजकाय दत्तं च क्षेत्रमपहायाऽन्यत्सर्वं श्रीजयमंगलशर्मणे संकल्प्य दत्वाऽऽन्नसत्राधिकारं चाऽस्मै प्रददौ. तदनु कृतापराधस्य जयमंगलपुत्रव्रजनाथशर्मणः सर्वस्वहरणावसरेऽन्नसत्रविन्यस्तमपि क्षेत्रं तत्संसर्गमात्रेण सर्वं पूर्वजैरपहृतं स्थितम्. सांप्रतं तदयुक्तमिति विविच्य सकलैतत्साम्राज्यलक्ष्मीस्थिरीकरणकामनया श्रीमध्यममात्रा सुवर्णप्रभया सकेदारं धैंबुङ्गनामकग्रामं भूयः संकल्प्य प्रतिसंवत्सरं ज्येष्ठशुक्लदशम्यां श्रावणपौर्णमास्यां चाऽऽगतसकल-**

जनेभ्यः सत्रान्नमिच्छद्भ्योऽन्नदानाय तद्ग्रामसीमान्तःपतितदेवभूदेवकेदारादिकं परित्यज्य तत्सर्वं श्रीनीलकंठेश्वरप्रीतये समर्पितमस्ति. तंडुलसूपलवणघृतेन्धनादिभोजनसंभारविभागो ग्रामक्षेत्रसीमाविभागश्च भाषयाऽभिव्यक्तीक्रियते. तमाकलय्य लोभं च परित्यज्य यथोक्तप्रकारेण याचकेभ्यो वितरणीयम्. भूयो भूयो भाविभिर्नृपतिभिश्चायं धर्मः पालनीयः. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् । षष्टिवर्षसहस्राणि विष्टायां जायते कृमिरित्यलं ॥ लेष्याबमोजिमको सराजाम कत्ती नघटाई सदाबर्त चलाऊनानिमित्य संकल्प गरि गूठ राष्याको धँबुङ थुम १ को षेत १७ मुरी ९० तस्को सांध पूर्व किमारजुन्भंज्याङ र चित्तीभंज्याङ आंवचौरको पानी लुहुकिल सरस्युं रैकरको सांध र देवकोटा ब्राह्मणका बिर्ता लपस्याषोलाको छहरो हातीढूंगो महरहीत महवीर सुर्येगढीमनीको छहरो चोकदेवसंगको सांध बक्षिण गढीभंज्याङ चेहान्याडांडाको पानीढलो सातबिस्याको कुलो बांध र प्याकुन्याल ब्राह्मणका बिर्ता लुहुकिल सांध पश्चिम त्रिसुलगंगा छहऱ्यादोभान सांध ऊत्तर लाङचाको डांडो पानीढलो र देवरालीभंज्याङ आहल्याभंज्याङ रैकर लुहुकिल् राम्च्याको सांध येति चार किलाभित्रको गूठ बिर्ताबाहिक् जग्गाका ऊत्पन्यले तपसिलमाफिकको सराजाम कत्ती नघटाई गुठियारले सदाबर्त चलाऊनु. कदाचित् तेस् गुठिमा दैवागत पर्न गया गुठियारले दर्बार आई भारादारमार्फत् बिंती गरि लेष्याबमोजिमको सराजाम पुऱ्याउनु. भारादारले पनी गुठियारले बिंती गऱ्याको सुनि येस पत्रमा लेष्याबमोजिमको सराजाम कत्ती नघटाई सदाबर्त चलाईदिनु. येस गुठमा गुठियार अरु जो कोही पापात्मा लोभानि पापानि गरि सदाबर्त षंडित गर्नामा पस्ला. तस्लाई पंचमहापातष लाग्ला. श्रीनीलकंठको कुद्रिष्टि पर्ला. जो कोहि धर्मात्मा यो गुठिको रक्ष्या गरि सदाबर्त चलाऊनामा पस्ला. तस्लाई पंचमहाजग्यको पुण्य र श्रीनीलकंठको कृपा सुद्रिष्टि होला. गुठियार लोकनाथ पंडित हरि सर्मा पंडितले येस् पत्रमा लेष्याबमोजिमको सदाबर्त चलाई सेष बाँकी रह्याको षानु भनि बक्स्यौं. यो गुठ संकल्प हुँदाका साक्षी आदित्य चन्द्रादि देवता मनुष्य पनी चौतरिया श्रीरणउद्दोत् साह श्रीसमसेर साह श्रीब्रम्ह साह श्रीसेरबहादुर साह काजी श्रीरणबम्म पांडे श्रीबषत्वारसिंह श्रीअम्बरसिंह थापा श्रीनरसिंह कपर्दार श्रीभोटु पांडे सर्दार श्रीसुबुद्धि षड्का श्रीअंगद षजांचि श्रीजगन संकल्पवाक्य पढन्या प्रोहित श्रीदेवीदास अर्ज्याल पानी हालन्या काजी श्रीवषतबारसिंह सँधियार श्रीहर्ष पंथ हरी अर्ज्याल भानु पाध्या षनाल कासी पांडे बिरु बहोरा बंसबीर राना

आम्दनीको तपसील

| असामी | षेत | उपजनी धान मुरी | ताके चामल मुरी | दर पाथी | ताके रुपैया |
| --- | --- | --- | --- | --- | --- |
| ज्मा षेत | १७।९० | ६७५।०। | २७०।०। | .।९।. | ६०० |
| घिऊषानी रुपैया ४४।। मध्ये मिनहा षेत ६।१० के रुपैया १५। बाकी रुपैया | | | | | २९।। |
| ढाक्र्यासमेत प्रजाघर १८७ का षुवासमेतको आमदनी रुपैया | | | | | ६७= |
| | | | | | ६९६।।= |

तेमध्ये षर्च सदाबर्तमा चाहिन्या सराजाम

जान्या आऊन्या जात्रु जना ७१०१ जना १ के चावल माना २ का हिसाबले चावल मुरी ८८।१५।२ दर पाथी ।९।. के रुपैया १६१॥=।

जना १ के दाल माना आधा ॥ का हिसाबले दाल मुरी २२।३।६॥ दर पाथी ।७।. के रुपैया ६३।=॥

जना १ के नुन मुठि १ का हिसाबले नुन मुरी ४।८।६।१ दर पाथी ।२। के रुपैया ४४।=१

जना १ के घिऊ तोला ४ का हिसाबले घिऊ धार्नि १४७५२।॥- दर धार्नीका ॥। के रुपैया ११०।॥=।

बेसारके रुपैया चार ४

सुर्ति तमाकु अतरसमेतके रुपैया पन्ध्र १५

फलहारके

घिऊ धार्नी पचीस २५ दर धार्नीका ॥। के रुपैया १८॥

सकर धार्नी पचीस् २५ दर रुपैयाका धार्नी ३ के रुपैया ८।-।

आटा मुरी पांच ५।. दर पाथी ।१०। के रुपैया १०

दही केराके नगदी रुपैया पांच ५

कुण्डमा पठाउनाके

चिउड़ा मुरी सात ७।.।. दर पाथी ।११।. के रुपैया १२॥=

सत्तु मुरी पाच ५।.।. दर पाथी ।८।. के रुपैया १२॥

कुण्डमा महादिपका सराजाम घिऊसमेत महादिप गोटा पाच ५ के रुपैया साढे बाह्र १२॥

कुण्डमा दारुवा भारी सय १०० पुन्याऊन्याके षाना षर्च रुपैया पचीस २५

ईति सम्वत् १८५९ साल मित्ति आसिन सुदि १५ रोज शुभम्.

(कौसी तोशाखानामा रहेको यो पत्र श्री ५ पृथ्वीनारायण शाहको उपदेशको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका ९४–९९ पृष्ठमा छापिएको छ ।)

## संस्कृत भागको अनुवाद

नीलकण्ठ (गोसाइँकुण्डका महादेव)लाई नमस्कार । विक्रमसंवत् १८५९ श्रीमुखनामक संवत्सरमा सूर्य उत्तरायण भएमा ग्रीष्मऋतु ज्येष्ठशुक्ल दशमी शुक्रवार चित्रा नक्षत्र व्यतीपात योगमा सूर्य मिथुनराशिमा, चन्द्रमा कन्याराशिमा, बृहस्पति सिंहराशिमा गएमा, दशहराको ठूलो पर्वमा, स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका ठूलो इज्जत भएका श्रीमन्महाराजाधिराज सधैं लडाईंमा जित्ने श्रीश्रीश्रीगीर्वाणयुद्धविक्रमशाह बहादुर सम्सेर जङ्गदेवको यो ताम्रपत्र हो ।

गुलालराम आवसथिकले गोसाइँकुण्डमहादेवको दर्शन गर्न जाने यात्रुहरूलाई सदाबर्त गूठी राख्ने विचार गरी प्रार्थना गर्दा नेपालखाल्डाका राजाहरूसँग चलिरहेको लडाइँ जित्न चाहने हाम्रा बराज्यू श्रीपृथ्वीनारायण शाहले नेपालखाल्डोका राज्य जित्ने कामनाले धैबुङनाउँको गाउँ र त्यहाँको खेत आवसथिक उपनाम भएका गुलालरामलाई संकल्प गरेर दिनुभयो । गुलालरामले पनि पूजारीलाई दिएको खेत र सदाबर्त गूठी चलाउन योग्य खेतबाहेक अरू जम्मै खेत जयमङ्गल शर्मालाई दिए; सदाबर्त गूठी चलाउने अधिकार पनि उनैलाई दिए । त्यसपछि जयमङ्गलका छोरा व्रजनाथ शर्माले अपराध गरेका हुनाले उनको सर्वस्व हर्दा सदाबर्त गूठीको खेत पनि सर्वस्वसँगै हाम्रा पुर्खाहरूले हर्नुभयो । अहिले यो ठीक भएन भनी विचार गरी यो जम्मै राज्य स्थिर गर्ने इच्छाले माहिलामुमा सुवर्णप्रभाले धैबुङगाउँ र त्यहांको खेत फेरि संकल्प गर्नुभयो । हरेक वर्ष ज्येष्ठशुक्ल दशमी र श्रावणशुक्ल पूर्णिमामा आएका सदाबर्त खान खोज्ने सबै मानिसहरूलाई सदाबर्त दिनाको लागि त्यो गाउँको सीमाभित्र परेका देवता र बाहुनका खेतलाई छोडेर बाँकी श्रीनीलकण्ठ महादेवको प्रीतिको लागि चढाइएको छ । चामल, दाल, नून, घिउ, दाउरा आदि भोजनको फाँटवारी र गाउँ र खेतको सीमा पनि भाषाले प्रकट गरिन्छ । त्यो विचार गरेर लोभ छोडेर माथि भनेबमोजिम सदाबर्त माग्न आउनेलाई दिनुपर्छ । पछि हुने राजाहरूले पनि फेरि फेरि यो धर्म पालना गर्नुपर्छ ।

आफूले वा अरूले दिएको जग्गालाई जसले हर्ला, ६० हजार वर्षसम्म त्यो नरकमा पर्ला ।

माथि उल्लिखित दिनका पञ्चाङ्ग यस प्रकारका छन्—

वि. सं. १८५९ श्रीमुखसंवत्सर ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | ३ | शुक्र | दशमी | ५ । ९ | चित्रा | ४४ । २० | वरीयान् | १८ । २७ |

(पात्रोबाट)

यहाँ व्यतीपात योगको कुरा विचारणीय छ । यस विषयमा पछि विचार गरिनेछ ।

वि. सं. १८५९ आश्विनशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | २७ | सोम | पूर्णिमा | १७ । २२ |

(पात्रोबाट)

वि. सं. १८५९ को यो ताम्रपत्र देखिनाले गुलालराम अवस्ती ऐतिहासिक व्यक्ति देखिन्छन् । यस कारण यस विषयमा फेरि विचार होस् भनी ऐ. शि. ज्यूसंग प्रार्थना गर्दछु ।

—★—

(क्रमागत)

# प्रतिसंस्कृत सर्वानन्दकरण

–नयराज पन्त

## मध्यमाधिकार

२ *प्रक्रम*– वर्षगण ल्याउने रीति

**अस्मिन् ग्रन्थे षड्द्विनागक्षमाभि १८२६–**
**र्हीनः शाको वर्षसङ्घोऽभ्यधायि ।**
**संस्मर्तव्या शोधने बीजरीतिः**
**स्वत्वास्वत्वे वर्षसङ्घस्य बोध्ये ।।४।।**

**अन्वय–** षड्द्विनागक्षमाभिः हीनः शाकः अस्मिन् ग्रन्थे वर्षसङ्घः अभ्यधायि । शोधने बीजरीतिः संस्मर्तव्या । वर्षसङ्घस्य स्वत्वास्वत्वे बोध्ये ।

**पदार्थ–** षड्द्विनागक्षमाभिः = १८२६ ले । हीनः = घटेको । शाकः = शाके । अस्मिन् = यो । ग्रन्थे = ग्रन्थमा । वर्षसङ्घः = वर्षगण । अभ्यधायि = बताइयो । शोधने = घटाउँदा । बीजरीतिः = बीजगणितको रीति । संस्मर्तव्या = संझनुपर्छ । वर्षसङ्घस्य = वर्षगणका । स्वत्वास्वत्वे = धनत्व र ऋणत्व । बोध्ये = बुझ्नुपर्छ ।

**भावार्थ–** इष्ट शाकेबाट १८२६ घटाउनू; शेष सर्वानन्दकरणको वर्षगण हुन्छ । यहाँ घटाउँदा बीजगणितको रीतिअनुसार घटाउनुपर्छ । अर्थात् इष्ट शाके १८२६ भन्दा धेरै भएमा इष्ट शाकेबाट १८२६ घटाउनू; शेष धनात्मक वर्षगण हुन्छ । इष्ट शाके १८२६ भन्दा थोरै भएमा १८२६ बाट इष्ट शाके घटाउनू; शेष ऋणात्मक वर्षगण हुन्छ ।

### १ उदाहरण

वि. सं. १९८२ को वर्षगण ल्याउँदा

| | | | |
|---|---|---|---|
| वि. सं. | १९८२ | इष्ट शाके | १८४७ |
| | –१३५ | | –१८२६ |
| इष्ट शाके | १८४७ | वर्षगण | २१ |

पू० ९.

२ उदाहरण

वि. सं. १९३५ को वर्षगण ल्याउँदा

| | | | |
|---|---|---|---|
| वि. सं. | १९३५ | | १८२६ |
| | −१३५ | इष्ट शाके | −१८०० |
| इष्ट शाके | १८०० | वर्षगण | −२६ |

३ प्रक्रम– तिथिशुद्धि ल्याउने रीति

**इन्द्रसिद्धरसखाणुमेदिनी**
**मेदिनी११·०६२४१४हतशरद्गणं क्षिपेत् ।**
**सप्तदेवकणवह्निबाहुषु २३·३३७**
**शुद्धिरिष्टशरदः प्रजायते ।।५[1]।।**

**अन्वय–** इन्द्रसिद्धरसखाणुमेदिनीमेदिनीहतशरद्गणं सप्तदेवकणवह्निबाहुषु क्षिपेत्, इष्टशरदः शुद्धिः प्रजायते ।

**पदार्थ–** इन्द्रसिद्धरसखाणुमेदिनीमेदिनीहतशरद्गणम् = ११·०६२४१४ ले गुनिएको वर्षगणलाई, सप्तदेवकणवह्निबाहुषु = २३·३३७ मा, क्षिपेत् = जोड्नू, इष्टशरदः = इष्ट वर्षको, शुद्धिः = तिथि-शुद्धि, प्रजायते = हुन्छ ।

**भावार्थ–** इष्ट वर्षको वर्षगणलाई ११·०६२४१४ ले गुन्नू। आएको गुणनफलको पूर्णाङ्कलाई ३० ले तष्ट गर्नू (३० ले भाग लिई शेष मात्र लिनू) । ३० ले तष्ट गरिएको पूर्णाङ्कसमेत भएको दशमलव भाग वर्षगति कहाउँछ । वर्षगण धन भए २३·३३७ मा वर्षगति जोड्नू; वर्षगण ऋण भए २३·३३७ बाट वर्षगति घटाउनू; इष्ट वर्षको तिथिशुद्धि आउँछ। तिथिशुद्धिको पूर्णाङ्क ३० भन्दा बढ्ता भए त्यसलाई ३० ले तष्ट गर्नुपर्छ । विशेष कामको लागि कहिले कहीं ३०, ३१ आदि पूर्णाङ्क भएका तिथिशुद्धि पनि आवश्यक हुन्छन् ।

१ उदाहरण

वि. सं. १९८२ को तिथिशुद्धि ल्याउँदा

यस वर्षको वर्षगण २१ हो । (२ प्रक्रमको १ उदाहरण हेर्नुहोस् ।)

---

१. गोविन्द आपटेको मूल श्लोक यो हो–

**इन्द्रसिद्धरसखाणुशंकर ११·०६२४१४**
**क्षुण्णवर्षचयसंयुतोनितान् ।**
**सप्तिदेवकणवह्निदृङ २३·३३७ मिलाब्न्**
**शुद्धिमेष्यगतवार्षिकीं विदुः ।।१।।**

(सर्वानन्दकरणको १५७ पृ.)

११·०६२४१४
×२१ वर्षगण
११०६२४१४
२२१२४८२८
२३२·३१०६९४

३०)२३२(७
२१०
२२

२२·३१०६९४ वर्षगति

२२·३१०६९४
२३·३३७
४५·६४७६९४

३०) ४५ (१
३०
१५

१५·६४७६९४ तिथिशुद्धि उत्तर

## २ उदाहरण

वि. सं. १९३५ को तिथिशुद्धि ल्याउँदा

यस वर्षको वर्षगण –२६ हो । (२ प्रक्रमको २ उदाहरण हेर्नुहोस् ।)

११· ०६२४१४
×(–२६)
६६३७४४८४
२२१२४८२८
–२८७·६२२७६४

३०)२८७(९
२७०
१७

–१७·६२२७६४ वर्षगति

२३·३३७
–१७·६२२७६४
५·७१४२३६ तिथिशुद्धि उत्तर

## २ प्रश्नमाला

तलका वर्षका तिथिशुद्धि ल्याऊ—

(१) वि. सं. २०२२ । (२) वि. सं. २०२३ । (३) वि. सं. २०२४ ।
(४) वि. सं. २०२५ । (४क) वि. सं. २०१५ । (५) वि. सं. २०१२ ।
(६) वि. सं. १९७८ । (७) वि. सं. १९७९ । (८) वि. सं. १९८१ ।
(९) वि. सं. १९८२ । (१०) वि. सं. १९८५ । (११) वि. सं. १९६३ ।
(१२) वि. सं. १९४१ । (१३) वि. सं. १९५० । (१३क) वि. सं. १९५८ ।
(१४) वि. सं. १९५४ । (१५) वि. सं. १९०४ । (१६) वि. सं. १९०७ ।

| | | |
|---|---|---|
| (१७) वि. सं. १८७१ । | (१८) वि. सं. १५७८ । | (१९) वि. सं. १५७७ । |
| (२०) वि. सं. १६१३ । | (२१) वि. सं. १६५७ । | (२२) वि. सं. १६६७ । |
| (२३) वि. सं. १६६९ । | (२४) वि. सं. १६७७ । | (२५) वि. सं. १५५५ । |
| (२६) वि. सं. १७३३ । | (२७) वि. सं. १७४५ । | (२७क) वि. सं. १७६५ । |
| (२८) वि. सं. १७३८ । | (२९) वि. सं. १८७९ । | (३०) वि. सं. २०२० । |
| (३१) वि. सं. १ । | (३२) वि. सं. ० । | |

## उत्तर

| | | |
|---|---|---|
| [१] ८·१४४२५४ । | [२] १९·२०६६६८ । | [३] ०·२६९०८२ । |
| [४] ११·३३१४९६ । | [४क] २०·७०७३५६ । | [५] १७·५२०११४ । |
| [६] १·३९८०३८ । | [७] १२·४६०४५२ । | [८] ४·५८५२८० । |
| [९] १५·६४७६९४ । | [१०] १८·८३४९३६ । | [११] १५·४६१८२८ । |
| [१२] १२·०८८७२० । | [१३] २१·६५०४४६ । | [१३क] २०·१४९७५८ । |
| [१४] ५·९००१०२ । | [१५] २२·७७९४०२ । | [१६] २५·९६६६४४ । |
| [१७] १७·७१९७४० । | [१८] १६·४३२४३८ । | [१९] ५·३७००२४ । |
| [२०] १३·६१६९२८ । | [२१] २०·३६३१४४ । | [२२] १०·९८७२८४ । |
| [२३] ३·११२११२ । | [२४] १·६११४२४ । | [२५] १·९९६९१६ । |
| [२६] २१·१०६६०८ । | [२७] ३·८५५५७६ । | [२७क] १५·१०३८५६ । |
| [२८] १६·४१८६७८ । | [२९] १६·२१९०५२ । | [३०] १६·०१९४२६ । |
| [३१] १·००५५६० । | [३२] १९·९४३१४६ । | |

## उपपत्ति

चैत्रशुक्ल प्रतिपदा (संवत्सरपरेवा) देखि जति तिथिपछि वैशाख लाग्ने सङ्क्रान्ति (निरयण मेषसङ्क्रान्ति = नाक्षत्र मेषसङ्क्रान्ति) पर्छ, त्यति तिथि तिथिशुद्धि कहाउँछन् ।

१ नाक्षत्र सौर वर्ष (निरयण सौर वर्ष) मा ३७१·०६२४१४००९ तिथि हुन्छन् । (ज्योतिर्गणित ३८१ पृ. ।)

तिथि ३० भन्दा बढ्ता नलिने चलन भएको हुनाले १ नाक्षत्र सौर वर्षमा ११·०६२४१४००९ (स्वल्पान्तरले ११·०६२४१४) तिथि हुन्छन् । अर्थात् यस पालि वैशाख लाग्ने सङ्क्रान्ति (निरयण मेषसङ्क्रान्ति) जुन तिथिमा परेको हुन्छ, त्यसभन्दा ११·०६२४१४ तिथिपल्तिर त्यसभन्दा लगत्तै पछि आउने वर्षको वैशाख लाग्ने सङ्क्रान्ति परेको हुन्छ । अर्थात् यस वर्ष परेवामा वैशाख लाग्ने सङ्क्रान्ति परेको छ भने आघौं द्वादशीमा वैशाख लाग्ने सङ्क्रान्ति पर्छ । यत कारण वर्षलाई ११·०६२४१४ ले गुनी तिथ्यात्मक वर्षगति ल्याइएको हो ।

यहाँ माथि दिइएको दोस्रो उदाहरणमा वि. सं. १९३५ को तिथिशुद्धि ५·७१४२३६ आएको छ । यसको अर्थ वि. सं. १९३५ मा चैत्रशुक्ल पञ्चमीउप्रान्त षष्ठीमा वैशाख लाग्ने सङ्क्रान्ति

(निरयण मेषसङ्क्रान्ति) पर्छ भन्ने हुन्छ । तर त्यस वर्षको हाम्रो पञ्चाङ्गमा बृहस्पतिवार चैत्रशुक्ल नवमीउप्रान्त दशमीमा मेषसङ्क्रान्ति परेको छ । यस कारण सर्वानन्दकरणले दिएको तिथिशुद्धि हाम्रो पञ्चाङ्गसँग पटक्कै मिल्दैन ।

वि. सं. १९३५ (शाके १८००) को तिथिशुद्धि ९·८२ हुन्छ भनी केतकरले ज्योतिर्गणित ६४ पृष्ठमा लेखेका छन् । यस कारण वि. सं. १९३५ को मेषसङ्क्रान्ति नवमीउप्रान्त दशमीमा आउँछ भनी केतकरले बोलेको देखिन्छ । यस कारण हाम्रो पञ्चाङ्गको मेषसङ्क्रान्तिको नजीक केतकरको मेषसङ्क्रान्ति पर्न आएको देखिन्छ । यो अन्तर अयनांशको भेदबाट भएको हो ।

सर्वानन्दकरण रैवतपक्षको अनुयायी छ भनी पूर्णिमा १९ अङ्कको २५२ पृष्ठमा लेखिएको छ । रैवतपक्षको अनुसार वि. सं. १९६१ को मेषसङ्क्रान्ति चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण) अष्टमीउप्रान्त नवमीमा पर्ने हुनाले सर्वानन्दकरणमा त्यस वर्षको तिथिशुद्धि २३·३३७ दिइएको हो । हाम्रो पञ्चाङ्गमा वि. सं. १९६१ को मेषसङ्क्रान्ति वैशाखकृष्ण (अमान्तमानले चैत्रकृष्ण) द्वादशी मङ्गलवार परेको छ । रैवतपक्षको अयनांश थोरै भएको हुनाले हाम्रो पञ्चाङ्गको तथा चैत्रपक्षको सङ्क्रान्तिभन्दा रैवतपक्षको सङ्क्रान्ति अगाडि पर्न गएको हो । यस कुरालाई अयनांशप्रकरणमा खुलाएर लेखिनेछ ।

[यस निबन्धलाई तयार गर्दा मेरो साथ रही मेरो विचारअनुसार नानी महेशराज पन्त र दिनेशराज पन्तले काम गरेका छन् । भाइ रामजी तेवारी र नानी गौतमवज्र वज्राचार्यबाट पनि अलिकता काम भएको छ । सबैलाई यथोचित धन्यवाद छ ।]

(क्रमशः)

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

सम्पादक तथा अनुवादक– रामजी तेवारी

३१ प्रक्रम– बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) ल्याउने रीति

**जीवोऽशनिघ्नोऽद्रिगजांशयुक्तः साब्दद्विभूपांश इलाक्षिहीनः ॥१२॥**

**अन्वय–** अंशनिघ्नः (अब्दः) अद्रिगजांशयुक्तः (कार्यः), साब्दद्विभूपांशः (कार्यः), इलाक्षिहीनः (कार्यः), जीवः स्यात् ।

**पदार्थ–** अंशनिघ्नः = ३० ले गुनिएको । अब्दः = बर्षगण । अद्रिगजांशयुक्तः = आफ्नो ८७ भाग जोडिएको । कार्यः = गर्नू । साब्दद्विभूपांशः = वर्षगणको १६२ भाग जोडिएको । कार्यः = गर्नू । इलाक्षिहीनः = २१ अंश घटेको । कार्यः = गर्नू । जीवः = बृहस्पति । स्यात् = हुन्छन् ।

**भावार्थ–** वर्षगणलाई ३० ले गुन्नू । गुणनफल अंश हुन्छ । गुणनफललाई ८७ ले भाग लिई अंशादि लब्धि लिनू । सो अंशादि लब्धि गुणनफलमा जोड्नू । योगफल अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १६२ ले भाग लिनू । अंशादि लब्धि आउँछ । सो लब्धि अंशादि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफलबाट २१ अंश घटाउनू । शेष बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) हुन्छ ।।१२।।

## उदाहरण

वि. सं. १८७१ को बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) ल्याउँदा

यस वर्षको वर्षगण १७ हो । (१ प्रक्रमको उदाहरण हेर्नुहोस् ।) वर्षगण १७ लाई ३० ले गुन्दा गुणनफल ५१० अंश आउँछ । गुणनफल ५१० अंशलाई ८७ ले भाग लिँदा लब्धि ५ अंश ५१ कला ४३ विकला २६ प्रतिविकला ५४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ५।५१।४३।२६।५४ लाई गुणनफल ५१० अंशमा जोड्दा योगफल ५१५ अंश ५१ कला ४३ विकला २६ प्रतिविकला ५४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ५१५।५१।४३।२६।५४ प्रथमफल हुन्छ ।

वर्षगण १७ लाई १६२ ले भाग लिँदा लब्धि ० अंश ६ कला १७ विकला ४६ प्रतिविकला ४० प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ०।६।१७।४६।४० द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ५१५।५१।४३।२६।५४ र अंशादि द्वितीयफल ०।६।१७।४६।४० को योग गर्दा योगफल ५१५ अंश ५८ कला १ विकला १३ प्रतिविकला ३४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ५१५।५८।१।१३।३४ बाट २१ अंश घटाउँदा शेष ४९४ अंश ५८ कला १ विकला १३ प्रतिविकला ३४ प्रतिप्रतिविकला आउँछ। ४९४ अंशलाई ३६० ले तष्ट गर्दा १३४ आउँछ । यस कारण अंशादि १३४।५८।१।१३।३४ हुन्छ । यस कारण विक्रमसंवत् १८७१ को बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) १३४ अंश ५८ कला १ विकला १३ प्रतिविकला ३४ प्रतिप्रतिविकला हुन्छ ।

| | | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|---|
| १७ वर्षगण | ८७)५१० अंश | ( ५ | ५१ | ४३ | २६ | ५४ |

×३०
५१० अंश

२९)१७०
१४५
२५
×६०
१५००
१४५
५०
२९
२१
×६०
१२६०
११६
१००
८७
१३
×६०
७८०
५८
२००
१७४
२६
×६०
१५६०
१४५
११०

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|
| ५१० | ० | ० | ० | ० | |
| ५ | ५१ | ४३ | २६ | ५४ | |
| ५१५ | ५१ | ४३ | २६ | ५४ | प्रथमफल |

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

१६२) १७ वर्षगण ( ० । ६ । १७ । ४६ । ४० । द्वितीयफल

```
      ×६०
    -------
२७) १७                  ३)  ७
    ×१०                     ×२०
    ----                    ----
    १७०                     १४०
    १६२                     १२
    ----                    ----
      ८                      २०
    ×६०                      १८
    ----                    ----
९)  ८                        २
    ×२०                     ×६०
    ----                    ----
    १६०                 १)   २
     ९                      ×२०
    ----                    ----
     ७०                      ४०
     ६३
    ----
      ७
    ×६०
    ----
```

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

५१५ । ५१ । ४३ । २६ । ५४ । प्रथमफल

० । ६ । १७ । ४६ । ४० । द्वितीयफल

५१५ । ५८ । १ । १३ । ३४

− २१ । ० । ० । ० । ०

४९४ । ५८ । १ । १३ । ३४

३६०)४९४(१
 ३६०
 ----
 १३४

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

१३४ । ५८ । १ । १३ । ३४ । वि. सं. १८७१ को बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति)

## २३ प्रश्नमाला

तल दिइएका वर्षका बृहस्पतिका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) ल्याऊ ।

| | | |
|---|---|---|
| (१) वि. सं. २०२३ | (७) वि. सं. १८६० | (१३) वि. सं. १९६० |
| (२) वि. सं. २०२२ | (८) वि. सं. १८६१ | (१४) वि. सं. १९६१ |
| (३) वि. सं. २०२१ | (९) वि. सं. १८६७ | (१५) वि. सं. १९७० |
| (४) वि. सं. २०२० | (१०) वि. सं. १८६८ | (१६) वि. सं. १९७१ |
| (५) वि. सं. २०१९ | (११) वि. सं. १८६९ | (१७) वि. सं. १८५४ |
| (६) वि. सं. २०१८ | (१२) वि. सं. १८७० | (१८) वि. सं. १८५५ |

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | ६८ | १९ | ८ | ३९ | १३ |
| [२] | ३७ | ५८ | ५ | ३ | २७ |
| [३] | ७ | ३७ | १ | २७ | २१ |
| [४] | ३३७ | १५ | ५७ | ५१ | १६ |
| [५] | ३०६ | ५४ | ५४ | १५ | १० |
| [६] | २७६ | ३३ | ५० | ३९ | ५ |
| [७] | १६१ | ६ | २१ | ३६ | ३३ |
| [८] | १९१ | २७ | २५ | १२ | ३९ |
| [९] | १३ | ३३ | ४६ | ४९ | १२ |
| [१०] | ४३ | ५४ | ५० | २५ | १७ |
| [११] | ७४ | १५ | ५४ | १ | २३ |
| [१२] | १०४ | ३६ | ५७ | ३७ | २८ |
| [१३] | ३१६ | १२ | २१ | ४५ | ४५ |
| [१४] | ३४६ | ३३ | २५ | २१ | ५० |
| [१५] | २५९ | ४२ | ५७ | ४६ | ४० |
| [१६] | २९० | ४ | १ | २२ | ४६ |
| [१७] | ३३९ | ० | ० | ० | ० |
| [१८] | ९ | २१ | ३ | ३६ | ६ |

(क्रमशः)

०—०

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २७९ | २ | साठ्ठी | साठी |
| २७९ | ७ | साठ्ठी | साठी |
| २७९ | १४ | साठ्ठी | साठी |
| २८८ | १५ | पुजाहारी | पूजाहारी |
| २८९ | २५ | फलेग्रहीद्वारा | फलेग्रहिद्वारा |
| २९० | २६ | पारीपाटीले | परिपाटीले |
| २९१ | १७ | शुरु | शुरू |
| २९१ | २६ | पुजारी | पूजारी |
| २९२ | १७ | पाउँ | पाऔं |
| २९२ | २३ | शुरु | शुरू |
| २९३ | ६ | कुरामैं | कुरामै |
| २९३ | १४ | उठानमैं | उठानमै |
| २९३ | २८ | राख्दछौ | राख्दछौं |
| २९३ | २८ | गाउँछौ | गाउँछौं |
| ३०२ | २७ | धोकलध्र सिंह | धोकलसिंह |
| ३०८ | १३ | गरिराखेका | गरिराखेको |
| ३१३ | ९ | ल् | ल, |
| ३१३ | ९ | वेर | वेर् |
| ३१३ | ११ | कम्पनिज् | कम्पनि'ज्' |
| ३१९ | ३२ | लडइंमा | लडाईंमा |

**सूचना– यो अङ्क पनि ठीक समयमा प्रेसबाट निस्कन सकेन । अहिले वि.सं २०२६ आषाढको पहिलो हप्तामा मात्र यो अङ्क निस्क्यो ।**

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल
१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२५
माघ–फागुन–चैत

वार्षिक मूल्य– रु. ८।
( डाँकखर्च अलग )
यस अङ्कको मूल्य ३।

मुद्रक—
*जोरगणेश प्रेस प्रा० लि०*
*बालाजु औद्योगिक क्षेत्र, काठमाडौं*